सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

४ चैत २०८०, आइतबार (17 Mar 2024, Sunday) ■ नेपाल संवत् ११४४ ■ वर्ष १७ ■ अंक ३२८ ■ पृष्ठ १२ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

‘ब्रेक सु’को सुनले प्रहरीलाई ‘ब्याकफायर’



जाँचबुझ आयोगले प्रहरीले बदनियत राखेर अनुसन्धान गरेको प्रतिवेदन दिएपछि सिंगो प्रहरी संगठनकै छविमा दाग

(विस्तृत पृष्ठ ३)

राजस्व संकलन ९.६६% ले वृद्धि

चालू आवको आठ महिनामा ६ खर्ब ३९ अर्ब चार करोड ६० लाख राजस्व संकलन

(विस्तृत पृष्ठ ९)



किसानलाई आउने अनुदानको आधा रकम कर्मचारीकै तलब-भत्तामा खर्च

‘पहाडी क्षेत्र काष्ठफल तथा फलफूल विकास आयोजना’का लागि चालू आव ०८०/८१ मा प्रदेशबाट खर्च हुने गरी ससर्त विनियोजन भएको ६३ करोड ७६ लाखमध्ये किसानसम्म ३२ करोड ७४ लाख मात्रै पुग्ने

अजित अधिकारी / नयाँ पत्रिका

नेपाललाई फलफूलमा आत्मनिर्भर बनाउन दाताहरूले किसानका लागि दिएको अनुदान तथा ऋण सहयोगको ठूलो रकम कर्मचारीको तलब-भत्तामै दुरुपयोग हुन थालेको छ। गत आर्थिक वर्ष ०७९/८० देखि सुरु भएको ‘पहाडी क्षेत्र काष्ठफल तथा फलफूल विकास आयोजना’का लागि चालू आव ०८०/८१ मा प्रदेशबाट खर्च हुने गरी ससर्त विनियोजन भएको ६३ करोड ७६ लाखमध्ये ३२ करोड ७४ लाख मात्रै किसानलाई वितरण गर्ने गरी विनियोजन गरिएको हो।

बाँकी ३१ करोड दुई लाख रुपैयाँ कर्मचारी भर्ना, कार्यालय व्यवस्थापन, गाडी खरिद/मर्मतलगायतमा छुट्याइएको छ। जब कि प्रदेशमा पठाइएको ६३ करोड ७६ लाखबाहेक परियोजनाको संघीय निकाय फलफूल विकास केन्द्रले परिचालन गर्ने गरी विशेषगरी कर्मचारीकै तलब, भत्ता, खाजा, अनुगमनलगायत सुविधामा थप ५७ करोड ९८ लाख विनियोजन गरिएको छ। यही रकमबाट करिब १० करोड परामर्श खर्च छुट्याइएको स्रोतले बताये। त्यसो त आयोजना सुरु भएको पहिलो वर्ष पनि कर्मचारी भर्ना, कार्यालय व्यवस्थापन, गाडी खरिदलगायतमा ५१ करोड रुपैयाँ खर्च भएको थियो। ०८६/८७ सम्म आठ वर्ष सञ्चालन हुने परियोजनामा एसियाली विकास बैंक, संयुक्त राष्ट्रसंघमातहतको कृषि तथा खाद्य संगठन र नेपाल सरकारको समेत गरी कुल नौ करोड ३४ लाख ५० हजार डलर लगानी रहनेछ।

परियोजना प्रमुख डा. शान्ता कार्की किसानलाई ५० प्रतिशतसम्म मात्रै बजेट जाने स्विकार्छिन्। ‘कुल बजेटको ५० प्रतिशत रकम किसान तहमै जाने गरी कार्यक्रम बनाएका छौं,’ उनले भनिन्, ‘अन्य आयोजनामा जस्तै परामर्श शीर्षकमा केही ठूलो बजेट भए पनि यो आवश्यक पर्छ। राष्ट्रियस्तरका विज्ञलाई सूचीकृत गरी हामीलाई चाहिने सेवाका लागि करारमा लिएर काम गर्नेछौं। आयोजनाको कार्यान्वयनबाट फलफूल उत्पादनमा ठूलो सुधार हुने अपेक्षा राखेका छौं।’

तर, पूर्वकृषिसचिव डा. सुरोज पोखेल ५० प्रतिशत रकम पनि

» पृष्ठ ११ मा क्रमश:

■ यसरी खर्च हुँदै छ ससर्त अनुदानको ६३ करोड ७६ लाख रुपैयाँ

- गोष्ठीमै अढाई करोड खर्च
- अनुगमन भत्ताका लागि ३९ लाख
- कर्मचारीको बैठकभत्ता, चिया र खाजाका लागि सवा करोड
- परामर्शमा साढे १३ करोड
- सवारीसाधनको इन्धन र मर्मतमा ६८ लाख
- किसानको बगैंचा भ्रमण गर्न ६३ लाख भत्ता
- सरकारी फलफूल केन्द्रलाई १२ करोड अनुदान
- कार्यालय सञ्चालनदेखि अतिथि सत्कारसम्मलाई ५४ लाख
- किसानलाई ३२ करोड अनुदान



किसानलाई ५० प्रतिशतसम्म बजेट जान्छ

● **डा. शान्ता कार्की**, परियोजना प्रमुख



पहाडी क्षेत्रमा फलफूल खेती विस्तार गर्ने उद्देश्यले यो आयोजना गत वर्षदेखि सञ्चालनमा आएको छ। गत वर्ष ढिला गरी सुरु भएको परियोजनाअन्तर्गत कर्मचारी र कार्यालय व्यवस्थापनको काम मात्रै हुन सक्यो। यसपटक आयोजना कार्यान्वयनको कार्यविधि टुंग्याएर काम सुरु गर्ने योजनामा छौं। कुल बजेटको ५० प्रतिशत रकम किसान तहमै जाने गरी कार्यक्रम बनाएका छौं। अन्य आयोजनामा जस्तै परामर्श शीर्षकमा केही ठूलो बजेट भए पनि यो आवश्यक पर्छ। राष्ट्रियस्तरका विज्ञलाई सूचीकृत गरी हामीलाई चाहिने सेवाका लागि करारमा लिएर काम गर्नेछौं। आयोजनाको कार्यान्वयनबाट फलफूल उत्पादनमा ठूलो सुधार हुने अपेक्षा राखेका छौं।

आयोजनाको पैसा जताबाट आउँछ, त्यतै जान्छ

● **डा. सुरोज पोखेल**, पूर्वकृषिसचिव



कृषिका परियोजनामा अनुदानका लागि जताबाट पैसा आउँछ, त्यतै जाने गरेको छ। यो विगतदेखिकै विकृति हो। पुरानो मोडलको बेथितिले अहिलेसम्म निरन्तरता पाइरहेको छ। परियोजनाबाट लक्षित किसानले कति लाभ लिए-लिएनन् भन्ने कुराको अनुगमन नहुने, तर व्यवस्थापनका नाममा ठूलो रकम खर्चिने परिपाटीलाई सुधार्नु जरुरी छ। किसानका लागि उत्पादन क्षेत्रमा कम खर्च हुने पैसा देशले किन लिने भन्ने प्रश्न गर्ने वेला भइसक्यो। ५० प्रतिशत रकम पनि किसानले नपाउने, तर दाता र परियोजनाका कर्मचारीले ठूलो रकम भोगचलन गर्ने प्रवृत्तिलाई निरुत्साहित गर्न सरकारले यस्तो रकम स्वीकार नगर्ने प्रणालीको सुरुवात गर्नु जरुरी छ।

शुल्क नतिरेको भन्दै एसइईको तयारीमा रहेकी विद्यार्थीलाई परीक्षा दिनबाट रोकियो


वार्षिक शुल्कभन्दा साढे सात हजार बढी बुझाए पनि कक्षा १० मा अध्ययनरत सोफी शेर्पासँग थप एक लाख मागेको अभिभावकको गुनासो

टेकराज थामी / नयाँ पत्रिका

काठमाडौं महानगरपालिका- ४ धुम्बाराहीस्थित कान्तिपुर इंग्लिस हाई सेकेन्डरी स्कुलले शुल्क नतिरेको भन्दै विद्यार्थीलाई परीक्षा दिनबाट वञ्चित गरेको छ। कक्षा १० मा अध्ययनरत सोफी शेर्पालाई स्कुलले परीक्षा दिन रोक लगाएको हो।

स्कुलले बुधबारदेखि एसइई (सेकेन्डरी इजुकेसन एक्जामिनेसन)को तयारीमा रहेका विद्यार्थीको ‘फाइनल टर्मिनल’ परीक्षा लिइरहेको छ। सोफी पनि एसइई परीक्षाको तयारीमा छिन्। तर, स्कुलले

» पृष्ठ ११ मा क्रमश:





● **सोफीका बाबु कामी शेर्पा भन्छन्-**

मैले स्कुललाई उनीहरू आफैंले तयार गरेको मापदण्डभन्दा धेरै शुल्क बुझाएको छु। तर, उनीहरूले विभिन्न शीर्षकमा थप एक लाख रुपैयाँ माग गरेका छन्। थप रकम किन तिर्नु ? मैले रकम तिर्न इन्कार गरेँ। बदलामा उनीहरूले छोरीलाई एसइईको मुखमै परीक्षा दिनबाटै वञ्चित गराए। छोरालाई स्कुल प्रवेश गर्न दिएनन्। यसले मेरा स-साना छोराछोरीमा गम्भीर मानसिक असर परेको छ।

● **काठमाडौं महानगरका मेयर बालेन्द्र साहका शिक्षा विभाग सचिवालय सल्लाहकार सस्मित पोखरेल भन्छन्-**



कान्तिपुर स्कुलले शुल्क नतिरेको भन्दै विद्यार्थीलाई परीक्षा दिन र विद्यालय प्रवेशमा रोक लगाएको सूचना हामीकहाँ पनि आएको छ। स्कुलले यसअघि पनि त्यस्तै घटना गराएको जानकारीमा आएको छ। शुल्क नतिरेकै कारण विद्यार्थीलाई परीक्षा दिन र विद्यालय प्रवेशमा रोक लगाउनु ठीक होइन। यदि घटना सही हो भने कानुनी कारबाही हुन्छ।

राष्ट्रिय सभामा राष्ट्रिय सहमति

■ कांग्रेस र एमालेले बाँडे एक-एक सभापति, आज निर्वाचन



● **संघीयता सबलीकरण तथा राष्ट्रिय सरोकार समितिमा एमालेका सोनाम गेल्जेन शेर्पाको उम्मेदवारी,** माओवादीका गोपीबहादुर सार्की आछामी, एमालेकी इन्दिरादेवी गौतम र कांग्रेसकी दुर्गाकुमारी गुरुङको समर्थन



● **आर्थिक मामिला तथा सुशासन समितिमा कांग्रेसकी कमलादेवी पन्तको उम्मेदवारी,** कांग्रेसका नारायणदत्त भट्ट र एमालेकी शारदादेवी भट्टको समर्थन

नयाँ पत्रिका

आकस्मिक रूपमा बदलिएको सत्तासमीकरणसँगै राष्ट्रिय राजनीतिमा नयाँ ध्रुवीकरण देखिएकै वेला दुई संसदीय समितिको नेतृत्वका लागि प्रमुख दलहरूबीच सहमति बनेको छ। सहमतिलाई अगाडि बढाउँदै दलहरूले राष्ट्रिय सभामा रिक्त रहेका संसदीय समितिको सभापतिमा प्रतिस्पर्धा नहुने गरी भागबन्डा गरेर उम्मेदवारी दिएका छन्।

संघीयता सबलीकरण तथा राष्ट्रिय सरोकार समितिमा एमालेका सोनाम गेल्जेन शेर्पाको उम्मेदवारी परेको छ भने विकास, आर्थिक मामिला तथा सुशासन समितिमा कांग्रेसकी कमला पन्तको उम्मेदवारी परेको छ। देशमा राजनीतिक ध्रुवीकरण बढिरहेका वेला माथिल्लो सदन राष्ट्रिय सभामा दलहरू राष्ट्रिय सहमतिका अगाडि बढेका हुन्।

शेर्पालाई माओवादीका गोपीबहादुर सार्की आछामी, एमालेकी इन्दिरादेवी गौतम र कांग्रेसकी दुर्गाकुमारी गुरुङले समर्थन गरेका छन्। पन्तलाई कांग्रेसका नारायणदत्त भट्ट र एमालेकी शारदादेवी भट्टले समर्थन गरेका छन्। जब कि यतिवेला प्रमुख प्रतिपक्षी कांग्रेसले तल्लो सदन प्रतिनिधिसभा अवरुद्ध गरेको छ।

» पृष्ठ ११ मा क्रमश:



लक्ष्मी सन्राइज बैंक लिमिटेडको १० वर्ष देखि शुन्य मौज्दात रही कारोबार नभएका खातावालाहरुलाई खाता सुचारु गर्ने सम्बन्धि सूचना

नेपाल राष्ट्र बैंकबाट जारी एकीकृत निर्देशन, २०८० को ई.प्रा. निर्देशन नं. १६ को बुंदा नं. ३ (३) मा भएको व्यवस्था बमोजिम यस बैंकमा १० वर्ष देखि शुन्य मौज्दात रही कारोबार नभएका खाताहरुको विवरण यस बैंकको वेभसाइट www.laxmisunrise.com मा राखीएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि अनुरोध गर्दै त्यस्ता खाताहरु सक्रिय गरी कारोबार गर्नुहुन यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र सम्पर्क गर्नुहुन अनुरोध गर्दछौं । सो समय अवधि भित्र आफ्नो खाता सक्रिय नगर्नु भएका ग्राहक महानुभावहरुको खाता बन्द गरिने व्यहोरा यसै सूचना मार्फत जानकारी गराउँदछौं ।

लक्ष्मी सन्राइज बैंक लिमिटेड
Laxmi Sunrise Bank Limited

लक्ष्मी कम्प्लेक्स, हातीसार, काठमाडौं
फोन नं.: ४५४४६८४/८५
Email: info@laxmisunrise.com
URL: www.laxmisunrise.com

standard chartered

स्ट्याण्डर्ड चार्टर्ड बैंक नेपाल लिमिटेड धरान शाखाका ग्राहक महानुभावहरूमा शाखा स्थानान्तरण सम्बन्धी जरूरी सूचना

आगामी २५ चैत्र, २०८०, आइतबार (७ अप्रिल, २०२४) का दिन देखि यस बैंकको धरान शाखा हाल रहेको स्थानबाट मुकुम्लुङ्ग कम्प्लेक्स, रमाइलो चोक, धरान-१०, सुनसरीमा सर्ने भएकोले यस शाखाका सम्पूर्ण ग्राहक एवं अन्य सरोकारवाला महानुभावहरूलाई सो कुराको जानकारी गराउँदछौं । यस बैंकको स्थानान्तरीत धरान शाखाको नयाँ ठेगाना निम्न बमोजिम रहने छ ।

स्ट्याण्डर्ड चार्टर्ड बैंक नेपाल लिमिटेड
मुकुम्लुङ्ग कम्प्लेक्स
रमाइलो चोक, धरान-१०, सुनसरी

तसर्थ हाल यस शाखाबाट भईरहेका बैंकिङ्ग कारोबार र अन्य विविध बैंकिङ्ग सुविधा उपयोग गरिरहनु भएका सम्पूर्ण ग्राहक महानुभावहरूलाई उक्त सेवा सुविधाहरू आगामी २५ चैत्र, २०८०, आइतबार (७ अप्रिल, २०२४) बाट मुकुम्लुङ्ग कम्प्लेक्स, रमाइलो चोक, धरान-१०, सुनसरी शाखा मार्फत उपलब्ध गराइने व्यहोरा पनि यसै सूचना मार्फत जानकारी गराउँदछौं ।

विस्तृत जानकारीको लागी:
• धरान शाखा: +९७७ १ ५९७०८८१
• ग्राहक सेवा केन्द्र: +९७७ १ ४७९१८००/५४२४१९८

स्ट्याण्डर्ड चार्टर्ड बैंक नेपाल लिमिटेड

रैथाने नाम र विशेषता खोज्दै उपत्यकाका स्थानीय तह

- काठमाडौं र ललितपुर महानगरपालिका मौलिक तथा प्राचीन नाम संरक्षण गर्ने अभियानमा
- तीन वर्षको अवधिमा महानगरपालिकाभित्र रहेका सबै स्थानको नाम रैथाने तथा प्राचीन राखिने
- धार्मिक, सांस्कृतिक र ऐतिहासिक महत्त्व भएका टोल, बस्ती, मठमन्दिर, बहाल, वही, धारा, सत्तल, पाटीहरूको प्राचीन नाम खोजी हुँदै

शिवहरि घिमिरे/नयाँ पत्रिका

उपत्यकाका स्थानीय तहहरू आ-आफ्नो क्षेत्रभित्र पर्ने स्थानको मौलिक तथा प्राचीन नामको खोजीमा लागेका छन् । काठमाडौं र ललितपुर महानगरपालिका, मध्यपुर थिमि नगरपालिका, भक्तपुर नगरपलिकालगायतले पुरानै नाम प्रयोगमा ल्याउन नाम र ठाउँको विशेषताको खोजी गर्न थालेका हुन् ।

उत्यकाका अधिकांश स्थानको नाम यहाँका संस्कृति, सम्पदा, मौलिकता र नेवार समुदायसँग जोडिएको पाइन्छ । तर, समयक्रमसँगै यहाँका मौलिक नाम लोप हुने क्रममा छन् । तिनै रैथाने र पुराना नामको खोजीमा स्थानीय तह लागेका हुन् । पहिले कुनै ठाउँ, समुदाय, स्थानलगायत विशेषताका आधारमा उपत्यकाका अधिकांश ठाउँको नामकरण भएको पाइन्छ । तर, आधुनिकताका नाममा मौलिक नाम हटाउन थालिएको भन्दै स्थानीय तहहरू मौलिक नामको खोजी र जर्गेनामा लागेका हुन् ।

एक वर्षअघि ललितपुरको झक्सीखेलको नाम मेटिने अवस्थामा थियो । स्थानीय होटेल व्यवसायीले उक्त ठाउँको नाम झमेल राखेका थिए । काठमाडौंमा 'ठमेल' भनिएजस्तै स्थानीयले यहाँको नाम फेरेर झमेल राख्न खोजेका थिए । तर, प्राचीन तथा मौलिक नाम मेटिन ललितपुर महानगरपालिकाले दिएन । टोलको नाम परिवर्तन गर्न थालेका स्थानीयलाई महानगरले पुरानो नाम नहटाउन निर्देशन दियो । हाल ललितपुर महानगरपालिकाले महानगरभित्र रहेको विभिन्न स्थानमा नाम र तीनको विशेषताबारे खोजी गरिरहेको महानगरपालिकाका प्रवक्ता राजु महर्जनले जानकारी दिए ।

- संस्कृतिविद्, पुरातत्त्वविद्, भाषाविद् तथा इतिहासविद्को सहयोग लिँदै

काठमाडौं महानगरपालिका पनि मौलिक तथा प्राचीन नाम संरक्षण गर्ने अभियानमा छ । महानगरले तीन वर्षको अवधिमा महानगरपालिकाभित्र रहेका सबै स्थानको नाम रैथाने तथा प्राचीन राखिने गरी अध्ययनसमेत थालेको छ । महानगरपालिकाले धार्मिक, सांस्कृतिक र ऐतिहासिक महत्त्व भएका टोल, बस्ती, मठ, मन्दिर, बहाल, वही, धारा, सत्तल, पाटीहरूको अध्ययन गरिरहेको छ भने केही स्थानको प्राचीन नाम खोज्न संस्कृतिविद्, पुरातत्त्वविद्, भाषाविद् तथा इतिहासविद्हरूसँग सहयोग लिएको छ । हालसम्म महानगरपालिकाले पाँचवटा वडाभित्र रहेको स्थानहरूको प्राचीन नामबारे तथ्य संकलन गरिसकेको छ ।

महानगरको अध्ययनअनुसार वडा नं ५ मा पर्ने हाँडीगाउँको प्राचीन नाम नरः हो । वडा नं ६ मा पर्ने बौद्धको प्राचीन नाम खस्योरः/खास्ती हो भने ७ मा पर्ने चाबहिलको प्राचीन नाम चावहीः हो । वडा नं १८ मा पर्ने नरदेवीको प्राचीन नाम डेतः हो । त्यस्तै वडा नं २४ मा पर्ने मखनको प्राचीन नाम मखं हो भने त्यस वडाभित्र रहेका स्थानहरूको नाम पनि महानगरपालिकाले खोजी गरेको छ ।

महानगरका अधिकांश स्थानको नाम नेवार भाषा, समुदाय तथा स्थानको विशेषतासँग जोडिएको छ । महानगरले हाँडीगाउँ क्षेत्रमा रहेका ५२ वटा स्थानहरूको प्राचीन नाम खोजिसकेको छ । त्यस्तै, बौद्ध क्षेत्रमा रहेका ५० वटा स्थानको नामको अर्थ पनि खोजिएको छ । चावहीः (चाबहिल) क्षेत्रमा ७१ वटा स्थानका प्राचीन नाम भेटिएका छन् भने डेत (नरदेवी) मा ३६ वटा नाम खोजी भएको छ । महानगरपालिकाका सम्पदा तथा पर्यटन समितिका संयोजक आशामान संगतका अनुसार सांस्कृतिक सहरको नाम मेटिने गरी ठाउँको नयाँ नामकरण भएपछि पुरानै नाम खोजी गरिएको हो ।

महानगरपालिकाको सम्पदा तथा पर्यटन विभागले एकीकृत सहरी विकास केन्द्र (सिआइयुडी) सँगको सहकार्यका विभिन्न स्थानको प्राचीन नामबारे अध्ययन गरेको हो । नाम खोजी गर्दा लिखित अभिलेख, शिलालेख, सरकारी कागजात (जग्गा नामसारी वा पास गर्दा वा चार किल्ला प्रमाणित गर्दाको नाम), संस्कृतिविद्, इतिहासविद्, पुरातत्त्वविद्, स्थानीय पाका मानिस, जनप्रतिनिधिको सहायता लिइएको छ । महानगरको टोलीले अध्ययन गर्दा ठाउँहरूको मौलिक नाम ७० वर्ष उमेरमाथिका व्यक्तिहरूले मात्र उच्चारण गर्ने गरेको भेटिएको छ । तर, पछिल्लो पुस्ताले पुरानो नाम र विशेषता भुल्दै आएको अध्ययनले देखाएको छ ।

अध्ययनअनुसार वडा नं १८ मा पर्ने नरदेवीका रूपमा प्रयोग गरिने नामलाई रैथाने मूलवासीहरू अहिले पनि डेतत्वाः भन्छन् । तर, यो स्थानको मौलिक नाम भने इततोल हो । यो शब्द व्युत्पत्ति भएर इत भएको बताइन्छ । धेरै ठाउँहरूको नाम अपभ्रंश हुने क्रमले मौलिक नामको स्वरूप परिवर्तन भएको भाषाविद् शरदवीर कसाःले बताए । उनका अनुसार वडा नं ५ को अहिले कोटाल टोलको परिवर्तित नाम क्वेत्वाल हो । यसबाट क्वेतोल भयो र त्यसपछि कोटोल, कोटाल हुँदै कोटाल टोल बन्न पुगेको हो । अध्ययनका क्रममा केही नाम नेपालीकरण र अंग्रेजीकरण पनि भएको पनि पाइएको छ । न्हु सतकबाट 'न्युरोड' भएको छ । महानगरपालिकाले नामलाई पुनरुत्थान गर्दा रञ्जना लिपि, देवनागरिक लिपि र अंग्रेजी भाषा नामपाटी पनि राख्नेछ । नाम अनुसन्धानकर्ता आर्किटेक्ट अस्मिता श्रेष्ठले नेवार समुदायका महिलाले प्रयोग गर्ने परम्परागत पोसाक हाकुपटासीमा भएको रातो र कालो रङको पृष्ठभूमिमा 'नामपाटी' (नेम प्लेट) राखिने बताइन् ।

सांस्कृतिक सहरको पहिचान संरक्षण हुनेछ



● **आशामान संगत**, संयोजक, सम्पदा तथा पर्यटन समिति, काठमाडौं महानगर

यहाँको सांस्कृतिक, ऐतिहासिक र पुरातात्त्विक पहिचान मेटिँदै गयो । सांस्कृतिक सहरको नाम मेटिने गरी ठाउँको नयाँ नामकरण भएपछि पुरानै नाम खोजी गरिएको हो । प्राचीन नामले सांस्कृतिक सहरको मर्म ग्रहण गर्छन्, पहिचान संरक्षण हुन्छ ।

नबिल बैंक लिमिटेड, केन्द्रीय कार्यालय, कर्जा असुली विभाग, बिजुलीबजार काठमाडौंको गैह्र बैंकिङ सम्पत्ति लिलाम बिक्री सम्बन्धी सूचना

(प्रकाशित मिति : २०८०/१२/०४)

यस बैंकको आफ्नो स्वामित्वमा रहेको तपसिलमा उल्लेखित **गैह्र बैंकिङ सम्पत्ति** जे जस्तो अवस्थामा छ सोही अवस्थामा बोलपत्रमार्फत बिक्रीगरिने हुँदा सो सम्पत्ति खरिद गर्न इच्छुक व्यक्ति/फर्म/कम्पनी/संस्थाबाट निम्न लिखित शर्तहरुको अधिनमा रही आफूले के कति मूल्य तिरि लिन चाहेको हो सो मूल्य खोली यो सूचना प्रकाशित भएको मितिले **१५ दिनभित्र** यस **बैंकको केन्द्रीय कार्यालय, कर्जा असुली विभाग, बिजुलीबजार, काठमाडौं**मा शीलबन्दी बोलपत्र पेश गर्न हुन यो सूचना प्रकाशित आव्हान गरिएको छ ।

तपसिल

यस बैंकको नाममा दर्ता कायम रहेको गैह्र बैंकिङ सम्पत्तिको विवरण

क्र.सं.	जिल्ला	न.पा/गा.वि.स.	वडा नं.	कित्ता नं.	क्षेत्रफल
१.	ललितपुर	ठैब गा.वि.स.	७क	५६	१-०-०-० रोपनी
२.	ललितपुर	ठैब गा.वि.स.	७क	४७६	०-४-०-० रोपनी
३.	ललितपुर	हरिसिद्धि गा.वि.स.	५क	२३, १०७ र १२३	क्रमशः १-९-०-०, १-४-३-० र ०-६-१-० रोपनी
४	काठमाडौं	काठमाडौं महानगरपालिका	१४	५०	३१२.५० वर्ग मिटर (घर समेत)
५.	झापा	गरामनी गा.वि.स.	७क	१०९६	०-१०-० विगाहा (३३८६.३० वर्ग मिटर)
६.	नुवाकोट	कल्यानपुर गा.वि.स.	०१	२९,३०,३४ र १००६	क्रमशः ८-१४-०-० रोपनी (४५१४.९८ वर्ग मिटर), ४-१२-३-० रोपनी (२४४०.२९ वर्ग मिटर), १-१०-१-० रोपनी (८३४.५९ वर्ग मिटर) र ०-०-३-२ रोपनी (२७.८३ वर्ग मिटर)
७.	नुवाकोट	त्रिशुली गा.वि.स.	०१	१४४० र १५५३	क्रमशः ०-३-१-३ रोपनी (१०९.२९ वर्ग मिटर) र ०-५-३-० रोपनी (१८२.८० वर्ग मिटर)
८.	नवलपरासी (वर्दघाट सुस्ता पूर्व)	प्रगतिनगर गा.वि.स.	३ग	९७९, ९५३, ९७५ र ९७७	क्रमशः ०-४-१३-०, ०-२-१८-०, ०-१-१५.५-० र ०-१-४-० विगाहा
९.	धनुषा	सुगामधुरी गा.वि.स.	३	५४५	०-७-१०.७५-० विगाहा
१०.	धनुषा	यज्ञभुमी गा.वि.स.	५ख	८९७	०-३-२-८.५ विगाहा (१०५८.७८ वर्ग मिटर)
११.	सिराहा	लभटोली गा.वि.स.	५ख	३००, ३१८६ र ३१८७	क्रमशः ०-०-६-०, ०-०-१७-०, र ०-०-६-० विगाहा
१२.	धनुषा	जनकपुर न.पा.	०१	६५	०-०-१५-१ विगाहा (घर समेत)
१३.	सप्तरी	राजविराज न.पा.	८	९२/२	०-०-८¼ विटौरी
१४.	बारा	निजगढ गा.वि.स.	५	३३९, ४२३ र ८७०	क्रमशः ०-४-१०-०, ०-१७-१५-० र ०-०-१५.७५-० विगाहा
१५.	मोरङ	बयरवन गा.वि.स.	६घ	३५२	०-५-१५-० विगाहा
१६.	झापा	शिवगंज गा.वि.स.	७ङ	१०४६०	०-०-१०-० विगाहा (घर समेत)
१७.	सुनसरी	खनार गा.वि.स.	५क	७९९ र ९६९	क्रमशः ०-३-५-० र ०-१-५-० विगाहा (घर समेत)
१८.	भोजपुर	भोजपुर न.पा.	७	१८११	०-५-३-० रोपनी
१९.	भोजपुर	भोजपुर न.पा.	६	३३१	१-१५-३-० रोपनी
२०.	भोजपुर	भोजपुर न.पा.	३	१८३, २६६ र २६७	क्रमशः२-६-२-०, ४-११-०-३ र ९-१०-३-० रोपनी
२१.	पर्सा	मधुवन मथौल गा.वि.स.	१	४१४	२-२-१५-० विगाहा
२२.	पर्सा	मधुवन मथौल गा.वि.स.	२	८०	५-१६-०-० विगाहा
२३.	पर्सा	मधुवन मथौल गा.वि.स.	२	६४३ र ६४४	क्रमशः ०-३-१०-० र १-८-२-१२ विगाहा (घर समेत)
२४.	दार्चुला	खलंगा गा.वि.स.	५	३४५	०-४-१-२ रोपनी (घर समेत)
२५.	दार्चुला	खलंगा गा.वि.स.	५	१११९	०-५-०-० रोपनी (घर समेत)
२६.	काठमाडौं	गोठाटार गा.वि.स.	८	३५२, ३५४ र ३८३	१०९.५८, १.६८ र २१५.८ वर्ग मिटर (घर समेत)
२७.	सुनसरी	धरान उ.म.न.पा.	८	८२०	०-०-१५-० विगाहा (२५३.९४ वर्ग मिटर) (घर समेत)
२८.	सुनसरी	धरान उ.म.न.पा.	८	१९२६, १९६३ र १९६५	क्रमशः ०-०-४-०, ०-०-०.२५-० र ०-०-०.७५-० विगाहा (घर समेत)
२९.	मोरङ्ग	बयरवन गा.वि.स.	९ष	१०४ र ६६८	०-११-०-० र ०-१६-०-० विगाहा
३०.	काभ्रे	पलाञ्चोक	नासिका स्थान साँगा गा.वि.स.	६	११८१	०-६-१-० रोपनी (१९८.६९ वर्ग मिटर) (घर समेत)
३१.	रसुवा	लहरेपौवा गा.वि.स.	८	१२९२, ११८८, १२३७ र १२४३	क्रमशः २-१५-२-३, २-१०-०-०, ०-६-१-० र ०-५-३-० रोपनी
३२.	पर्सा	विरगंज उ.म.न.पा.	११	२०५	५८.५० वर्ग मिटर (घर समेत)
३३.	पर्सा	इनरुवाभाठा गा.वि.स.	१	३६९	०-५-०-० विगाहा
३४.	पर्सा	इनरुवाभाठा गा.वि.स.	१	५११ र ५१२	क्रमशः ०-२-०-० र ०-३-०-० विगाहा
३५.	दोलखा	चरिकोट गा.वि.स.	२	४५९५ र ४६६०	क्रमशः १२६ र ७०० वर्ग मिटर
३६.	दोलखा	चरिकोट गा.वि.स.	२	१२११, ६०३ र १५९	५४९५, १३०० र १४६० वर्ग मिटर
३७.	बाँके	बाघेधरी गा.वि.स.	५	२१७ र २८९	५१५ र ५६० वर्ग मिटर
३८.	मकवानपुर	पदमपोखरी गा.वि.स.	९	२७३७	०-७-१६ विगाहा
३९.	झापा	चन्द्रगढी गा.वि.स.	५	१६५० र २०९१	क्रमशः ०-५-१८-० र ०-२-१६-० विगाहा
४०.	झापा	गैरादह गा.वि.स.	१	२५२३ र २५२५	क्रमशः ३४९६.३८ र ६८६३ वर्ग मिटर
४१.	मोरङ	लखान्तरी गा.वि.स.	२	४३, २२७, ४२ र १३८	क्रमशः १००.००, १३७१.३५, १४७०.०० र ९५५ वर्ग मिटर (घर समेत)

शर्तहरु :

१. बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्र फाराम नबिल बैंक लिमिटेडको **कर्जा असुलीविभाग, बिजुलीबजार, काठमाडौं**बाट कार्यालय समय भित्र खरिद/प्राप्त गर्न सकिनेछ ।
२. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र अर्थात **मिति २०८०/१२/१८ गते आईतवार** ५:०० बजे (बैकिङ्ग समय)भित्र यस बैंकको **कर्जा असुली विभाग, बिजुलीबजार, काठमाडौं**मा बुझाई सक्नु पर्नेछ ।
३. प्राप्तबोलपत्रहरु मिति **मिति २०८०/१२/१९ गते सोमबार** दिनको ३:०० बजे बैंकको **केन्द्रीय कार्यालय, कर्जा असुली विभाग, बिजुलीबजार, काठमाडौं**मा बोलपत्रदाता र/वा निजका प्रतिनिधि र/वा सरकारी निकायका प्रतिनिधिहरुको रोहबरमा खोलिनेछ । तर बोलपत्रदाता वा निजको प्रतिनिधीको उपस्थिति नहुँदैमा बोलपत्र खोल्न कुनै बाधा पुग्ने छैन ।
४. बोलपत्र बुझाउने अन्तीम दिन बैंक बिदा भएमा बिदाको लगत्तै बैंक खुलेको दिनमा समेत उक्तदिनको ३:०० बजे (बैकिङ्ग समय) भित्र तोकिएको स्थानमा बोलपत्र बुझाउन सकिनेछ । त्यस्तै बोलपत्र खोल्ने दिन बैंक बिदा भएमा बिदाको लगत्तै बैंक खुलेको दिन दिउसो ५:०० बजे बोलपत्र खोलिनेछ ।
५. लिलामगर्न लागिएको सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा खरीद गरिलिने गरी बोलपत्र पेश गर्नु पर्नेछ । एक भन्दा बढी सम्पत्तिविक्रीको हकमा बोलपत्र पेश गर्दा कुनकुन सम्पत्तिको लागि के कति बोलकबुल गर्न खोजिएको हो स्पष्ट खुलाई पेश गर्नुपर्नेछ । बैकले सबै वा कुनै वा आंशिक रुपमा समेत स्वीकार गर्न सक्नेछ, यस सम्बन्धी अन्तीम निर्णय गर्ने अधिकार बैंकमा निहित रहनेछ ।
६. बोलपत्रमा आफुले सकार गरी लिन चाहेको सम्पत्ति के कति रकममा खरीद गरी लिन चाहेको हो सो को अंक तथा अक्षरमा स्पष्टसँग लेखिएको हुनु पर्नेछ र आफुले कबोल गरेको रकमको कम्तिमा १० प्रतिशतले हुन आउने रकम धरौटी बापत यस बैंकको जुन सुकै शाखामा रकम जम्मा गरी सो को सक्कल भौचर र/वा अन्य बैंक वित्तीय संस्थाको ड्राफ्ट/गुड फर पेमेन्ट चेक/ मेनेजर/बैकर्स चेक समेत बोलपत्र साथ समावेश गरी पेश गर्न सकिने छ । धरौटी स्वरुप जम्मा गरिएको रकममा ब्याज दिईने छैन ।
७. बोलपत्रदाताको बोलपत्र स्वीकृत भएमा सो को जानकारी सम्बन्धित बोलपत्रदातालाई बोलपत्रमा उल्लेखित ठेगानामा लिखित रुपमा पठाईनेछ । स्वीकृत बोलपत्रदाताले बैंकको सूचना पाएको मितिले १५(पन्ध्र) दिन भित्र कबोल गरेको सम्पूर्ण रकम नगदै जम्मा गर्नु पर्नेछ । साथै, उक्त समय भित्र कबुल गरेको रकम दाखिला नगरेमा धरौटी बापत राखिएको रकम बैंकले जफतगर्न सक्नेछ ।
८. सम्पत्तिका स्वामित्व हस्तान्तरण गर्दा सरकारी कार्यालयमा लाग्ने सम्पूर्ण शुल्क/दस्तुर सकार गरी लिने व्यक्ति/फर्म/कम्पनी/संस्था स्वयंले तिर्नु बुझाउनु पर्नेछ ।
९. कुनै अड्डा, अदालतबाट लिलाम सम्बन्धीकार्य रोक्का वा बदर गर्ने आदेश भएमा लिलाम रोक्का वा बदर हुनेछ । त्यस्तो अवस्थामा बोलपत्रदाताले धरौटी बापत जम्मा गरेको रकम सम्बन्धित व्यक्तिलाई फिर्ता दिईनेछ । तर सो मा कुनै ब्याज प्रदान गरिने छैन ।
१०. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ । रीत नपुऱ्याई दर्ता हुन आएको बोलपत्रउपर कुनै कारवाही हुने छैन ।
११. इच्छुक व्यक्ति/फर्म/संस्थाले बैंकको कर्जा असुली विभागमा सम्पर्क गरी बोलपत्र फारम लिन सक्नुहुनेछ ।
१२. लिलालविक्री गरिने सम्पत्तिको बारेमा थप जानकारी आवश्यक परेमा यस बैंकको केन्द्री यकार्यालय, **कर्जा असुली विभाग, बिजुलीबजार, काठमाडौं**मा कार्यालय समय भित्र सम्पर्क गरी बुझ्न सकिनेछ ।

NABIL BANK®
प्रधान कार्यालय, दरबारमार्ग, काठमाडौं फोन नं. ४२२७१८१

मैनाली समाजद्वारा पूर्वन्यायाधीश र समाजसेवी सम्मानित



काठमाडौं/ मैनाली समाज नेपालले देशमा महत्त्वपूर्ण योगदान दिएका व्यक्तिलाई सम्मान गरेको छ । शनिबार काठमाडौंमा आयोजित कार्यक्रममा न्याय क्षेत्रबाट पूर्वन्यायाधीश तपबहादुर मगर तथा समाज सेवाको क्षेत्रमा उत्कृष्ट काम गरेकोमा विशेष स्कुल तथा पुनर्स्थापना केन्द्रकी संस्थापक सविता उप्रेतीलाई खिलमिका लक्ष्मी मैनाली पुरस्कार प्रदान गरिएको छ ।

यस्तै, यही वर्षबाट स्थापना गरिएको रमा-हरिप्रिया मैनाली स्मृति पुरस्कार स्नेही काख संस्थाकी संस्थापक श्रीनेहा पोखरेललाई प्रदान गरियो । लोक सेवा आयोगका पूर्वअध्यक्ष उमेश मैनालीले दिवंगत श्रीमतीको स्मृतिमा २७ लाख रुपैयाँको कोष स्थापना गरी पुरस्कार स्थापना गरेका हुन् । जसमा समाजसेवामा उत्कृष्ट काम गर्ने र उनको पुख्यौंली थलो काभ्रेको कानपुरस्थित दुई विद्यालयका विपन्न छात्रालाई उक्त कोषबाट हरेक वर्ष पुरस्कार तथा सहयोग गर्ने जानकारी गराइएको छ । कार्यक्रममा काशी मैनाली शिक्षा पुरस्कार, भीमालक्ष्मी मीन मैनाली पुरस्कार पनि प्रदान गरिएको छ । मैनाली समाजले सूचना आयोगका आयुक्त रत्नप्रसाद मैनाली, अर्थविद् डा. सिद्धार्थ मैनाली र जादुगर सुरज मैनालीलाई पनि सम्मान गरेको छ । सर्वोच्च अदालतका प्रधानन्यायाधीश विश्वम्भरप्रसाद श्रेष्ठले पुरस्कार प्रदान गरेका हुन् । समाजमा उत्कृष्ट काम गर्नेलाई प्रोत्साहित गर्न मैनाली समाजले हरेक वर्ष न्याय र समाज सेवा क्षेत्रका व्यक्तिलाई सम्मान गर्दै आएको समाजका अध्यक्ष शम्भु मैनालीले बताए ।

लापसे गरी सवारी चलाउने एम्बुलेन्सचालकसहित चार पक्राउ

काठमाडौं/ लागुपदार्थ सेवन गरी सवारी चलाउने एम्बुलेन्सचालकसहित चारजना पक्राउ परेका छन् । ट्राफिक प्रहरीले शुक्रबार काठमाडौंको नागढुंगाबाट उनीहरूलाई पक्राउ गरेको हो । ट्राफिक प्रहरीले बा.३च ८८२ नम्बरका एम्बुलेन्सचालक दोलखाको कालिन्चोक गाउँपालिका-३ का २५ वर्षीय सागर दर्जी, प्रदेश १-०१-००१ ख ४३४० नम्बरका बसका चालक सुनसरी-धरान उपमहानगरपालिका-१५ का ४३ वर्षीय भोला चिमरिया, बागमती प्रदेश ०३ ००१ ख १९ ९५ नम्बरका ट्रकचालक काभ्रेपलाञ्चोक रोशी गाउँपालिका-१० का २४ वर्षीय प्रवीण ठकुरी र ना.७ख ९५ ८२ नम्बरका ट्रकचालक मकवानपुरको थाहा नगरपालिका-१० का २५ वर्षीय नीलकण्ठ थापालाई ट्राफिक प्रहरीले नियन्त्रणमा लिएको हो ।

नेपाल प्रहरी अस्पतालको प्राविधिक सहयोगमा काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालय, लागुऔषध नियन्त्रण ब्युरो र प्रहरी प्रभाग नागढुंगाको संयुक्त टोलीले उनीहरूको चेकजाँच गरेको हो । जसमा लागुपदार्थ सेवन गरी सवारीसाधन चलाइरहेको अवस्थामा फेला परेका थिए । उनीहरूलाई आवश्यक अनुसन्धान तथा कारबाहीका लागि प्रहरी वृत्त थानकोट पठाइएको ट्राफिक प्रहरी कार्यालयले जनाएको छ । बिरामी बोक्ने एम्बुलेन्स तथा यात्रु बोक्नेजस्तो संवेदनशील सवारीसाधन चलाउने चालकले नै लागुपदार्थ सेवन गरी सवारीसाधन चलाउनु दण्डनीय कार्य भएको काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालयका प्रवक्ता प्रहरी वरिष्ठ उपरीक्षक जीवनकुमार श्रेष्ठ बताउँछन् । यसरी सवारीसाधन चलाउँदा चालकको मात्र नभई यात्रुहरूको जीवनसमेत जोखिममा पर्ने भएकाले आफू सवार सवारीसाधनका चालकले लागुपदार्थ तथा मादक पदार्थ सेवन गरेको शंका लागेमा तत्काल प्रहरी कार्यालय, ट्राफिक कन्ट्रोल रुमको हटलाइन नम्बर १०३ र प्रहरीको हटलाइन नम्बर १०० मा खबर गर्नुहुन अनुरोध गर्न ट्राफिक प्रहरीले अनुरोध गरेको छ ।

छुट्टाछुट्टै दुर्घटनामा दुईको मृत्यु

काठमाडौं/ काठमाडौंको गोकर्णेश्वर नगरपालिका-५, नयाँबस्ती क्लबनजिक भएको सवारी दुर्घटनामा एकको मृत्यु भएको छ । बा.३३प १४९६ नम्बरको मोटरसाइकल आफैं अनियन्त्रित भई दुर्घटना हुँदा मोटरसाइकलमा सवार कागेश्वरी-मनोहरा नगरपालिका-८, गोठाटार बस्ने ३० वर्षीय गोपाल सुनारको मृत्यु भएको हो । दुर्घटनामा गम्भीर घाइते भएका सुनारको शिक्षण अस्पताल महाराजगन्जमा उपचारका क्रममा मृत्यु भएको जिल्ला प्रहरी परिसरका प्रवक्ता प्रहरी उपरीक्षक नवराज अधिकारीले बताए । यस्तै, ललितपुर महानगरपालिका-२८, हरिसिद्धि कर्मनाशा खोलामा माछा मार्ने क्रममा करेन्ट लागेर अर्का एकजनाको ज्यान गएको छ । करेन्ट लाग्दा सोही ठाउँ बस्ने सल्यान कपुरकोट गाउँपालिका-४ घर भएका ४६ वर्षीय चन्दबहादुर एरीको करेन्ट लागेर मृत्यु भएको हो । करेन्ट लागेर गम्भीर घाइते भएका उनको पाटन अस्पतालमा उपचारका क्रममा मृत्यु भएको प्रहरीले जानकारी दिएको छ ।

‘ब्रेक सु’को सुनले प्रहरीलाई ‘ब्याकफायर’

जाँचबुझ आयोगले प्रहरीले बदनियत राखेर अनुसन्धान गरेको प्रतिवेदन दिएपछि सिंगो प्रहरी संगठनकै छविमा दाग

नवराज मैनाली/नयाँ पत्रिका

‘ब्रेक सु’मा लुकाएर त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट भएको सुन तस्करीको अनुसन्धानले प्रहरीलाई ‘ब्याकफायर’ भएको छ। राजस्व अनुसन्धान विभागको क्षमता र निष्पक्षतामाथि प्रश्न उठेपछि सरकारले प्रहरीलाई यसको अनुसन्धान जिम्मा लगाएको थियो। तर, सरकारले गठन गरेको जाँचबुझ आयोगले प्रहरीले बदनियत राखेर अनुसन्धान गरेको प्रतिवेदन दिएपछि सिंगो प्रहरी संगठनकै छविमा दाग लागेको छ भने अनुसन्धानमा आबद्ध प्रहरी अधिकारी कारबाहीमा परेका छन्।

पूर्वन्यायाधीश डिल्लीराज आचार्य नेतृत्वको जाँचबुझ आयोगले अनुसन्धानमा आबद्ध केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी) प्रमुख किरण बज्राचार्यसहित चार प्रहरी अधिकारीले अनुसन्धानमा निष्पक्षता नदेखाएको ठहर गरेको हो। जसअनुसार गृह मन्त्रालयले बज्राचार्यसहित एसपी सञ्जयसिंह थापा र डिएसपीद्वय दुर्गा दाहाल र रुगम कुँवरलाई कारबाही प्रक्रिया अघि बढाएको छ। जसले प्रहरी संगठन तरंगित बनेको छ।

हचुवाकै भरमा प्रहरीमाथि कारबाही सिफारिस भएको र यस्तो प्रवृत्तिले भोलिका दिनमा अनुसन्धान अधिकृतहरूले कामै गर्न नसक्ने कतिपय प्रहरी अधिकारीको चिन्ता छ। गृह मन्त्रालयका अधिकारी भने जाँचबुझ आयोगले नै गल्ती देखाएको र गलत गर्नेहरू तत्कालै कारबाहीमा पर्ने सन्देश दिन प्रतिवेदनमा भएको सिफारिसअनुसार ‘एक्सन’ लिएको जनाएको छ।

नेपाल प्रहरीका पूर्वएआइजी राजेन्द्रसिंह भण्डारी सुनसम्बन्धी जाँचबुझ आयोगले अनुमानका आधारमा कसैलाई कारबाही सिफारिस गर्न नहुने बताउँछन्। ‘यो घटनाले अहिले प्रहरीमा ह्याभोक सिर्जना भयो। जाँचबुझ आयोगले तथ्यगत प्रमाणका आधारमा मात्र कुनै सिफारिस गर्नुपर्छ। अभियुक्तले विनाप्रमाण आरोप लगाइदिएकै आधारमा कारबाही सिफारिस गर्दा भोलिका दिनमा अनुसन्धान अधिकृतले काम गर्न सक्दैनन्,’ उनले भने।

■ अनुसन्धानमा कहाँ चुक्यो प्रहरी ?

राजस्व अनुसन्धान विभागले गत २ साउनमा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल भन्सारबाट पास भएको करिब ६१ केजी सुन बरामद गरी अनुसन्धान अघि बढाएको थियो। अनुसन्धानका क्रममा जब १४ साउनमा चिनियाँ मूलका बेल्जियन नागरिक दावा छिरिङ पक्राउ परे, यो प्रकरणले तरंग ल्यायो। माओवादीका उच्च नेतादेखि प्रहरीका वरिष्ठ अधिकृतसम्म निकटतम सम्बन्ध भएका दावा यो सुन तस्करी प्रकरणमा जोडिएपछि यसमा राज्यसंयन्त्रकै मिलेमतोको आशंका गरियो। सडकदेखि सदनसम्म यस प्रकरणमा बृहत् अनुसन्धानको माग भयो।

प्रधानमन्त्रीको प्रत्यक्ष मातहतमा रहने राजस्व अनुसन्धान विभागले निष्पक्ष अनुसन्धान गर्न नसक्ने भन्दै यसमा छुट्टै आयोग गठन गर्न माग यति सशक्त भयो कि सरकारले दबाब थेग्नै सकेन। तत्कालीन प्रतिपक्षी दलदेखि पूर्वप्रहरी अधिकारीसम्मले आयोग वा प्रहरीबाट छानबिन हुनुपर्ने माग राखे। तत्कालीन गृहमन्त्री नारायणकाजी श्रेष्ठ पनि प्रहरीमार्फत नै अनुसन्धान गराउने लबिइङमा लागे। अन्ततः प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डको निर्देशनअनुसार २१ साउनमा विभागले अनुसन्धानको फाइल प्रहरीलाई बुझाउन निर्देशन दियो। प्रहरीले अनुसन्धान सकाएर अदालतमा अभियोजन गरेपछि जाँचबुझ आयोग गठन गर्ने सहमति त्यसवेला सर्वदलीय बैठकले गरेको थियो।



फाइल तस्बिर

सिआइबीले अनुसन्धान गरेपछि थप केही चिनियाँ नागरिक र उनीहरूका सहयोगी पक्राउ परे। उनीहरूका करिब दर्जन गोदाम फेला पाऱ्यो। तर, थप सुन बरामद हुन सकेन। तस्करीमा चिनियाँ गिरोह प्रमुख भएको र उनीहरूलाई भन्सारका केही कर्मचारीले सघाएर तीन सय ६२ केजी सुन तस्करी गरेको निष्कर्ष निकाल्दै सिआइबीले ३१ भदौमा सरकारी वकिलमार्फत अदालतमा मुद्दा दायर गरेको थियो। आकलन र अनुमान गरिएअनुसार उच्चपदस्थ व्यक्तिहरू अनुसन्धानमा तानिएनन्। मुख्य आरोपी दावाको सहसचिवदेखि पूर्वआइजिपीसम्म निकटता देखिए पनि विस्तृत अनुसन्धान नगरेको भनेर त्यतिवेला नै सिआइबीको आलोचना भएको थियो।

त्यही कमजोरीलाई समातेर जाँचबुझ आयोगले सिआइबीका अनुसन्धान अधिकृतमाथि थप अनुसन्धान गर्नुपर्ने औंल्याएको हो। आयोगले प्रमुख कैफियत अभियुक्त जीवन चलाउनेमाथिको अनुसन्धानमा देखाएको छ। सुरुमा उनलाई कार्यालयमा बोलाएर कागज गराएको र पछि त्यो कागज च्यातेर फरार प्रतिवादी बनाइएको थियो। यसमा केही प्रहरी अधिकारीको भूमिका शंकास्पद रहेको आयोगको निष्कर्ष छ। सुरुमा उनलाई जोगाउन खोजेको देखिएको भन्दै आयोगले प्रहरीले यसमा बदनियत देखाएको हो। साथै, दावासँग निकटता रहेकामाथि पनि थप अनुसन्धान नभएको आयोगले ठहर गरेको छ। सिआइबीका एक अधिकारी भने त्यतिवेला प्रहरी महानिरीक्षक र गृह मन्त्रालयकै प्रत्यक्ष समन्वय र निर्देशनअनुसार यी कामहरू भएको भन्दै अनुमानकै भरमा गलत नियत राखेको भनेर कारबाही गर्नु अन्यायपूर्ण हुने बताउँछन्। प्रतिवेदन गोप्य नै भएकाले के-के आधारमा प्रहरीमाथि कारबाही सिफारिस भयो भने अझै गृह मन्त्रालयले प्रस्ट पारेको छैन।

विद्युतीय चुरोटमा लुकाएर भएको सुन तस्करीमा पनि सिआइबीले निष्पक्ष अनुसन्धान गर्न नसकेको भन्दै आयोगले त्यसमा पूर्वसभामुख कृष्णबहादुर महरालगायतमाथि थप अनुसन्धान गरेर मुद्दा चलाउन सिफारिस गरेको छ। जुन मुद्दाका अनुसन्धान अधिकृत दुर्गा दाहालमाथि समेत कारबाही गर्न भनिएको छ। विमानस्थल भन्सारले चिनियाँ नागरिकले ल्याएको विद्युतीय चुरोट रोकेकोमा त्यसलाई छुटाउन उनले दबाब दिएको भनेर तत्कालीन भन्सार प्रमुख अरुण पोखरेलले सिआइबीलाई बताएका थिए। तर, सिआइबीले महराको कागजसमेत नगरेकोमा अनुसन्धान विवादमा परेको थियो। माथिल्लो तहको दबाबकै भरमा त्यतिवेला महरामाथि अनुसन्धान हुन नसकेको सिआइबी स्रोत बताउँछ। तर, यसमा हाल अनुसन्धान अधिकृत पीडित बनेका छन्। यदि प्रहरीलाई त्यही आधारमा कारबाही गर्ने हो भने सुपरीवेक्षण गर्ने र निर्देशन दिने राजनीतिक नेतृत्वलाई पनि कारबाहीको भागीदार बनाउनुपर्ने पूर्वएआइजी भण्डारीको तर्क छ।

विगतमा बल प्रयोग गर्दा तथा नगर्दा प्रहरी अधिकृत कारबाहीमा परेको उदाहरण दिँदै पूर्वएआइजी भण्डारी यस्तो प्रवृत्तिले धेरै प्रहरीमाथि अन्याय भएको र अब आफूमाथि दबाब दिनेको प्रहरीले पोल गर्नुपर्ने बताउँछन्। ‘समस्यामा पर्दा प्रहरीलाई कसैले पनि जोगाउँदो रहेनछ भन्ने प्रस्ट हो,’ उनले भने, ‘त्यसकारण प्रहरीले आफूले कसको आदेशमा निर्णय भएको हो, त्यो बाहिर बताउनुपर्छ।’



● **राजेन्द्रसिंह भण्डारी**, पूर्वएआइजी

यो घटनाले अहिले प्रहरीमा ह्याभोक सिर्जना भयो। जाँचबुझ आयोगले तथ्यगत प्रमाणका आधारमा मात्र कुनै सिफारिस गर्नुपर्छ। अभियुक्तले विनाप्रमाण आरोप लगाइदिएकै आधारमा कारबाही सिफारिस गर्दा भोलिका दिनमा अनुसन्धान अधिकृतले काम गर्न सक्दैनन्।

■ प्रहरी अनुसन्धानको निष्पक्षतामाथि प्रश्न

जाँचबुझ आयोगको प्रतिवेदनले प्रहरी अनुसन्धानको निष्पक्षतामा प्रश्न मात्र उठाएको छैन। अपराध अनुसन्धानमा प्रहरीको ‘प्रिमियर’ निकाय सिआइबीको छविमा समेत धक्का लागेको छ। प्रहरी अनुसन्धान रणनीतिक र राजनीतिक उद्देश्यको प्रयोजनका लागि प्रयोग गर्दा सिआइबीको छविमा धक्का लागेको पूर्वआइजी भण्डारीको टिप्पणी छ।

साथै, यो प्रतिवेदनले प्रहरी नेतृत्वलाई समेत नैतिक संकटमा पारेको छ। सिआइबी प्रहरी महानिरीक्षकको प्रत्यक्ष निर्देशनमा चल्ने निकाय हो। उसले यसअघि महानिरीक्षकसँगकै सल्लाह र निर्देशनअनुसार अनुसन्धान र अभियोजन प्रक्रिया अघि बढाएको थियो। ‘त्यतिवेला एक-एक घटनाको ब्रिफिङ आइजिपीलाई हुन्थ्यो,’ सिआइबीका एक अधिकारीले भने, ‘कतिपय अवस्थामा आइजिपीसाबकै निर्देशनअनुसार कतिपय विषयमा हेरफेर भएको थियो। केही गल्ती भएको भए, त्यतिवेला नै उहाँले सच्याउन भन्न सक्नुपर्थ्यो। अहिले आएर हचुवाका भरमा कारबाही गर्नु उचित भएन।’

प्रहरी प्रधान कार्यालयका एक अधिकारी भने अनुसन्धानकै समयमा पनि प्रहरी महानिरीक्षक वसन्त कुँवर र सिआइबी प्रमुख किरण बज्राचार्यबीच मनमुटाव रहेको सुनाउँछन्। एआइजी बज्राचार्यले आइजिपीभन्दा धेरै गृहमन्त्रीलाई ब्रिफिङ गर्ने तथा अनुमतिविना शक्तिकेन्द्र धाउने गरेको भन्दै आइजिपीले असन्तुष्टि व्यक्त गरेका थिए, तर त्यतिवेला नै कारबाहीमा चासो दिएनन् भने अहिले आयोगको प्रतिवेदनपछि उनले रोक्न पनि सकेनन्। गृह नेतृत्व फेरिएसँगै प्रहरी अनुसन्धानको शैली पनि फेरिनु भने चिन्ताको विषय भएको प्रहरी अधिकारीको चिन्ता छ।

गृह मन्त्रालयको नेतृत्व फेरिएलगत्तै प्रहरीको अनुसन्धान फेरिनु गम्भीर विषय भएको पूर्व एआइजी भण्डारी बताउँछन्। अनुसन्धानका हरेक विषय माथिसम्म ब्रिफिङ हुने प्रणाली रहेकाले प्रहरीले माथिल्लो निकायको आदेशअनुसार नै कसलाई छाड्ने तथा थुन्ने निर्णय गर्ने भएकाले अहिले आएर गलत गरिस् भन्नु उचित नहुने उनको भनाइ छ। ‘यदि गलत थियो भने माथिल्लो तहकाले त्यतिखेर नै सच्चाउनुपर्थ्यो। मिलेमतो हो भने माथिल्लो तहकालाई पनि कारबाही हुनुपर्छ, अनुसन्धान अधिकृतलाई भिक्टिम बनाउनु उचित हुन्न,’ उनले भने। कुनै पनि घटनाको अनुसन्धानमा यस्तो समानान्तर अभ्यास नै गलत रहेको उनको भनाइ छ।



कार्यदलले शीर्ष नेताहरूलाई बुझायो सरकारको साझा न्यूनतम कार्यक्रम



काठमाडौं/ सत्तागठबन्धनको कार्यदलले तयार पारेको सरकारको न्यूनतम साझा कार्यक्रम शीर्ष नेतालाई बुझाइएको छ। प्रधानमन्त्रीको सरकारीनिवास बालुवाटारमा शनिबार कार्यदलका सदस्यहरूले शीर्ष नेताहरूलाई साझा न्यूनतम कार्यक्रम बुझाएका हुन्।

कार्यदलले मस्यौदा बुझाएसँगै शीर्ष तहमा छलफल गरेर कार्यान्वयनमा लाने तयारी रहेको बताइएको छ। कार्यदलले तयार पारेको मस्यौदामा संविधानको रक्षा, आर्थिक विकास र समृद्धि, अर्थतन्त्रका चुनौती समाधान, आममानिसमा आशा र विश्वास जगाउने, सार्वभौमसत्ता र स्वाधीनताको रक्षा गर्नेलगायतका विषय उल्लेख छ।

कार्यदल सदस्य एवं रास्वपा महामन्त्री मुकुल ढकालले सरकारको न्यूनतम साझा कार्यक्रम सोमबार सार्वजनिक गर्ने तयारी रहेको बताए। उनले साझा न्यूनतम कार्यक्रममा देशको अहिलेको अवस्थालाई उकास्ने विषय, युवाशक्ति विदेश पलायन हुन रोक्ने उपाय र उत्पादन बढाउने विषय समेटिएको बताए। पाँच राजनीतिक दलका तर्फबाट साझा न्यूनतम कार्यक्रम बनाउन १० सदस्यीय कार्यदल गठन गरिएको थियो।

माओवादी र नेसपाको यादव समूहबीच पार्टी एकताको सहमति

एकीकृत पार्टीको नाम आगामी महाधिवेशनबाट टुंगो लगाइने, वैचारिक एकता र संगठनात्मक तयारी गर्न कार्यदल गठन

नयाँ पत्रिका

माओवादी र नेपाल समाजवादी पार्टीको महिन्द्र राय यादव समूहबीच पार्टी एकता गर्ने सहमति भएको छ। पहिलो वरीयताका अध्यक्ष डा. बाबुराम भट्टराईसँग छुट्टिएर अर्का अध्यक्ष यादव पक्षले माओवादीसँग एकताको सहमति गरेको हो।

प्रधानमन्त्रीसमेत रहेका माओवादी अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड, महासचिव देव गुरुङलगायत माओवादी नेताहरूसँगको बैठकमा अध्यक्ष यादव, सहअध्यक्ष गंगानारायण श्रेष्ठ र महासचिव रमेशप्रसाद यादव सहभागी थिए। छलफलमा डा. भट्टराई सहभागी थिएनन्। पार्टी एकता सहमतिमा माओवादीबाट महासचिव गुरुङ र नेसपाबाट महासचिव यादवले हस्ताक्षर गरेका छन्।

एकीकृत पार्टीको नाम आगामी महाधिवेशनबाट टुंगो लगाउने सहमति छ। वैचारिक एकता र संगठनात्मक तयारी गर्न कार्यदल गठन गरिएको छ। कार्यदलमा माओवादीबाट महासचिव गुरुङ, उपमहासचिव जनार्दन शर्मा तथा नेसपाबाट सहअध्यक्ष श्रेष्ठ र महासचिव यादव छन्। अध्यक्ष यादव निवर्तमान मन्त्री हुन् भने श्रेष्ठ बागमती प्रदेशको मन्त्री छन्। डा. भट्टराईलाई पनि बैठकमा बोलाइए पनि उपस्थित नभएको अर्का अध्यक्ष यादवले बताए। 'एकता प्रक्रिया अगाडि बढाउने पार्टीको सर्वसम्मत निर्णय हो। खबर गर्दा पनि माओवादीसँगको बैठकमा आउनुभएन। प्रचण्डले फोन गर्दा पनि उठाउनुभएन,' यादवले भने, 'उहाँ पनि एकताको प्रक्रियामा आउनुपर्छ।'



एकताका लागि एक वर्षसम्म भट्टराई नै कुरेको श्रेष्ठले बताए। उनले पार्टी एकता संयोजन समितिको बैठकले एकता गर्ने निर्णय गरेको बताए, तर संयोजक भट्टराई छन्। समितिमा भट्टराईसहित अर्का अध्यक्ष यादव, सहअध्यक्ष श्रेष्ठ, उपाध्यक्ष दुर्गा सोब र महासचिव यादव छन्।

फागुन पहिलो साता नेसपाले आफ्ना दुई सांसदलाई माओवादी पार्टीको अभिलेखबाट हटाइदिन निर्वाचन आयोग र संसद् सचिवालयलाई पत्र पठाएको थियो। नेसपाले माओवादीको चुनाव चिह्न लिएर निर्वाचित जनप्रतिनिधिलाई आफ्नै दलको अभिलेखमा राखिदिन अनुरोध गर्दै आयोग र संसद् सचिवालयलाई पत्राचार गरेको थियो। तर, २९ फागुनमा संघीय संसद् सचिवालयले पूर्वप्रधानमन्त्री डा. भट्टराई नेतृत्वको नेसपालाई छुट्टै संसदीय दलको मान्यता दिन अस्वीकार गरेको थियो। सभामुख देवराज घिमिरेले निवेदनमा निर्णय सुनाउँदै नेसपालाई छुट्टै दलको मान्यता दिन कानुनले नमिल्ने र माओवादी संसदीय दलकै अभिलेखमा सांसदहरू रहने जानकारी गराएका थिए।

'छुट्टै दलको मान्यता सम्बन्धमा राजनीतिक दलसम्बन्धी ऐनको दफा ४९ (३) ले एउटै चुनाव चिह्न लिएर लडेका दलहरूमा जुन दलले बढी सिट जितेर ठूलो हुन्छ, त्यही संसदीय दलको सदस्य हुनेछ भन्ने व्यवस्था रहेको छ,' संसद् सचिवालयका कानुन महाशाखा प्रमुख लक्ष्मीप्रसाद गौतमले भनेका थिए, 'एउटै चुनाव चिह्नले लडेका दलले दुइटा संसदीय दलको परिकल्पना नगरेको हुनाले संसदीय दलको सन्दर्भमा एउटै मात्र संसदीय हुने र जुन ठूलो छ, त्यही हुने कानुनी व्यवस्थाबमोजिम निर्णय गरेर जानकारी गराइएको हो।' माओवादीको हँसिया हथौडा चुनाव चिह्नबाट प्रतिनिधिसभामा नेसपामा दुई सांसद निर्वाचित छन्। सर्लाही- ३ बाट महिन्द्र राय यादव निर्वाचित हुन् भने उमरावती देवी बारा- २ बाट समानुपातिक सांसद छन्। प्रदेश सभातर्फ बागमतीको सिन्धुली २ (२) बाट गंगानारायण श्रेष्ठ र गोरखा २ (२) बाट फणीन्द्र देवकोटा निर्वाचित भएर माओवादी दलबाटै संसदीय गतिविधि गरिरहेका छन्। हँसिया हथौडा चुनाव चिह्नबाट निर्वाचित नेसपाका दुईसहित प्रतिनिधिसभामा माओवादी केन्द्रका ३२ सांसद छन्।

आगलागीमा परी तीन बालबालिकाको मृत्यु

भोजपुर/ भोजपुरको हतुवागडी गाउँपालिका-७ मा भएको आगलागीमा परी एकै परिवारका तीन बालबालिकाको मृत्यु भएको छ। जिल्ला प्रहरी कार्यालय भोजपुरका सूचना अधिकारी दलकुमार राईले आगलागीमा परी एक बालिका, दुई बालकको मृत्यु भएको जानकारी दिए। इलाका प्रहरी कार्यालय घोरेटाबाट घटनाको जानकारी आएपछि प्रहरी निरीक्षकको नेतृत्वमा प्रहरी टोली घटनास्थलतर्फ पठाइएको छ। यस्तै, मोरङको रंगेली नगरपालिका-३ बाबुसाहेब टोलको सन्थाल बस्तीमा आगलागी हुँदा १९ घर जलेको छ। शनिबार दिउँसो २:३० बजेतिर सुरु भएको आगलागी नियन्त्रणमा आइसकेको इलाका प्रहरी प्रहरी कार्यालय रंगेलीका प्रहरी प्रमुख प्रहरी निरीक्षक बुद्धि चौलागाईंले जानकारी दिए। बाक्लो बस्ती रहेकाले आगलागीका कारण धेरै घरमा क्षति पुगेको उनको भनाइ छ। उन्नाइस घरधुरीका २५ परिवार आगलागीबाट विस्थापित भएको रंगेली नगरपालिका उपप्रमुख गोमा पराजुलीले बताइन्। कानेपोखरी गाउँपालिका, रंगेली, बेलबारी, पथरीशनिश्चरे र सुन्दरहरैंचा नगरपालिका र विराटनगर महानगरका बारुणयन्त्र, प्रहरी, सशस्त्र प्रहरी र स्थानीयको सहयोगमा करिब तीन घन्टापछि आगो निभाइएको थियो।

नेविसंघमा थप ४१ सदस्य मनोनीत

काठमाडौं/ नेपाल विद्यार्थी संघको केन्द्रीय समिति फेरि विस्तार गरिएको छ। नेविसंघको तदर्थ समितिमा कांग्रेस सभापति शेरबहादुर देउवाले थप ४१ जनाको मनोनयन गरेका हुन्। दुजाङ शेर्पाको अध्यक्षतामा रहेको तदर्थ समितिमा यसअघि असन्तुष्ट समूहलाई समेटेर कार्यसमिति विस्तार गरिएको हो। ९ चैत ०७८ मा सभापति देउवाले शेर्पालाई तदर्थ समिति अध्यक्ष बनाएका थिए। त्यसयता गत २२ साउनमा सात सय दश सदस्य समेटेर जम्बो कार्यसमिति विस्तार गरिएको थियो। जम्बो समिति बनाउँदासमेत समावेशी हुन नसकेको भन्दै इतर (शेखर-गगन समूह र सिटौला समूह)ले असन्तुष्टि जनाएको थियो। असन्तुष्ट सात केन्द्रीय सदस्यले राजीनामासमेत दिएका थिए।

पर्यटनको राजधानी घोषणासँगै पोखरा २४सै घण्टा खुला रहने

कास्की/ पर्यटकीय नगरी पोखरालाई आइतबार पर्यटनको राजधानी घोषणा गरिने भएको छ। गण्डकी प्रदेश सरकार र पोखरा महानगरपालिकाले संयुक्त रूपमा पोखरालाई नेपालको पर्यटकीय राजधानी घोषणा गर्न लागेका हुन्।

फेवाताल किनारस्थित बाराहीघाटमा आयोजना हुने विशेष कार्यक्रममा प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले पोखरालाई पर्यटनको राजधानी घोषणा गर्ने भएका हुन्। घोषणाअघि वसुन्धरा पार्कबाट विभिन्न झाँकीसहितको च्याली निकालिने भएको छ। घोषणा कार्यक्रममा विभिन्न व्यक्तिलाई सम्मानसँगै कलाकारको विशेष प्रस्तुतिसमेत रहने भएको छ। वरिष्ठ साहित्यकार प्रा.डा. मुकुन्दशरण उपाध्याय, भूगोलविद् स्वर्गीय हर्क गुरुङ र 'पोखरा त साँच्चिकैको पोखरा' गीतका रचनाकार, गायक, संगीतकार स्व. प्रेमप्रकाश मल्ललाई मरणोपरान्त सम्मान गरिने भएको छ।

पर्यटकीय राजधानी घोषणासँगै पोखरा अब २४सै घन्टा खुला हुने भएको छ। जिल्ला सुरक्षा समितिको शनिबार बसेको बैठकले यस्तो निर्णय गरेको कास्कीका सहायक प्रमुख जिल्ला अधिकारी गंगाबहादुर क्षत्रीले जानकारी दिए। उनका अनुसार व्यवसाय हेरेर केहीलाई राति १ बजेसम्म र केहीलाई २४सै घन्टा खुला गर्न दिने निर्णय बैठकले गरेको हो।

क्षत्रीका अनुसार किराना, खाना, खाजा, पान पसललगायतलाई राति १ बजेसम्म खोल्न दिइनेछ। डान्सबार, दोहोरी, पप, डिस्कोलगायतलाई २४सै घन्टा खुल्नेछन्। यसका लागि व्यवसायीहरूले ध्वनि प्रदूषण हटाउनुपर्ने, आन्तरिक सुरक्षाको व्यवस्था, सिसिक्यामेरा, स्मोकिङ जोन छुट्याउनेलगायतका स्थान व्यवस्था गर्नुपर्नेछ। पहिलो चरणमा ड्यामसाइट हुँदै लेकसाइड क्षेत्र, चिप्लेढुंगा, महेन्द्रपुल, पृथ्वीचोक, नागढुंगा, मुस्ताङ चोक, विरौटा, राष्ट्र बैंक चोक, ड्यामसाइटलगायतका स्थान २४सै घन्टा खुला राख्ने निर्णय बैठकले गरेको क्षत्रीले जानकारी दिए।

कर्णाली प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
स्वास्थ्य सेवा निर्देशनालय
स्वास्थ्य सेवा कार्यालय, हुम्ला
सिमकोट, हुम्ला, नेपाल

राशन सिदा खुवाउने कार्यको सिलबन्दी बोलपत्र आह्वान

प्रथम पटक प्रकाशित मिति : २०८०/१२/०४ गते

हुम्ला जिल्ला अस्पतालको अन्तरङ्ग विभाग (ईण्डोर शाखामा भर्ना भई उपचार गराउने बिरामीहरुको लागि) मिति २०८० साल बैसाख १ गते देखी लागु हुने गरि मिति २०८१ पौष मसान्त सम्मका लागी राशन सिदा खुवाउने कार्यको लागी ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले रासन सिदा खुवाउन ईच्छुक ईजाजत प्राप्त फर्मले रु १० को टिकट टाँसी निम्न शर्तको अधिनमा रहि रित पूर्वकको सिलबन्दी दरभाउ पत्र पेश गर्नु हुन सम्वन्धित सबैको जानकारीको लागी यो सिलबन्दी दरभाउ पत्र आह्वानको सूचना प्रकासित गरिएको छ।

तपसिल

१ ईच्छुक ईजाजत प्राप्त फर्म ले बोलपत्र फारम प्रत्येकको पछि फिर्ता नहुने गरी रु.१०००।- (एक हजार मात्र) तिरी सूचना प्रकासित भएको मितिले १५(पन्ध्र)औ दिन भित्र स्वास्थ्य सेवा कार्यालय हुम्ला, प्रदेश लेखा इकाइ कार्यालय हुम्ला, जिल्ला प्रशासन कार्यालय हुम्ला वाट सिलबन्दी दरभाउ पत्र फारम खरिद गर्न सकिनेछ।

२. खरिद गरेको सिलबन्दि दरभाउपत्र सूचना प्रकासित मितिले १६ औ दिन २०८०।१२।१८ गतेको १२:०० बजे सम्म रु १० को टिकट टाँस गरी निबेदन साथ सिलबन्दि दरभाउ पत्र यस कार्यालयमा दर्ता गराई सक्नु पर्नेछ। हुलाकबाट आएका सिलबन्दी बोलपत्रलाई पनि दर्ता गर्न सकिनेछ।

३. सिलबन्दी दरभाउपत्र सूचना प्रकासित मितिले १६ औं दिनको २:३० बजे बिभिन्न कार्यालयका प्रतिनिधि,र बोलपत्रदाता वा प्रतिनिधिको रोहवरमा खोलिने छ।

४. दरभाउपत्र फाराम खरिद गर्ने तथा दर्ता गर्ने अन्तिम दिन कुनै सार्वजनिक विदा पर्न गएमा त्यसको भोलिपल्ट वा कार्यालय खुलेको दिनको सोही समयमा दर्ता गर्ने तथा खोलिनेछ।

५ खरिद भएका बोलपत्रहरु रितपूर्वक भरि आवश्यक कागजपत्र संलग्न राखी सहिछाप गरि सिलबन्दी गरी खामको बाहिर व्यक्ति वा फर्मको पुरा नाम ,ठेगाना, कामको विवरण स्पष्ट रुपमा लेखेको हुनुपर्नेछ।

६. एउटा फर्मको नाममा खरिद भएको दरभाउपत्र फाराम अर्को व्यक्ति वा फर्मको नाम बाट दाखिला गर्न पाईने छैन।

७. सिलबन्दी दरभाउ पत्र दर्ता गर्दा निम्न कागजातहरु समेतको प्रमाणित प्रतिलिपि पेश गर्नुपर्नेछ।

क) ईजाजत पत्रका प्रतिलिपि
ख) मुल्य अभिवृद्धी कर प्रमाणपत्र प्रतिलिपि।
ग) आ.व ०७९।०८० सम्मको कर चुक्ता गरेको प्रमाणपत्र।
घ) नेपाली नागरीताको प्रमाणपत्र।
ङ) आफ्नो फर्म कालो सुचिमा नपरेको घोषणापत्र।
च) उपरोक्त कागजातहरु संलग्न नभएमा सो बोलपत्र लाई मान्यता दिईने छैन।

८. बोलपत्र साथ धरौटी बापत तपसिलमा उल्लेखित रकम प्रदेश लेखा इकाइ कार्यालय, हुम्लाको राष्ट्रिय बाणिज्य बैक शाखा हुम्लामा रहेको धरौटी खाता नं.४१९०१००२०२०३०००० राजश्व शिर्षक नं १४२२९ , कार्यालय कोड नं ३५००२६४०२६ मा जम्मा गरेको भौचर वा सो रकम बराबरको मान्यता प्राप्त बैकवाट यस कार्यालयको नाममा जारी गरेको कम्तीमा १२० दिन समय भएको बिडबण्ड पेस गर्नु पर्नेछ। नगदलाई मान्यता दिईने छैन।

९. सिलबन्दी बोलपत्र फारम भर्दा प्रत्येक दररेट अंक र अक्षेरमा स्पष्ट रुपले उल्लेख गर्नु पर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ।कुल जम्मा महलमा पनि अंक र अक्षरमा देखिएको फरक परेमा अक्षरमा लेखिएको लाई मान्यता दिईनेछ।

१०. रित नपुगेको वा म्याद नाघि वा कुनै शर्त राखि आएको टेन्डर फराम उपर कारवाहि हुने छैन।

११. नियमानुसार लाग्ने कुनै कर,दस्तुरहरु ठेकेदार स्वयंमले व्यहोर्नु पर्नेछ।

१२ सम्झौता अवधिभर कुनै पनि मुल्य बृद्धी दिईने छैन।

१३. प्राप्त बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार कार्यालयमा निहित रहने छ।

१४. सिलबन्दी बोलपत्र दाताले लागत अनुमान भन्दा १५% सम्म कम अंक कवुल गरेमा कबुल अंकको ५% र लागत अनुमानको १५% भन्दा बढी घटेमा कबुल गरेको अवस्थामा १५% भन्दा जती रकमको घटी कबुल गरेको छ सो को ५० हुन आउने रकम कबुल अंकको ५% थप गरी कार्य सम्पादन जमानत राख्नु पर्नेछ।

१५. प्रत्येक कुल भुक्तानी अंकको ५ प्रतिशत रकम धरौंटी बापत कट्टी गरिने छ। उक्त कट्टी रकम ठेक्का समाप्त पश्चात आन्तरिक राजश्व कार्यालयवाट फुकुवा पत्र प्राप्त भए पछि मात्र फिर्ता दिईनेछ।

१६. प्रत्येक कूल भूक्तानी अंकको १.५ प्रतिशत अग्रीम आय कर वापत कट्टी गरिनेछ ,उक्त रकम यस कार्यालयबाटराजश्व खातामा दाखिला गरिने छ ।

१७. यस सूचनामा लेखिएको हकमा यसै सूचना बमोजिम र यसमा उल्लेख नभएको हकमा सार्वजनिक खरिद ऐन २०६३ तथा सार्वजनिक खरिद नियमावली,२०६४(संशोधित) र नेपाल सरकारको प्रचलित कानून बमोजिम हुनेछ।

१८ सिलबन्दी दरभाउ पत्र सम्वन्धी अन्य कुरा बुझ्नु परेमा कार्यालय समय भित्र यस कार्यालयको फोन नं ०८७-६८०२३४ मा सम्पर्क राख्न सकिनेछ।

तपशिल

क्र. सं	ठेक्का नं	विवरण	लागत अनुमान (मू.अ.कर बाहेक) (रु)	विडबण्ड रकम(रु)	सिलबन्दी दरभाउ दस्तुर रु	कैफियत
१.	०१/२०८०/०८१	हुम्ला जिल्ला अस्पतालको अन्तरङ्ग विभाग (ईण्डोर शाखामा भर्ना भई उपचार गराउने बिरामीहरुको लागी) मिति २०८० साल बैशाख १ गते देखी लागु हुने गरि मिति २०८१ पौष मसान्त सम्मका लागी राशन सिदा खुवाउने कार्य।	१९,९२,५८८।-	५९,७७३६४	१,०००।-	

प्रेम बहादुर सिंह
कार्यालय प्रमुख

Samsi Rural Municipality
Office of the Rural Municipal Executive
Samsi, Mahottari

Invitation for Bid (IFB)

Date of publication: - 2080/12/04 or 17th March, 2024

1. Samsi Rural Municipality, Samsi invites following electronic bid from eligible Nepalese bidders under National Competitive Bidding.
2. The details of the project are as follows:

S. No	Contract No.	Description for work	Bid Security	Bid Document Fee	Bid./Bid Bond Validity Period	Last date of Bid Submission
1	SRMUN/NCB/ CHALKI/ 08 0/81-02	Construction of Chalkighat Nahar Headworks and Canal Lining Works	NRS. 250000.00	NRS. 3000.00	90 days/120 days from last date of bid submissi on	16th April 2024 before 12:00 noon

3. Eligible bidders may obtain further information from PPMO's website www.bolpatra.gov.np/egp

Chief Administrative Officer

कर्णाली प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
प्रदेश अस्पताल
वीरेन्द्रनगर, सुर्खेत

बोलपत्र/प्रस्ताव स्वीकृत गर्ने आसयको सूचना

प्रकाशित मिति : २०८०/१२/०४

अस्पतालबाट प्रकाशित सूचना अनुसार निम्न कार्यका लागि रितपूर्वक पेश भएका प्रस्ताव/बोलपत्रहरु मध्ये न्यूनमूल्यांकित तथा सारभूत रुपमा प्रभावग्राही भएको तपसिलको प्रस्ताव/बोलपत्र स्वीकृतिको लागि छनौट भएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७(२)र सोहि ऐनको दफा ४७को प्रयोजनार्थ सम्वन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

तपसिल

ठे.नं.	कामको विवरण	बोलपत्रदाताको नाम, ठेगाना	कबोल रकम (मू.अ.कर बाहेक)
Seal Proposal-01/080-81 Item No. 1 Security Guard	Supply of Security Guard & Support Staff for Hospital.	Nepal Ex-Two Security Service Pvt. Ltd. Kathmandu.	23677.5572 (Monthly Per Person)
Seal Proposal-01/080-81 Item No. 2Support Staff		Easy Facilities Pvt. Ltd. Pokhara.	20504.3845 (Monthly Per Person)
PH/Karnali/NCB-18/080-81,	Construction of Shutter Block at Province Hospital.	R.R. Construction, B.N.N.P. 3, Surkhet.	69,65,404.36 (with PS)
PH/Karnali/NCB-15/080-81	Supply of Rasan for Hospital Admitted Patient.	Tara Devi Suppliers, Suklagandaki, Tanahu.	81,79,952.49

अस्पताल निर्देशक

राजनीतिमा रामगोपाल




सत्या, सरकार, रक्तचरित्रलगायत चर्चित बलिउड फिल्मका निर्देशक रामगोपाल बर्माले आन्ध्र प्रदेशको पठापुरम निर्वाचन क्षेत्रबाट विधान सभा चुनाव लड्ने घोषणा गरेका छन् । तर, स्वतन्त्र उम्मेदवारी वा कुनै पार्टीबाट उठ्ने भन्ने विषयमा उनले केही बताएका छैनन् । यही क्षेत्रमा दक्षिण भारतका सुपरस्टार पवन कल्याण जनसेना पार्टीबाट उम्मेदवार छन् ।

निफमा गुराँस प्रदर्शन



सातौं नेपाल अन्तर्राष्ट्रिय फिल्म फेस्टिभल (निफ)मा शनिबार गुराँस प्रदर्शन गरिएको छ । सौरभ राईको निर्देशनमा बनेको यो फिल्मले हराएको कुकुर खोज्न निस्किएकी एक बालिकालाई केन्द्रमा राखेर दार्जिलिङको बदलिँदो आर्थिक-सामाजिक कथा वर्णन गर्छ । यसअघि यो फिल्म चेक रिपब्लिकको 'दी कार्लोभी' फेस्टिभलमा प्रिमियर भएको थियो ।

छाला स्वस्थ राख्न...



प्रशस्त पानी : प्रशस्तै पानी पिउनुस् । पानीले छालालाई नरम बनाउन र संक्रमणबाट बचाउन महत्त्वपूर्ण भूमिका खेल्छ ।

सन्तुलित आहार : एन्टिअक्सिडेन्ट्सको मात्रा प्रचुर भएका फलफूल र तरकारी खानामा समावेश गर्नुस् । उदाहरणका लागि, भिटामिन सीयुक्त आहारले कोलाजनको उत्पादन बढाउँछ र बिग्रेको छालालाई रिपेयर गर्छ ।

सरसफाइ : सरसफाइमा विशेष ध्यान दिन जरुरी छ । टावेल, बेडसिट तथा तपाईंका कपडा सफा तथा सुक्खा हुनुपर्छ । जसकारण, ब्याक्टेरियल तथा फंगलको संक्रमण नहोस् ।

हेभी मेकअप नगर्ने : मनसुनमा मेकअप हल्का र कम गर्नुस् । यसले प्राकृतिक लुक्स दिन्छ र छालालाई पनि समस्या गर्दैन ।

मोस्चराइजर : मनसुनमा पनि छालालाई मोस्चराइज गर्नु जरुरी छ । आयली छालाका लागि मोस्चराइजर जेल प्रयोग गर्दा हुन्छ ।

घामबाट जोगाउनुस् : बाहिर निस्कदाँ सनस्क्रिन क्रिम लगाउन नभुल्नुस् । यसले सूर्यका विकिरणबाट छालालाई जोगाउँछ । दुई वा तीन घन्टाको अन्तरालमा सनस्क्रिन लगाउनुस् ।

चिकित्सकसँग परामर्श : हरेक मानिसको छाला फरक प्रकृतिको हुन्छ । त्यसैले कुनै समस्या देखिएमा छालारोग विशेषज्ञसँग परामर्श गरेर उपचार थाल्नुपर्छ ।

समरमा स्मार्ट ड्रेसअप



गर्मी सुरु भएसँगै जीवनशैली परिवर्तन हुन थालेको छ । जाडोमा बाक्ला कपडा लगाउँदा वाक्कदिक्क भएकाहरू समरमा हल्का र फेसनेबल कपडा लगाउन चाहन्छन् । फेसनेबल देखिनका लागि कलर, फ्याब्रिक चयनलगायत कुरामा ख्याल गर्नुपर्ने हुन्छ । त्यस्तै, ड्रेसअपअनुसार सुहाउँदो हेयर स्टाइल गर्नुपर्छ ।

लाइट कलर

गर्मीका दौरान लाइट कलरका कपडा लगाउनु राम्रो हुन्छ जसले कम गर्मी महसुस हुन्छ र आकर्षक पनि देखिन्छ । अल ह्वाइट ड्रेस यस मौसममा धेरैले रुचाउँछन् । फ्लोरल प्रिन्ट भएका कपडाले गर्मी र बर्सात् दुवैमा शीतल महसुस गराउँछ । तर फ्लोरल प्रिन्ट ज्यादा चम्किलो हुनु हुँदैन ।

कस्ता कपडा ट्रेन्डिङमा

महिलाले सर्ट ड्रेस, सर्ट-पेन्ट, पेन्सिल स्कर्ट, कटन फ्रक, वान पिस, टु पिसलगायत कपडा लगाउन सक्छन् । बोल्ड तथा ग्ल्यामर देखिन क्वार्टर, फिटिङ पेन्ट, एंकल लेन्थ पेन्ट, युनिसेक्स पाइन्ट अधिकांशको रोजाइमा छ ।

स्लिम हाफ वान पिसले पनि स्थान पाइरहेको छ । साडी, कुर्था सदावहार नै भइहाले । यसलाई नयाँ स्टाइल दिएर पनि लगाउन सकिन्छ । कटन, खादी, लिनेन, सिफन, रायोनको हल्का लुज कपडाले आरामदायी महसुस गराउँछ र गर्मी पनि धेरै हुन दिँदैन ।

क्याजुअल लुक्स

क्याजुअल लुक्समा महिला-पुरुष दुवैले जिन्स पाउन्ट लगाउँदा माथि टिसर्ट र डेनिमको सर्ट लगाउन सकिन्छ । सर्टको बटन खोल्दा निकै आकर्षक देखिन्छ । त्यस्तै, ग्रन्च पाइन्टका साथ स्मार्ट कोट लगाउँदा पनि राम्रो देखिन्छ । फर्मल ड्रेस गर्दा पनि कलर कम्बिनेसन मिलाउन जरुरी छ । पुरुषले सेतो सर्ट र कालो पाइन्ट कम्बिनेसन गरेर लगाउँदा सुहाउँछ । मरुन पाइन्टमा पनि सेतो सर्ट नै सुहाउँछ ।

समरमा कुर्ता र पाइजामा पनि पुरुषलाई सुहाउँछ । सेतो, ग्रिन, मरुनलगायत लाइट कलरका कुर्था निकै सुहाउँछ । बजारमा विभिन्न डिजाइनका रेडिमेड कुर्था पाइन्छन् ।

फेसन टिप्स



नवीन लुँइटेल
फेसन डिजाइनर
सेन्ट्रल फेसन हब

घडी

क्लासिक लुक्स दिने घडी लगाउँदा राम्रो हुन्छ । तर, धेरै स्टाइलिस होइन, सिम्पल घडी छान्नुस् ।

जुत्ता चयन

तपाईंको लुक्सलाई डिफाइन गर्न जुत्ताले निकै सहयोग गर्छ । पुरुषलाई फर्मल कपडामा छालाको जुत्ता सुहाउँछ । क्याजुअल ड्रेसमा स्पोर्ट्स् सुज सुहाउँछ । यो निक आरामदायी पनि हुन्छ । महिलाले कुर्था, लेहेंगा लगाउँदा स्यान्डल लगाउने गर्छन् । तर, हाई हिल भएका स्यान्ड लगाउनुको साटो फ्ल्याट स्यान्ड लगाउनु आरामदायी हुन्छ ।

बच्चाको कपडा

गर्मीमा बच्चालाई आरामदायी कपडा किनिदिनुपर्छ । जसकारण उनीहरूलाई खेल्न सहज होस् । बच्चालाई सुती, मलमल, लिनेनको ड्रेस लगाईदिँदा गर्मी कम हुन्छ । कार्टुन क्यारेक्टर प्रिन्ट भएका रंगीचंगी कपडा उनीहरूको रोजाइमा पर्ने गर्छ । यस्ता कपडा लगाउँदा उनीहरू खुसी हुन्छन् ।

ट्रेकिङ जाँदा कस्ता खानेकुरा बोक्ने ?



ट्रेकिङमा निस्कँदा आफ्नो ब्यागमा नक्सा वा कम्पास, टर्च, आवश्यक कपडा, सनस्क्रिन क्रिमलगायत प्राथमिक सामग्री राख्नुपर्छ । इनर्जी दिने खानेकुरा बोक्न बिर्सनु हुँदैन । किनकि भनेकै ठाउँमा होटेल-रेस्टुरेन्ट नभेटिन सक्छ । त्यस्तै, भेटिएका होटेलमा उपलब्ध खानेकुरा स्वस्थ्यवर्द्धक नहुन पनि सक्छ ।

पानीको बोतल छुटाउन हुँदैन । यात्राभर शरीर हाइड्रेट रहन आवश्यक छ । कम्तीमा पनि तीन लिटर पानी यात्राका क्रममा तपाईंसँग हुनुपर्छ । पानीको बोतलसँगै पानी शुद्धीकरण गर्ने पीयूष पनि बोक्नु राम्रो हुन्छ । लामो दूरीको ट्रेकिङमा भने इनर्जी ड्रिंक्स पनि बोक्नुपर्छ । यसले थकित समयमा ऊर्जा दिन्छ ।

कफी वा टी-ब्याग पनि बोक्नु राम्रो हुन्छ । यसले मुड फ्रेस गर्छ र इनर्जी पनि दिन्छ । नट र चकलेट बोक्दा धेरै भारी हुँदैन, यो निकै पोषक तत्त्वले भरिएको हुन्छ ।

ड्राई फ्रुट्सले पनि इनर्जी दिन्छ । यसमा शरीरलाई आवश्यक पर्ने प्रोटिनको मात्रा प्रचुर हुन्छ । स्याउ, अंगुर, सुन्तला, केरालगायत केही ताजा फलफूल पनि बोक्न सकिन्छ । बिस्कुट, पाउरोटीलगायत तयारी खानेकुरा पनि बोक्नुपर्छ । मैदा नभएर जौबाट बनेका खानेकुरा बोक्नु राम्रो हुन्छ ।

बंगलादेशी र नेपाली साहित्यकारबीच सहकार्यबारे छलफल

ढाका/ बंगलादेशको राजधानी ढाकामा दुई देशका साहित्यकार तथा चलचित्र निर्माताबीच साहित्यिक एवं सांस्कृतिक आदानप्रदानका विषयमा छलफल भएको छ । बंगाली कवि तथा साहित्यकार साहजाह कबिर तथा कवि मोहम्मद फारुखले नेपाली साहित्यको चर्चा गर्दै नेपाल-बंगलादेशबीच साहित्यिक-सांस्कृतिक आदानप्रदानको भावी कार्यक्रमको रूपरेखाबारे धारणा राखे ।

कार्यक्रममा अनुवाद साहित्यमा जोड दिने तथा दुई देशबीच साहित्यिक-सांस्कृतिक कार्यक्रमका लागि पहल गर्नेबारे छलफल भएको थियो । गीतकार तथा अनुवादक राजेन्द्र गुरागाईं, साहित्यकार युवराज नयाँघरे, कवि ऋषभदेव घिमिरे, कवि तथा चलचित्र निर्माता राजेन्द्र केसी, भानु प्रतिष्ठानका कोषाध्यक्ष हरिबोल ढकाल, बंगलादेशका साहित्यकार, पत्रकार तथा साहित्य शिल्पी मनोज गुर्खा, सल्लाहुद्दिन खान कुट्टु,अबुल हुसेन मजुमदार, जहागिर सिक्दर, मोहम्मद इम्दादुल हक तैय्यब, अतिक रहमान, आशिष रोय, डा. हसन सरिफ, रिएत खान, सुरैया मुन्नी, मानिकगन्ज नगरपालिकाका मेयर मोहम्मद रमजान अलीलगायतको उपस्थितिमा भएको छलफलले यथाशक्य भावी योजना तय गर्ने जानकारी अतिक रहमानले दिए ।



विवेकानन्दको नजरमा जीवन व्यवस्थित बनाउने ८ कला



भारतका चर्चित आध्यात्मिक गुरु स्वामी विवेकानन्दको ४ जुलाई १९०२ मा ३९ वर्षको उमेरमै निधन भएको थियो । तर, छोटो उमेरमै पनि उनले भारतीय वेदान्त दर्शन र योगलाई पश्चिमा विश्वमा फैलाउन महत्त्वपूर्ण भूमिका खेले । विश्वभरका करोडौँ मानिसमा सकारात्मक प्रेरणा भर्ने विवेकानन्दले जीवन व्यवस्थित बनाउन दिएका केही सुझाव यस्ता छन् :

आत्मविश्वास : आफू र आफ्नो क्षमतामा विश्वास गर्नुस् । चुनौतीसँग लड्नका लागि भित्री सामर्थ्य र कठोरता विकास गर्नुस् । आफ्नो क्षमतालाई बुझेर दक्षता अभिवृद्धि गर्नुपर्छ । जब तपाईंलाई आफ्नो बलियो पक्ष थाहा हुन्छ, तब कुनै पनि क्षेत्रमा आफ्नो विज्ञता कति छ भन्ने प्रस्ट थाहा हुन्छ र तपाईंमा आत्मविश्वास बढ्छ ।

सकारात्मक सोच : सधैँ सकारात्मक सोच्नुस् । कठिन समयमा आशावादी रहनुस् । मानवसँग भएको सबैभन्दा ठूलो स्रोत नै मस्तिष्क हो । नकारात्मक सोचले यसलाई कमजोर बनाइदिन्छ । तपाईंले जे सोच्नुहुन्छ, त्यही बन्ने हो । त्यसैले सकारात्मक सोच्न जरुरी छ ।

अनुशासन : आत्मअनुशासनको अभ्यास जीवनका हरेक पक्षमा गर्नुस् । विचार, कदम र बानी अनुशासित हुन जरुरी छ । यसले सफलता र व्यक्तिगत विकासमा सहयोग गर्छ ।

सेवाभाव : समाजको हितका लागि सोच्नुस् । स्वार्थरहित भएर गरिएको सेवाले दयाभाव र लगावलाई बढावा दिन्छ ।

निरन्तरको ज्ञान : पढ्न कहिल्यै नछाड्नुस् । ज्ञान र आत्मसुधार व्यक्तिगत तथा बौद्धिक विकासका लागि महत्त्वपूर्ण छ ।

शारीरिक स्वास्थ्य : आफ्नो शरीरको अध्यान दिनुस् । यसका लागि अभ्यास र सन्तुलित भोजन आवश्यक छ । समग्र खुसी र सफलताका लागि शारीरिक रूपमा स्वस्थ रहन जरुरी छ ।

नडराउनुस् : हरेक चुनौतीलाई साहसपूर्वक सामना गर्नुस् । कठिनाइको धैर्य र प्रतिबद्धताका साथ सामना गर्नुस् ।

आध्यात्मिक विकास : ध्यानका लागि समय छुट्याउनुस् । यसले भित्री शान्ति दिलाउँछ, मस्तिष्कलाई स्पष्ट गर्छ र आध्यात्मिक विकासमा सहयोग गर्छ । जीवनको गहिरो अर्थ र लक्ष्य खोज्नुस् । आफूलाई भित्रैदेखि चिन्ने प्रयास गर्नुस् । बाहिरी दुनियाँमा निर्भर रहनुभन्दा लक्ष्य हासिल गर्नका लागि आफ्नै प्रयास र क्षमतामा निर्भर रहनुस् । स्पष्ट योजना बनाउनुस् । आफ्ना भावनालाई अरूको प्रभाव वा दबाबविना नै स्वस्थ रूपमा अभिव्यक्त गर्ने कला सिक्न जरुरी छ ।

सिद्धार्थ बैंक लिमिटेड, शाखा कार्यालय चरिकोट, दोलखाको तपसिलमा उल्लेखित ऋणीलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

प्रकाशित मिति २०८०/१२/०४ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक

यस बैंकबाट ऋण लिएका तपसिल बमोजिमका ऋणीले ऋण लिंदा गरिदिएको लिखत र ऋण स्वीकृति पत्रको शर्तमा तोकिए अनुसार बुझाउनु पर्ने साँवा, ब्याज समेतको बैंकको लेना रकम नबुझाई ऋण लिंदा गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवं लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी ऋण दायित्व फछ्यौंट गर्ने तर्फ कुनै तदारुकता नदेखाएको हुनाले यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

अतः यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र बैंकलाई बुझाउन बाँकी रहेको सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुर चुक्ता भुक्तान गरी बैंकको कर्जा फरफारक फछ्यौंट गर्न गराउनका लागि सम्बन्धित ऋणी लगायत सम्बद्ध सबै पक्षलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ । सो म्याद भित्र बक्यौता रहेको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा ऋणी एवं धितो जमानतकर्ताले बैंकलाई लेखिदिएको तपसिल बमोजिमको धितो जहाँ जो अवस्थामा छ सोही अवस्थामा लिलाम बिक्री गर्ने, सो हुन नसकेमा बैंक आफैले धितोको सम्पत्ति गैर बैंकिङ्ग सम्पत्तिको रुपमा सकार गर्ने वा अन्य व्यवस्था गरी लेना असुल उपर गरिनेछ । कथंमकदाचित सो धितोबाट असुल उपर हुन नसके वा आंशिक रकम मात्र असुल उपर भई कर्जा बाँकी रहन गएमा उक्त बाँकी रकम ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ता व्यक्ति तथा निजको हकको अन्य चल अचल सम्पत्ति समेतबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानून बमोजिम लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिलिने, कर्जा असुलीको लागि ऋण असुली न्यायधिकरण एवं अन्य सक्षम न्यायिक निकायमा दावी उजुरी गरिने एवम् ऋणी तथा सम्बद्ध पक्षहरुलाई नेपाल राष्ट्र बैंकद्वारा बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकिकृत निर्देशिकाको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाइने व्यहोरा समेत ऋणी लगायत सम्बद्ध सबैलाई यसै सूचनाबाट जानकारी गराईन्छ ।

धितो जमानत गरिदिने जमानतकर्ता एवं अन्य जमानतकर्ताहरुले माथि उल्लेखित समयअवधी भित्र आफुले जमानत लेखिदिएको कर्जा एवं सोको ब्याज दैदस्तुर चुक्ता भुक्तान गरी आफ्नो धितो एवं जमानत फुकुवा गरी लिन सक्नु हुनेछ सो को लागि समेत यसै सूचनाद्वारा सूचित गराईन्छ, अन्यथा माथि उल्लेख गरिए बमोजिम धितो एवं जमानत लेखिएको सम्पत्ति लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकले आफ्नो लेना असुल उपर गर्नुका साथै नेपाल राष्ट्र बैंकद्वारा बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकिकृत निर्देशिकाको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाईने व्यहोरा जमानतकर्ताहरुलाई समेत जानकारी गराईन्छ ।

तपसिल

ऋणीको विवरण	
तिर्थ राज पकुवालको नाति, कृष्ण प्रसाद पकुवालको छोरा, दोलखा जिल्ला, साविक सुन्द्रावती गा.वि.स. वडा नं. ८ स्थायी ठेगाना भई हाल दोलखा जिल्ला, कालिञ्चोक गा.पा. वडा नं. ९ बस्ने **भरत प्रसाद पकुवाल** (ना.प्र.नं. २२१०१६/११३, जारी मिति २०६५/०६/०७, जि.प्र.का. दोलखा) ।	
व्यक्तिगत जमानीकर्ताको विवरण	
१. खडानन्द पकुवालको नाति, तिर्थ राज पकुवालको छोरा, दोलखा जिल्ला, कालिञ्चोक गा.पा. वडा नं. ९ बस्ने **कृष्ण प्रसाद पकुवाल** (ना.प्र.नं. १९०६, जारी मिति २०३५/११/२७, जि.प्र.का. दोलखा) ।	२. तिर्थ राज पकुवालको बुहारी, कृष्ण प्रसाद पकुवालको पत्नी, दोलखा जिल्ला, साविक सुन्द्रावती गा.वि.स. वडा नं. ८ स्थायी ठेगाना भई हाल कालिञ्चोक गा.पा. वडा नं. ९ बस्ने **मान कुमारी पकुवाल** (ना.प्र.नं. ५७९६-१९०९, जारी मिति २०४५/०१/०४, जि.प्र.का. दोलखा) ।
३. कृष्ण प्रसाद पकुवालकी बुहारी, भरत प्रसाद पकुवालकी पत्नी, दोलखा जिल्ला, साविक पवटी गा.वि.स. वडा नं. ५ स्थायी ठेगाना भई हाल कालिञ्चोक गा.पा. वडा नं. ९ बस्ने **देवकी उप्रेती** (ना.प्र.नं. २२००५/१२६, जारी मिति २०६५/०३/०२, जि.प्र.का. दोलखा) ।	४. तिर्थ राज पकुवालको नातिनी, कृष्ण प्रसाद पकुवालको छोरी, दोलखा जिल्ला, साविक सुन्द्रावती गा.वि.स. वडा नं. ८ स्थायी ठेगाना भई हाल कालिञ्चोक गा.पा. वडा नं. ९ बस्ने **मनुका पकुवाल** (ना.प्र.नं. २२-०१-७१-०३४१९, जारी मिति २०७१/०७/०३, जि.प्र.का. दोलखा) ।
धितोको विवरण	
खडानन्द पकुवालको नाति, तिर्थ राज पकुवालको छोरा, दोलखा जिल्ला, कालिञ्चोक गा.पा. वडा नं. ९ बस्ने कृष्ण प्रसाद पकुवाल (ना.प्र.नं. १९०६, जारी मिति २०३५/११/२७, जि.प्र.का. दोलखा) को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको दोलखा जिल्ला, साविक सुन्द्रावती गा.वि.स. वडा नं. ९ हाल कालिञ्चोक गा.पा. वडा नं. ९ स्थित कि.नं. २१०८ को क्षेत्रफल १८९६ (व.मि.) बमोजिमको घर/जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।	

Siddhartha Bank
शाखा कार्यालय : चरिकोट, दोलखा
फोन : ०४९-४२११२१
Website : www.siddharthabank.com

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
समस्याग्रस्त सहकारी व्यवस्थापन समितिको कार्यालय
बुद्धनगर, काठमाण्डौ ।

श्री लालीगुराँस बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड, पुल्चोक, ललितपुरका बचतकर्ता, ऋणी, सञ्चालक तथा सरोकारवालाहरुलाई जरुरी सूचना

सूचना प्रकाशित मिति : २०८०/१२/०४ गते

सहकारी ऐन २०७४ को दफा १०४ बमोजिम भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयको मिति २०८०/११/२९ को निर्णयबाट समस्याग्रस्त घोषणा भइ सम्पत्ति व्यवस्थापन तथा दायित्व भुक्तानी सम्बन्धी कार्य गर्न यस समिति समक्ष लेखि आएकोमा सोहि ऐनको दफा १११(१) बमोजिम सो सहकारी संस्थाको सञ्चालक समिति, व्यवस्थापन तथा कर्मचारीको अधिकार स्वतः निलम्बन हुने हुँदा निम्नानुसारको व्यहोरा सम्बन्धित सबैको लागि जानकारी गराईन्छ ।

- सञ्चालक तथा कर्मचारीले सो सहकारीसँग सम्बन्धित सम्पूर्ण कागजात तथा सम्पत्तिहरु यस समिति समक्ष बुझाई कार्यालय बन्द गर्नुको साथै कुनै पनि कारोवार नगर्नु नगराउनु हुन ।
- सञ्चालक र कर्मचारीले यस समिति समक्ष उपस्थित भइ आवश्यक सहयोग गर्नु हुन ।
- ऋणी सदस्यहरुले यस समितिमा सम्पर्क राखि ऋण भुक्तानी गर्नु हुन साथै साविक सञ्चालक/कर्मचारीसँग भुक्तानी सम्बन्धी कारोवार नगर्नु हुन ।
- बचतकर्ताहरुले बचतसँग सम्बन्धित सम्पूर्ण प्रमाणहरु सुरक्षित राखी यस समितिबाट मागदावी निवेदन आवेदनको सूचना जारी भएपछी यस समिति समक्ष निवेदन पेश गर्नु हुन ।
- समस्याग्रस्त घोषित संस्थाको सम्पत्ति व्यवस्थापन तथा दायित्व भुक्तानीको लागि समितिको कार्यालयसँग मात्र काम कारवाही गर्नु हुन ।
- विस्तृत एवं अद्यावधिक सूचनाको लागि यस कार्यालयको Website- www.coopmc.gov.np हेर्नु हुन ।

धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्री सम्बन्धी गोप्य शिलबन्दी बोलपत्र आव्हानको १५ दिने सूचना

प्रकाशित मिति : २०८०/१२/०४ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक

यस विकास बैंकको शाखा कार्यालय पडसरी, रुपन्देहीबाट तपसिलमा उल्लेखित ऋणीले लिनु भएको ऋण कर्जा बापत बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, थप ब्याज, आदि नतिरी नबुझाई कर्जाको शर्त बन्देज उल्लंघन गर्नु भएकोले ऋण कर्जा लगायतको बैंकको लेना रकम तिर्न बुझाउनको लागि पटक पटक मौखिक, लिखित एवं विभिन्न मितिमा सार्वजनिक सूचना प्रकाशित गरी कर्जा चुक्ता गर्न अनुरोध गर्दा समेत कर्जा नबुझाई बैंकको अनुरोधलाई बेवास्ता गर्नु भएको हुँदा ऋण कर्जाको धितो सुरक्षणमा रहेको तपसिलमा उल्लिखित चल/अचल सम्पत्ति, जहाँ जे जस्तो अवस्थामा छ, सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा बैंकको नियमानुसार गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गर्नुपर्ने अवस्था आएकोले यो गोप्य शिलबन्दी बोलपत्र आव्हान गरिएको छ । धितोमा रहेको तपसिलको सम्पत्ति सकार गरी लिन इच्छुक व्यक्ति वा संघ संस्थाहरुले बैंकको सम्बन्धित शाखा कार्यालयबाट प्राप्त हुने बोलपत्र फारम रितपूर्वक भरी यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र सम्बन्धित शाखा कार्यालयमा बुझाउन सक्नुहुनेछ । बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरिएको छ । सो शर्तहरु यसै सूचनाको अभिन्न अङ्गको रुपमा लागु हुनेछन् । बोलपत्र दर्ता गर्ने अन्तिम दिन र/वा बोलपत्र खोलिने दिन कुनै सार्वजनिक बिदा परेमा सो लगत्तै बैंक खुलेको दिन बोलपत्र दर्ता गर्न सकिने र/वा बोलपत्र खोलिने छ । उल्लेखित समयावधि भित्रमा कर्जा चुक्ता गर्नु गराउनु हुन ऋणी लगायत सम्बन्धित पक्षहरुलाई अनुरोध गर्दछौं । अन्यथा उल्लेखित धितो सम्पत्ति लिलाम बिक्री गरी वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मुल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैले सकार गरि लिएमा पछि मेरो सम्पत्तिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरि लियो भनि कहि कतै कुनै उजुर बाजुर गर्न पाउनु हुने छैन । उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा पुनर्मुल्याङ्कन गरी बैंक आफैले सकार गर्दा समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, अन्य प्रचलित ऐन कानून तथा बैंकको नियमानुसार असुल उपर हुन बाँकी बक्यौता कर्जा रकम असुल उपरका लागि ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गरी ऋणी तथा सम्बन्धित पक्षहरुको अन्य चल अचल जायजेथा श्री सम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने हुँदा यथाशिघ्र सम्बन्धीत कर्जा चुक्ता गरी गराई धितो सम्पत्ति फिर्ता लिन हुन ऋणी, धितो धनी तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा पुनः अनुरोध गरिन्छ ।

बोलपत्र दर्ता गर्ने अन्तिम मिति : २०८०/१२/१८ गते/स्थान : शाखा कार्यालय पडसरी, रुपन्देही

बोलपत्र खोलिने मिति/समय : २०८०/१२/२० गते, मंगलबार दिनको ३ बजे

क्र.सं.	ऋणीको नाम, ठेगाना	धितोको विवरण
१.	**नाम : अमझरी ट्रेडीङ्ग** नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग, वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालय, भैरहवा, रुपन्देही दर्ता नं. ४६६२३/०७७/०७८, दर्ता मिति : २०७७/०४/०५ पान नं. ६१३३७२६३३, दर्ता मिति : २०७७/०४/०८ ठेगाना : रुपन्देही जिल्ला, ओमसतिया गा.पा. वडा नं. ४, बसन्तपुर **प्रोप्राइटर : मोहम्मद सहिद जोल्हा**	मोहम्मद सहिद जोल्हाको नाममा मालपोत कार्यालय भैरहवा, रुपन्देहीमा दर्ता कायम रहेका रुपन्देही, जिल्ला, बसन्तपुर गा.वि.स. वडा नं. ९/ख स्थित कित्ता नं. ९५६ को क्षेत्रफल ०-०-१५ बिघा भएको घरजग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।
	जमानतकर्ताको विवरण	
	१. नाम : मोहम्मद सहिद जोल्हा ना.प्र.नं. २०७१९, जि.प्र.का. रुपन्देही जारी मिति २०५९/०१/१२ बाबुको नाम : सफीउद्धीन जोल्हा बाजेको नाम : भुवर ठेगाना : रुपन्देही जिल्ला, वगहा गा.वि.स. वडा नं. ६ हाल : रुपन्देही जिल्ला, ओमसतिया गा.पा. वडा नं. ४	**२. नाम : आबिदा खातुन** ना.प्र.नं. २९५१०, जि.प्र.का. रुपन्देही जारी मिति : २०६२/०४/१३ पतिको नाम : मोहम्मद सहिद जोल्हा ससुराको नाम : सफीउद्धीन जोल्हा ठेगाना : रुपन्देही जिल्ला, सिद्धार्थनगर न.पा. वडा नं. १२ हाल : रुपन्देही जिल्ला, ओमसतिया गा.पा. वडा नं. ४

ज्योति विकास बैंक लि.
JYOTI BIKASH BANK LTD.
More than a Bank
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त वित्तीय संस्था)

केन्द्रीय कार्यालय: का.म.न.पा. वडा नं. ०१, कमलपोखरी, काठमाडौं, नेपाल
फोन नं. ०१-५९७०३०६-१२
शाखा कार्यालय : पडसरी, रुपन्देही, फोन नं. ०७१४२९५०३
Website: www.jbbl.com.np, Email: info@jbbl.com.np

के खाएर बाँच्ने हो अब ?

सरकारले जैविक तथा प्रांगारिक मल, रैथाने जातका बिउबिजन, मानव स्वास्थ्यमा प्रतिकूल प्रभाव नपार्ने कीटनाशक औषधि प्रयोगलाई प्रोत्साहन गर्नुपर्छ



● पुष्पराज श्रेष्ठ

अग्रलेख

चार वर्ष उमेर पुग्ने लागेकी नातिनीलाई रक्त क्यान्सर लागेको पुष्टि भएपछि काठमाडौंस्थित निजामती कर्मचारी अस्पतालमा भर्ना गराई उपचार सुरु गरियो । सम्बन्धित विशेषज्ञ चिकित्सकले बिरामीले दुध र यसबाट बनेका परिकार, च्याउ, पाउरोटी, केक, बिस्कुट, अमिलो, पिरो, चिल्लो भएका परिकार खान नमिल्ने र बाँकी खानेकुरा खान मिल्ने बताए । त्यसैले उनलाई पोषक, शुद्ध खानेकुरा र फलफूल खान दिने विचार गरियो ।

तरबुजा, केरा, सुन्तलालगायत फलफूल पनि खान दिनू भनेका थिए चिकित्सकले । अचेल सबै तरबुजाको गुदी रातो र गुलियो बनाउन खेतमै हुँदा त्यसमा सुई लगाइन्छ रे ! अनार पनि त्यस्तै देखिन्छन् । तरबुजा र अनारका आकारप्रकार पनि १२-१५ वर्षअघिभन्दा फरक भएका छन् । कारखानाबाट उत्पादित सामानजस्तै एकनासका । आँप र केरा पकाउन प्रयोग गरिने कार्बाइड पाउडरबाट हाड र छालासम्बन्धी रोग र क्यान्सरसम्म हुन सक्छ भनिन्छ । एकपटक बेमौसमी आँप खाँदा हाम्रो पूरै परिवारलाई पखाला लागेको सम्झना आयो । त्यसैगरी सिजनभन्दा अगाडि बजारमा देखिएको अंगुर खाँदा पनि वाकवाकी लागेको थियो । रातो आकर्षक देखेर स्याउ किन्दा त्यसमा मैन लाएर चिल्लो बनाएको पनि हुन सक्छ भनेको सुनिएको थियो । एकपटक त्यस्तै स्याउ कसैले घरमा ल्याएपछि तरकारी काट्ने चक्कु बिस्तारै स्याउमाथि चलाउँदा साँच्चै नै मैनजस्तो सेतो पदार्थ निस्क्यो । अहिले बजारमा पाइने धेरैजसो फलफूल खानयोग्य छैनन् ।

खसीको मासुको तुलनामा कुखुराको मासु वा माछा पचाउन सहज हुन्छ । कुखुरा पालन गर्ने मेरा एक मित्रले भनेको कुराको सम्झना आयो । उनले भनेका थिए- 'मैले कुखुरा पालन गरेर मासु त बेच्छु, तर म आफैं भने खान्नँ किनकि कुखुरा पाल्दा र हुर्काउँदा खुवाउनुपर्ने दाना, भ्याक्सिन र औषधि सम्झँदा आफैंलाई वाकवाकी लाग्छ ।' हुन पनि मासु खाँदा ठुस्स गन्हाउँछ । गाईपालन गरेर दुध बिक्री गर्नेहरूले दुध छिटो र बढी उत्पादन गर्न गाईलाई सुई लगाउँछन् । माछा बिक्री गर्न ल्याउँदा त्यसलाई ताजा देखाउन फर्मालिन नामको रासायनिक औषधिको उपयोग गरिन्छ । अब यसप्रकार उत्पादन गरिएका माछा, मासु, दुध तथा अन्डाले मानव स्वास्थ्यमा कति हानि पुऱ्याउलान्, विचारणीय पक्ष हो ।

विभिन्न घरपालुवा पशुपक्षी, धान, गहुँ, मकैलगायत विभिन्न खाद्यान्न, दाल, तरकारी, तेलहनका स्थानीय जातका बिउबिजन पाइन छाडेको धेरै भइसक्यो । वर्णशंकर तथा हाइब्रिड बिउबिजनको विकास गरी प्रयोगमा ल्याइएका छन् । किसानले घरमै बिउ उत्पादन गर्न नसक्ने अवस्था आएको छ ।

उहिले खेतबारीमा कुहिएका गोबरमल, गोमूत्र, खरानी, निमको पात, असुरोको पात, तितेपातीजस्ता मानव स्वास्थ्यमा खराब असर नगर्ने वस्तुलाई मल र कीटनाशकका रूपमा उपयोग गरिन्थ्यो । अहिले विभिन्न प्रकारका रासायनिक मल तथा विषादिको प्रयोग हुने गरेको छ । खेतबारीमा फल्न लागेका फर्सी, काँक्रा, घिरौंला, गोलभेंडा, तरबुजा, खरबुजा आदि तरकारी तथा फलफूललाई रातारात हुर्काएर आकार र तौलमा वृद्धि गरी बजारमा बिक्रीका लागि पठाउन मानव स्वास्थ्यका लागि हानिकारक अक्सिटोसिनजस्ता विभिन्न रसायनको प्रयोग गरिन्छ । त्यसैगरी आँप, केरा, लिची, अंगुर आदि फलफूललाई काँचैमा टिपेर छिटोभन्दा छिटो बजारमा बिक्री गर्न क्याल्सियम कार्बाइड, इथाईलिन, इथोफोनजस्ता औषधि र रासायनिक पदार्थको प्रयोग गरिन्छ । स्याउ, भन्टा, परवर, केरा आदि फलफूल तथा तरकारीमा रंग र मैनको प्रयोग हुने गरेको छ ।

कृषिजन्य वस्तु उत्पादन गर्दा सरकारले आवश्यकताअनुसार मल, औषधि, विषादि र रासायनिक पदार्थ प्रयोगको प्रकार र मात्रा निर्धारण गरिदिएको हुन्छ । तर, कृषकले समय र लागत बचत गरी बढी मुनाफा आर्जन गर्ने उद्देश्यले निर्धारण गरिएबाहेक र बढी परिमाणमा यस्ता मल, औषधि, विषादि तथा रासायनिक पदार्थको प्रयोग गरिदिनाले उत्पादित खाद्य पदार्थमा प्राकृतिक स्वाद त हुँदै हुन्न, उल्टो मानव स्वास्थ्यका लागि अत्यन्तै हानिकारकचाहिँ हुन्छन् । यस्ता वस्तुको उपभोगबाट झाडापखाला, टाउको दुख्नेजस्ता सामान्य समस्यादेखि आँखाको दृष्टि क्षमतामा ह्रास आउने, मुटुको रोग, ब्रेन हेमरेज, नसासम्बन्धी रोग, छालासम्बन्धी रोग, किड्नी र कलेजोसम्बन्धी रोग तथा क्यान्सरजस्ता गम्भीर प्रकृतिका रोग लाग्न सक्ने सम्भावना बढी नै हुन्छ । महिला तथा पुरुषमा हर्मोनल गडबडी उत्पन्न भई



प्रजनन शक्तिमा ह्रास आउन सक्छ । रोगसित लड्न सक्ने क्षमतामा ह्रास आउन सक्छ । विभिन्न मेडिकल रिपोर्टबाट यस्ता तथ्य प्रमाणित भइसकेका छन् । अस्पतालहरूमा तीव्र गतिमा वृद्धि भइरहेको बिरामीको चापले पनि यसको पुष्टि गर्छ ।

अधिकांश किसानले दुधमा फोहोर पानी मिसाउने गर्नाले र केही ठूला डेरी उद्योगले कास्टिक सोडा र अन्य पदार्थ दुधमा मिसाएर बिक्री गर्नाले उपभोक्तामा झाडापखालादेखि क्यान्सरसम्मका रोग लाग्न सक्ने प्रबल सम्भावना रहन्छ । बजारमा बिक्री गरिने माछालाई ताजा देखाउन फर्मालिन नामको रासायनिक पदार्थको प्रयोग गरिन्छ, जसलाई मरेका मानिसको शवलाई गन्हाउनबाट रोकेर केही दिनसम्म यथावत् राख्न अस्पतालले प्रयोग गर्छन् । रोगी तथा मरेका पशुपक्षीको मासु खरिदबिक्री गर्ने चलन पनि नेपाली समाजमा सामान्यजस्तै भइसकेको छ ।

> प्राकृतिक, विशुद्ध, स्थानीय वा रैथाने जातका बिउबिजन र प्रांगारिक तथा जैविक मल एवं प्राकृतिक कीटनाशक प्रयोग गरेर उत्पादन गरिएका खाद्यान्न, दाल, तरकारी, फलफूल खानै नपाइने भएपछि अब के खाएर कसरी बाँच्ने भन्ने प्रश्न उठ्न थालेको छ

अचेल बजारमा वर्णशंकर (हाइब्रिड) चामल, दाल आदि पाइन्छन् । चामल उसिनेको र दाल पोलिस गरिएको हुन्छ । यस्ता खाद्यान्न पेट भर्न मात्र खाने हो । तरकारी खानु भनेको विष खानुसरह भएको छ । खाने तेल, घिउ, मसला आदिमा व्यापक रूपमा मिसावट गरिएको हुन्छ । सानाठूला उद्योगबाट उत्पादन गरिने चाउचाउ, बिस्कुट, चिजबल्स, दालमोठ, भुजिया, फुरन्दाना, आलु चिप्सलगायत उत्पादनमा प्रयोग गरिने खाद्यवस्तु तथा तेलको गुणस्तर राम्रो हुँदैन । यस्ता अधिकांश खानेकुरामा खराब बोसोको प्रयोग गरिन्छ, जसले गर्दा मधुमेह र मुटुको रोग लाग्न सक्छ । सरकारी संस्थानले आपूर्ति गर्ने तथा पानीका विभिन्न उद्योगले चर्को मूल्यमा बजारमा बिक्री गर्ने बोतल र जारका पानीसमेत प्रदूषित हुन्छन् । यस्तो पानीमा मानव स्वास्थ्यमा प्रतिकूल प्रभाव पार्ने विभिन्न किसिमका रासायनिक पदार्थ, झाडापखाला, टाइफाइड, जन्डिस र हैजालगायत विभिन्न रोग फैलाउने विषाक्त जीवाणुसमेत फेला परिरहन्छन् ।

वास्तवमा अब हामीले के खाएर जिउने हो भन्ने प्रश्नमाथि गम्भीर हुनु जरुरी छ । प्राकृतिक, विशुद्ध, स्थानीय वा रैथाने जातका बिउबिजन र प्रांगारिक तथा जैविक मल एवं प्राकृतिक कीटनाशक प्रयोग गरेर उत्पादन गरिएका खाद्यान्न, दाल, तरकारी, फलफूल खानै नपाइने भएको छ । हाइब्रिडबाहेक रैथाने जातका पशुपक्षीको अभाव भएको छ । दूषित माछा, मासु तथा दुध उपयोग गर्न बाध्य पारिएको छ । बजारमा शुद्ध वस्तुहरू नै नपाइने हुँदा केही उपभोक्ता सचेत भएर पनि यस्ता वस्तुको उपयोग गर्न बाध्य छन् । त्यसैले अब सरकारले नै यसतर्फ आवश्यक कदम चाल्नुपर्ने अवस्था छ । लगभग चालीस वर्षअघिदेखि नेपालमा सरकारले वैदेशिक संस्थाको सहयोगमा विकासे बिउबिजन, रासायनिक मल र कीटनाशक औषधिको प्रयोग गरेर कृषि उत्पादन बढाउने कार्य गरिरहेको हुँदा अहिलेको विकराल अवस्था सिर्जना भएको हो । उपभोक्ता एक्लै सचेत भएर मात्र पुग्दैन, सरकार पनि युद्धस्तरमा एकीकृत रूपमा यसतर्फ अग्रसर हुनुपर्छ ।

उपभोक्ता अब जागरुक हुनुपर्छ । दूषित माछा, मासु, अन्डा तथा फलफूलको उपभोग कम गर्नुपर्छ । बिस्कुट, चाउचाउ, चिजबल्स, आलु चिप्सजस्ता जंक फुड नखाँदा केही फरक पर्दैन । पसलेलाई पनि उपभोक्ताले उच्च गुणस्तरका वस्तु मात्र बिक्री गर्न बारम्बार घचघच्याउनुपर्छ । न्यून गुणस्तरका वस्तुको माग कम भएपछि यस्ता वस्तुको उत्पादन र आपूर्ति घट्दै जान्छ । तरकारी खरिद गर्दा पनि पसलेसित प्रश्न गर्ने बानी बसाल्नुपर्छ । थोरै महँगो भए पनि स्थानीय बारीमा जैविक मल हालेर फलाइएका खानेकुरा खाने बानी बसाल्नुपर्छ । विदेश, विशेषगरी भारतबाट आयात हुने तरकारी तथा खाद्यान्नलगायत सम्भव भएसम्मका अधिकांश खानेकुरा किनेर खाने बानी त्यागेर आफ्नै घर परिवारका सदस्यको स्वास्थ्य रक्षा हुन्छ ।

तीनै तहका सरकारले आआफ्नो क्षेत्रभित्र जैविक तथा प्रांगारिक मल, रैथाने जातका बिउबिजन, मानव स्वास्थ्यमा प्रतिकूल प्रभाव नपार्ने कीटनाशक औषधिको उपयोग गरी खेती गर्न प्रोत्साहन गर्नुपर्छ । यसबाट देशभित्रको माटोको उर्वराशक्तिको संरक्षण पनि हुन्छ । अमेरिका, युरोपियन मुलुक, इजरायल, जापानलगायत विभिन्न मुलुक परम्परागत, जैविक खेतीतर्फ फर्कन थालेका छन् । अधिकांश मुलुकले बाह्य मुलुकबाट आफ्नो देशभित्र भित्रिने सबै प्रकारका खाद्यवस्तुको नाकामै कडा परीक्षण र चेकजाँच गरी आफ्नो देशले तोकेको मापदण्डविपरीत भए देशभित्र छिर्नै दिँदैनन् । नेपालका धेरैजसो कृषि उत्पादन मापदण्डविपरीत हुने हुँदा अमेरिका र युरोपियन देशले आफ्ना मुलुकभित्र प्रवेश गर्न दिँदैनन् । नेपालमा भने भारतबाट खाद्यान्न, दाल, सब्जी, फलफूललगायत खाद्यवस्तु बेरोकटोक भित्रिन्छन्, जो मानव स्वास्थ्यका लागि अत्यन्तै हानिकारक हुन्छन् । सरकारले भारतलगायत जुनसुकै मुलुकबाट आयात हुने बिउबिजन, सबै प्रकारका खानेकुरा र मल कीटनाशक औषधिको भन्सार बिन्दुमै कडा परीक्षण गरी मापदण्डबाहिर पर्नेजतिलाई देशभित्र प्रवेश हुनबाट रोक्नुपर्छ । आफ्नो जनताको जिउधनको रक्षा गर्नु सरकारको प्रमुख कर्तव्य हो ।

अब नेपाली उपभोक्ता जागरुक हुनुपर्छ । खाना मानिसलाई बाँच्नका लागि नभई नहुने अनिवार्य आवश्यकताको वस्तु भएको हुँदा किसान, उद्योगी, व्यवसायी, सरकारी निकायका जिम्मेवार पदाधिकारी इमानदार र जिम्मेवारपूर्ण भई स्वस्थ खानेकुराको सेवन गर्ने र गराउने वातावरण निर्माण गर्नुपर्छ ।

(श्रेष्ठ अवकाशप्राप्त उपसचिव हुन्)

---

३ प्रश्न

पूर्वप्रहरी अतिरिक्त महानिरीक्षक **पुष्कर कार्की**लाई



सरकारले सुन तस्करीसम्बन्धी जाँचबुझ आयोगको प्रतिवेदन कार्यान्वयनमा लानुले के संकेत गर्छ ?

कुनै पनि जाँचबुझ आयोग विशेष प्रकृतिका घटनाबारे विस्तृत अनुसन्धान गरी आवश्यक कारबाही सिफारिस गर्न गठन गरिएका हुन्छन् । खास कामका लागि गठन गरिने यस्ता आयोगले छोटो समयको कार्यावधि पाएका हुन्छन् । जसले गर्दा आयोगलाई सुन तस्करीजस्तो गम्भीर प्रकृतिको संगठित अपराधको अनुसन्धान गर्न सहज हुँदैन । अन्य कतिपय देशमा लामो समय लगाएर पनि अनुसन्धान गर्ने चलन हुन्छ । हामीकहाँ भने यस्ता आयोगले कम समयमै भए पनि अध्ययन, अनुसन्धान गरेर प्रतिवेदन दिने गरेका छन् । त्यस्तो प्रतिवेदन कार्यान्वयनमा जानु सकारात्मक छ । यसले राम्रो सन्देश दिएको छ । कार्यान्वयन कसरी हुन्छ, त्यो चाहिँ भविष्यले नै बताउला ।

आयोगले छानबिन गर्न सिफारिस गरेका 'हाई प्रोफाइल' सम्म पुग्ला त सरकारको हात ?

भर्खर प्रतिवेदनको कार्यान्वयन सुरु भएको छ । अहिले नै किन आशंका गरिरहनु ? माथिसम्म पुग्ला कि नपुग्ला भन्नुभन्दा पनि काम सुरु भएको छ । आगामी दिनमा पक्कै पनि यो छानबिन माथिसम्मै जाला र जानु पनि पर्छ । अहिलेलाई हामी सबैले जाओस् भन्ने कामना गरौं । जनताको स्तरबाट यसमा निरन्तरको खबरदारी पनि जरुरी छ ।

सिआइबी प्रमुखसमेतले अनुसन्धानलाई फितलो बनाउन खोजेको भनेर हेडक्वार्टर तानिनुले के संकेत गर्छ ?

कुनै 'केस'मा अनुसन्धान गरिरहेका प्रहरी अधिकृत या अन्य कर्मचारीलाई सम्बन्धित जिम्मेवारीबाट हटाउनु वा अन्यत्र खटाउनु गलत भयो मात्र भन्न मिल्दैन । यसले अनुसन्धानलाई सहज बनाउन सघाउन पनि सक्छ । तर, कसैलाई विनाकारण 'भिक्टिमाइज' गर्न भने मिल्दैन ।

प्रेरक प्रसंग

युवकको खाजा

एक अत्यन्त गरिब परिवारको बेरोजगार युवक कामको खोजीमा अर्को सहरको यात्रामा थियो । ऊ रेल चढेर जाँदै थियो । उसको घरमा खानामा कहिलेकाहीं मात्र तरकारी बन्थ्यो । त्यसैले, उसले बाटामा खानका लागि पनि विनातरकारी सुक्खा रोटी मात्र बोकेको थियो ।

यात्रामा अघि बढ्दै जाँदा उसलाई भोक लाग्यो । उसले टिफिनबाट रोटी निकाल्यो र खान थाल्यो । तर, उसको रोटी खाने तरिका भने अनौठो थियो । ऊ जब-जब रोटीको टुक्रा हातमा लिन्थ्यो, तब त्यसलाई टिफिनभित्र यसरी चोब्थ्यो, मानौं त्यसमा तरकारी या अचार राखिएको छ र ऊ त्यसैसँग रोटी खाइरहेको छ । तर, उसको टिफिनमा रोटीबाहेक तरकारी या अचार केही पनि थिएन ।

उसको यस्तो व्यवहार देख्दा रेलमा यात्रा गरिरहेका अन्य यात्रु छक्क परिरहेका थिए । त्यो युवक हरेकपटक त्यसैगरी रोटीको टुक्रा हातमा लिन्थ्यो, टिफिनमा तरकारी या अचारमा चोबेजसरी चोब्थ्यो र स्वाद मानीमानी खान्थ्यो । उसको यस्तो हर्कतमा ध्यान दिइरहेका एक यात्रुले उनलाई सोधे- भाइ, तिमी यस्तो किन गरिरहेका छौ ? जब तिम्रो टिफिनमा तरकारी या अचार केही पनि छैन भने बारम्बार किन तिमी रोटीको टुक्रा तरकारी या अचारमा चोबेजस्तो गरेर खाइरहेका छौ ? युवकले जवाफ दियो- हो, मेरो टिफिनमा तरकारी या अचार केही पनि छैन । तर, म मनमनै यसमा साँच्चैको अचार छ भन्ने सोचेर रोटी खाइरहेको छु । यसबाट मलाई अचारको स्वाद पनि आइरहेको छ । उसको जवाफ सुनेपछि ती प्रश्नकर्ता यात्रुले हैरान हुँदै प्रश्न गरे- भनेपछि तिमी रित्तो टिफिनमा अचार छ भन्ने सोचेर रोटी चोबेर खाइरहेका छौ र तिमीलाई अचारको स्वाद पनि महसुस भइरहेको छ ?

युवकले जवाफ दियो- हो, मलाई अचारको मिठो स्वाद महसुस भइरहेको छ । त्यसैले त म रोटी चोबेर खाइरहेको छु नि ! उसको जवाफ रेलका अन्य यात्रुले पनि सुने । तिनैमध्ये एक युवकले भन्यो- यसरी सोच्नु नै थियो भने तिमीले अचारको साटो मटर-पनिर या अन्य स्वादिष्ट तरकारी सोच्नुपर्थ्यो नि ! कमसेकम तिमीलाई अचारको साटो तिनको स्वाद प्राप्त हुन्थ्यो नि । आखिर सोच्नु नै छ भने किन सानो सोच्ने ? केही ठूलै सोचियो भने पो ठूलै सफलता पाइन्छ, होइन र ? युवकले सहमतिमा टाउको हल्लायो ।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

सरकारको स्वागतयोग्य कदम

सरकारले सुन तस्करी नियन्त्रणसम्बन्धी जाँचबुझ गर्न गठित आयोगको प्रतिवेदन कार्यान्वयनमा लगेर स्वागतयोग्य काम गरेको छ । यअसघिका अधिकांश छानबिन आयोगका प्रतिवेदन मन्त्रालयका दराजमा थन्किने गरेको हामी सबैले थाहा पाएकै हो । तर, यसपटक भने गृहमन्त्री रवि लामिछानेको पहलमा सरकारले प्रतिवेदन कार्यान्वयनमा लगेर केही 'हाई प्रोफाइल' आरोपीलाई पक्राउसमेत गरेको हुनाले अब यो देशमा केही हुन्छ कि जस्तो देखिएको छ । हुन त पक्राउ गर्दैमा केही भयो नै भन्न त सकिन्न । तर, पक्राउपछि अब यिनलाई सही अभियोजन गरी अदालतमा पुऱ्याइयो भने यसलाई नेपाली राजनीतिको निकै ठूलो उपलब्धि मान्नुपर्छ ।

● **वन्दना ओझा**, सामाखुसी, काठमाडौं

आरोपी कोही नछुटून्

सरकारले सुन तस्करी नियन्त्रणसम्बन्धी जाँचबुझ आयोगको प्रतिवेदन कार्यान्वयनमा लगेपछि आयोगले सिफारिस गरेका उच्चपदस्थ आरोपीचाहिँ उम्किने हुन् कि भन्ने प्रश्न उठिरहेको छ । यो तस्करीको लहरो जहाँसम्म पुगेको भए पनि अनुसन्धान त्यहींसम्म पुग्नुपर्छ । साथै, कानुनको नजरमा कोही पनि सानो या ठूलो भन्ने हुँदैन भन्ने स्थापित गर्नै पनि आरोपी उच्चपदस्थमाथि निष्पक्ष छानबिन हुनु जरुरी छ । यसमा विशेषगरी गृहमन्त्री रवि लामिछानेले खुट्टा दह्रो बनाऊन् र कसैको दबाबसामु नझुकून् ।

● **मल्लिका राई**
इमाडोल, ललितपुर

सानो प्रयासको ठूलो प्रभाव

'गाउँमै नुन पाउँदा उजेलियो अनुहार' शीर्षकको समाचार पढ्दा खुसी लाग्यो । एक पाकेट नुन किन्न १५ सयभन्दा बढी खर्च गरेर सदरकुमसम्म धाउनुपर्ने बाध्यतामा रहेका कालिकोटको महावै गाउँपालिकाका बासिन्दा आफ्नै गाउँमै नुन पाउन थालेपछि त्यसरी खुसी भएका रहेछन् । वास्तवमा राज्यले जनतालाई दिने सुविधा र सहुलियत भनेकै सर्वसुलभ सेवाप्रवाह हो । गाउँमै नुन पुऱ्याएर सरकारले कुनै ठूलो काम गरेको होइन । तर, उसको सानो प्रयासले ठूलो प्रभाव पारेको छ ।

● **सुलोचना सिग्देल**
घट्टेकुलो, काठमाडौं

ट्राफिक बत्ती निरन्तर चलाइयोस्

सडकमा ट्राफिक बत्ती निरन्तर चलाउनुहुन ट्राफिक कार्यालयलाई मेरो विनम्र अनुरोध छ । यसले बटुवामा रातो-हरियो बत्ती हेरेर बाटो काट्ने बानी बसाल्छ भने चालकलाई पनि अनुशासित बनाउँछ । ट्राफिक प्रहरीले पनि बीच सडकमा हात हल्लाएर बस्नुपर्दैन । सिठी बजाउँदा हुने ध्वनि प्रदूषणमा पनि कमी आउँछ । हालै कोटेश्वरको सडकमा बसको ठक्करबाट ट्राफिक प्रहरीको ज्यान गयो । यसका लागि पनि चोकचोकमा ट्राफिक लाइट चालू राख्नुपर्ने देखिन्छ ।

ट्राफिक बत्ती बालिराखिएमा टाढैबाट पनि देखिन्छ र सोहीअनुसार चालकले आफ्नो सवारीको गति मिलाउन पाउँछन् । बत्तीले समय पनि देखाउने भएकाले गाडी-बाइक स्विच अफ गरेर राख्न पनि पाइन्छ । ट्राफिकले हात हल्लाउँदा कुन वेला रोकिन्छ र कुन वेला जान पाइन्छ भन्ने थाहै नहुँदा सबैले इन्जिन अन नै राख्छन्, जसले गर्दा इन्धन धेरै खपत हुनुका साथै प्रदूषण पनि बढ्छ । अर्को कुरा सबै ट्राफिक प्रहरी एकैनासका हुँदैनन्, कसैले लामो समय रोकिदिन्छन् त कसैले छोटो समय । तर, धेरैबेर एकातिर रोकिदिनाले अर्कोतर्फ ठूलै जाम भइसकेको हुन्छ । त्यसैले, एकैसुरमा एकतर्फ रोक्यारोक्यै गर्दा ट्राफिक व्यवस्था अस्तव्यस्त हुने गरेको पनि देखिन्छ ।

त्यसैले निरन्तर रूपमा ट्राफिक बत्ती चलाउने गरेमा ट्राफिक प्रहरीले बीच सडकमा उभिरहनुपर्दैन । बरु निरन्तर ट्राफिक बत्ती चलाएमा बढी भएको ट्राफिक जनशक्तिलाई ट्राफिक बत्ती नभएको भित्री सहरका सडकतिर खटाएर ट्राफिक व्यवस्थापन सहज गराउन सकिन्छ । त्यसैले, यसतर्फ ट्राफ्रिक प्रहरीको अविलम्ब ध्यान जाओस् ।

● **दीपक तुलाधर**, दरबारमार्ग, काठमाडौं
dipaktuladhar@gmail.com

सीपको प्रमाणपत्रसँगै रोजगारी

सीप सिकिसकेपछि युवाले त्यसको प्रमाणपत्र सिरानी हालेर निष्क्रिय रहनुपर्ने अवस्था अन्त्य भई सीधै रोजगारीसँग जोडिनुपर्छ



● सन्तोष चौलागाईं

बागमती प्रदेश युवा परिषद् ०७८ असार २५ गते विधिवत् रूपमा उद्घाटन भयो । उद्घाटनदेखि नै परिषद्ले युवाक्षेत्रमा महत्त्वपूर्ण काम गर्दै आएको छ । परिषद्ले सबैभन्दा पहिले यस क्षेत्रमा काम गर्न अत्यावश्यक युवा नीति बनायो । युवाका लागि कार्यक्रम कार्यान्वयन गर्न १३ प्रकारका कार्यविधि निर्माण गऱ्यो ।

परिषद्ले युवालाई सुरुमा सीप सिकाएर मात्र रोजगारीसित जोड्ने काम गर्दै आएको छ । सीप नभएकै कारण नेपाली युवा बिदेसिनुपरेको र रोजगारीका लागि पढाइसँगै सीप पनि आवश्यक रहेकाले यसतर्फ परिषद्ले विशेष जोड दिएको छ । विशेषगरी १६ वर्षदेखि ४० वर्ष उमेर समूहका युवालाई लक्षित गरेर काम परिषद्ले काम गरिरहेको छ । यसका लागि परिषद्ले युवालाई सीप, उद्यमशीलता, युवा सशक्तीकरण र स्वयंसेवाजस्ता क्षेत्रमा सेवा दिइरहेको छ ।

बागमती प्रदेशभरका युवाको क्षमता अभिवृद्धि गर्दै युवालाई सिर्जनशीलतासँग जोड्न धेरै खालका सीप सिकाउने काम परिषद्ले गर्दै आएको छ । प्रदेश युवा परिषद्ले प्रदेशभित्रका १३ जिल्लाका युवालाई पहिले सीपसँग जोड्ने प्रयत्न गरेको छ । उनीहरूलाई तत्काल रोजगारी दिन सकिने गरी प्लम्बिङ, ब्युटीपार्लर, होमस्टे तालिम, बारिस्टा र पेस्ट्री मेकिङ, मन्टेसरी, इन्डस्ट्रियल इलेक्ट्रिसियन, कपाल काट्ने, मोबाइल मर्मतलगायत तालिम दिएर सक्षम बनाउने काम परिषद्ले गरेको छ । जसका लागि युवाको सीप परीक्षण पनि गरिएको छ ।

परिषद्ले युवालाई सीप सिकाइसकेपछि उसले त्यसको प्रमाणपत्र सिरानी हालेर निष्क्रिय नरही सीधै रोजगारीसँग जोडियोस् भन्ने मान्यतामा जोड दिएको छ । त्यहीअनुसार परिषद्ले करिब दुई वर्षको अवधिमा सीपमूलक तालिमसँग ६ सय ४० युवालाई जोडिसकेको छ । उनीहरूलाई तीन सय ९० घन्टे तालिम दिइएको छ । उनीहरूलाई पूर्ण रोजगार हुन र व्यावसायिक रूपमा काममा लाग्न सहयोग गरेको छ । त्यसैले, तालिम पाएका ती सबै युवा कुनै न कुनै रोजगारीसँग जोडिएका छन् । युवा परिषद्ले बिउ पुँजीका रूपमा सिलाइ सिकेकाहरूलाई सिलाइ मेसिन, ब्युटीपार्लर सिकेकाहरूलाई आवश्यक सामग्री, कफी बनाउने तालिम लिएकाहरूलाई मेसिन सहयोग गरेको छ । कुन तालिम लिएर उनीहरू दक्ष भए, सोहीअनुसार काम गर्न निरन्तर रूपमा सहयोग गर्ने परिषद्को लक्ष्य छ । कृषि, पशुपालन, बागवानी, घरेलु उद्योग र परम्परागत सीप विकासलगायत क्षेत्रमा प्राविधिक उपकरण सहयोग गरी उद्यममा जोडिएकालाई काममा सहजीकरण गरिदिने कार्य परिषद्ले गर्दै आएको छ ।

प्रदेश युवा परिषद्ले विगतका वर्षको तुलनामा भावी दिनमा ठूलो संख्यामा सीपमूलक तालिम दिँदै छ । युवा दक्ष जनशक्ति हुन् भन्ने उद्देश्यले पाँच हजार युवालाई रोजगारीसँग जोड्ने गरी तालिम परिषद्ले तालिम दिँदै छ । उनीहरूलाई तालिम दिँदै युवालाई टेवा पुँजीसमेत दिएर रोजगारीसँग जोड्ने योजना छ परिषद्को । यसबाट प्रदेश युवा परिषद्ले धेरै युवालाई आफ्नै क्षेत्रमा परिवारसँग बसेर काम गर्ने वातावरण तयार गर्न लागेको छ ।

परिषद्ले 'एक गाउँ, एक पकेट क्षेत्र' कार्यक्रमअन्तर्गत चितवनको भण्डारामा माछाका भुरा वितरण, मकवानपुरको मनहरी र विकट राक्सिराङमा अम्रिसोको



बिउ वितरण, मकवानपुरमा बागमती प्रदेशस्तरीय र काठमाडौंको टोखामा नगरस्तरीय नमुना युवा संसद् अभ्यास, युवा सम्मेलनबाट ११ बुँदे घोषणापत्र, विदेश गएर फर्किएका युवाको सञ्जाल 'रिटर्नी' गठन गरी उनीहरूलाई उद्यमशीलताबारे सात दिन तालिम, सञ्चारमाध्यमसँग सहकार्यसहित युवा प्रतिभा पहिचानका कार्य गरेको छ । मकवानपुरका द्वन्द्वपीडित, घाइते, बेपत्ता तथा शारीरिक रूपमा अशक्तता भएका २० युवालाई सवारी चलाउने तालिम, फरक क्षमता भएका सात जिल्लाका युवालाई ह्विलचेयर, बैसाखी र कुर्सी प्रदान, १३ जिल्लाका दुई-दुईजना स्थायी शिक्षकलाई महिला आत्मरक्षा तालिमका लागि प्रशिक्षक बनाउन प्रशिक्षक प्रशिक्षण तालिम, सबै १३ जिल्लामा लागुपदार्थ दुर्व्यसनविरुद्ध तथा साइबर कानुनबारे सचेतना फैलाउने कार्य पनि परिषद्ले गर्दै आएको छ ।

राष्ट्रिय युवा परिषद् ऐन, २०७२ तथा राष्ट्रिय युवा नीति, २०७२ ले १६ देखि ४० वर्ष उमेर समूहलाई युवा निर्धारण गरेको छ । हाल नेपालको कुल ४०.३५ प्रतिशत जनसंख्या युवा समूहका छन् । जुन समूह हाम्रो राष्ट्रका परिवर्तनका संवाहक हुन् । युवा अवस्था आवेग, जोस, आँट, अठोट, साहसको सम्मिश्रण र मूल रूपमा भन्नुपर्दा देश विकासको शक्ति हो भन्दा पनि हुन्छ । त्यसैले उनीहरूलाई तालिम वा अन्य सीप दिएर अगाडि बढाउन सकिए राम्रो हुन्छ भन्नेमा परिषद् प्रस्ट छ ।

वैदेशिक रोजगारमा जाने नेपालीमध्ये जम्मा एक प्रतिशत मात्र दक्ष जनशक्ति बनेर बाहिर जाने गरेको तथ्यांकले देखाउँछ । सन् २०२५ सम्म यसलाई ५० प्रतिशत पुऱ्याउने लक्ष्य लिइएको भए पनि ०२५ सम्म पाँच प्रतिशत जनशक्ति पनि दक्ष हुन धौधौ देखिन्छ । आजको वैज्ञानिक युगमा समेत नेपालको सबैभन्दा ठुलो पुँजी युवा जनशक्ति समयसापेक्ष ज्ञान र सीपको अभावमा अदक्ष अवस्थामा रहनु विडम्बना हो । हाम्रा सम्पूर्ण अभियान तिनै युवा लक्षित छ । राष्ट्रको भविष्य निर्धारण गर्ने युवानीति बनेका छन् । परिषद् त्यसैलाई कार्यान्वयनमा ल्याउने चरणमा छ ।

(चौलागाईं प्रदेश युवा परिषद्, बागमतीका कार्यकारी उपाध्यक्ष हुन्)

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

■ भारतमा लोकसभा निर्वाचन मिति घोषणा

सात चरणमा हुने चुनावको नतिजा ४ जुनमा

मत सर्वेक्षणले नरेन्द्र मोदीको भाजपा र उसका सहयोगीले चुनाव जित्ने भविष्यवाणी गरेका छन्

भारतको केन्द्रीय निर्वाचन आयोगले लोकसभाको निर्वाचन मिति घोषणा गरेको छ। यस घोषणासँगै १८औँ लोकसभाको गठनको प्रक्रिया सुरु भएको छ। निर्वाचन आगामी अप्रिल १९ देखि १ जुनसम्म सात चरणमा हुनेछ। निर्वाचनको मिति सार्वजनिक गर्न आयोजित पत्रकार सम्मेलनमा केन्द्रीय निर्वाचन आयोगका मुख्य निर्वाचन आयुक्त राजीव कुमारले सबै सिटको मतपरिणाम ४ जुनमा सार्वजनिक हुने पनि जानकारी गराए।

करिब ९६ करोड ८० लाख योग्य मतदाता भएको भारतको निर्वाचन विश्वले देखेको सबैभन्दा ठूलो हुनेछ। मत सर्वेक्षणले कीर्तिमानी तेस्रो कार्यकाल सत्तामा पुग्ने योजनामा रहेको नरेन्द्र मोदीको भारतीय जनता पार्टी (भाजपा) र यसका सहयोगीले जित्ने भविष्यवाणी गरेका छन्। कंग्रेससहित दुई दर्जनभन्दा बढी विपक्षी दलहरूले यस चुनावमा भाजपालाई चुनौती दिन भारतीय नेसनल डेभलपमेन्ट इन्क्लुसिभ अलायन्स (आइएनडिआइए) भनिने गठबन्धन समूह बनाएका छन्। भारतको तल्लो सदनमा ५४३ निर्वाचित सदस्य रहने व्यवस्था छ। कुनै पनि दल वा गठबन्धनलाई सरकार बनाउन न्यूनतम २७२ सांसद चाहिन्छन्। मोदीको नेतृत्वमा रहेको भाजपाले २०१९ को चुनावमा ५४३ सिटमध्ये ३०३ सिट जितेको थियो। यो वर्ष पार्टीले कम्तीमा ३७० सिट जित्ने लक्ष्य राखेको छ। १७औँ लोकसभाको कार्यकाल सन् २०२४ जुन १६ मा सकिने भएकाले त्यसअघि नै निर्वाचन गराइसक्नुपर्ने संवैधानिक प्रावधान छ।



शनिबार निर्वाचन मिति घोषणा गर्दै मुख्य निर्वाचन आयुक्त राजीव कुमार। *तस्बिरः पिटिआई*

■ एनडिए र भारत गठबन्धनबीच मुख्य प्रतिस्पर्धा

चुनावमा भारतीय जनता पार्टी, कंग्रेस, कम्युनिस्ट पार्टी (मार्क्सवादी) सिपिएम, बहुजन समाज पार्टी, नेसनल पिपुल्स पार्टी (भारतको उत्तरपूर्वी क्षेत्रमा पिए संगमाले राष्ट्रिय पार्टीको हैसित हासिल गर्ने उत्तरपूर्वी राज्य केन्द्रित पहिलो पार्टी हो) र आम आदमी पार्टी गरी ६ वटा राष्ट्रिय हैसियत प्राप्त दल चुनावी मैदानमा छन्। त्यसबाहेक थुप्रै क्षत्रीय दलले पनि तिनका उम्मदवार उतार्नेछन्। तर, चुनावी प्रतिस्पर्धा भने मुख्यतया नरेन्द्र मोदी नेतृत्वको नेसनल डेमोक्रेटिक एलायन्स (एनडिए) र कंग्रेस नेतृत्वको 'इन्डिया' गठबन्धनबीच हुनेछ। एनडिए गठबन्धन तेस्रोपटक नरेन्द्र मोदीको अनुहार लिएर चुनावी मैदानमा उत्रने भएको छ भने इन्डिया गठबन्धनमा अहिलेसम्म कुनै एक नेतामा (बहुमत प्राप्त गरे प्रधानमन्त्री बनाउनका लागि) सहमति भइसकेको छैन। राष्ट्रिय दलमध्ये बहुजन समाज पार्टीबाहेक सबै दल कुनै न कुनै गठबन्धनको हिस्सा छन्।

भारतीय जनता पार्टीको नेतृत्वमा रहेको एनडिएमा पिए संगमाको नेसनल पिपुल्स पार्टी, नितीश कुमारको जनता दल युनाइटेड, चन्द्रबाबु नायडूको तेलुगु देशम पार्टी, एकनाथ सिन्दे नेतृत्वको शिवसेना, अजित पवार प्रमुख रहेको एनसिपी, जयन्त चौधरीको राष्ट्रिय लोकदल र एचडी देवगौडाको जनता दलसहित कैयौं साना-ठूला पार्टी सामेल छन्। उता 'इन्डिया' गठबन्धनमा कंग्रेसबाहेक वामपन्थी दलहरू, लालुप्रसाद यादवको राष्ट्रिय जनता दल, अखिलेश यादवको समाजवादी पार्टी, तमिलनाडुका मुख्यमन्त्री एमके स्टालिन नेतृत्वको डिएमके, हेमन्त सोरेन प्रमुख रहेको झारखण्ड मुक्ति मोर्चा, उद्धव ठाकरे गुटको शिवसेना, शरद पवार गुटको एनसिपी र अरविन्द केजरिवाल नेतृत्वको आम आदमी पार्टीलगायत दर्जनौं दलहरू सामेल छन्। ममता बनर्जी नेतृत्वको तृणमूल कंग्रेस, मायावतीले हाँकेको बहुजन समाज पार्टी र नवीन पटनायकको बिजु जनता दल भने कुनै गठबन्धनतर्फ खुलेका छैनन्।

■ मतदाता संख्या

- कुल ९६.८ करोड मतदाताको नाम दर्ता भइसकेको छ। त्यसमा ४७.१ करोड महिला र ४९.७ करोड पुरुष छन्।
- दर्ता भएका मतदातामध्ये १.८९ करोड पहिलोपटकका मतदाता हुन्।
- मतदातामध्ये २० देखि २९ वर्ष उमेरका युवाको संख्या १९.७४ करोड छ।
- जनवरी २०२४ को जनवरी १ मा १८ वर्ष नपुगेका तर निर्वाचन हुने समय अर्थात् अप्रिलमा १८ वर्ष पुग्ने (मतदानका लागि योग्य हुने) युवाहरूको नाम पनि थपिएको छ। यस्ता मतदाताको संख्या १३.४ लाख छ।
- मतदाताका रूपमा नाम लेखाएकामध्ये ८८.४ लाख कुनै न कुनै प्रकारका अपांगता भएका नागरिक छन् भने ८५ वर्षभन्दा बढी उमेरका ८२ लाख र ४८ हजार ट्रान्सजेन्डर पनि समावेश छन्।
- ८५ वर्षभन्दा माथिका वयोवृद्ध नागरिकलाई घरमै बसेर भोट हाल्ने सुविधा उपलब्ध गराइनेछ। यसका लागि मतदान गर्ने कर्मचारीले घर-घर गएर मत अभिलेख गर्नेछन्।

■ १७औँ लोकसभाको स्थिति

यसअघि १७औँ लोकसभाका लागि सन् २०१९ अप्रिल ११ देखि मे १९ बीच सात चरणमा मतदान भएको थियो। त्यस निर्वाचनमा तीनवटा ठूला राज्य उत्तर प्रदेश, पश्चिम बंगाल र बिहारमा सातै चरणमा मतदान भएको थियो। सो चुनावको नतिजा सन् २०१९ मे २३ मा घोषणा भएको थियो। करिब ६९ करोड ४० लाख मतदाताले मत खसाएको सो निर्वाचनमा झन्डै ४५ प्रतिशत मत पाउँदै नरेन्द्र मोदी नेतृत्वमा रहेको एनडिए गठबन्धनले कुल ३५३ सिट जितेको थियो भने भारतीय जनता पार्टी एक्लैले ३०३ सिट जितेको थियो। करिब २६ प्रतिशत कंग्रेस नेतृत्वको युपिएले पायो। समग्रमा कांग्रेस नेतृत्वको युपिए गठबन्धनले ९२ सिट मात्र जित्दा कंग्रेसले ५२ सिट मात्र जित्न सकेको थियो।

-बिबिसी हिन्दी र भारतीय समाचार संस्था एनडिटिभीको सहयोगमा

नेपाल सरकार
अर्थ मन्त्रालय
आन्तरिक राजस्व विभाग
आन्तरिक राजस्व कार्यालय वीरगंजको
जवाफ पेश गर्ने बारेको सूचना
सूचना प्रकाशित मिति २०८०/१२/०४

आयकर ऐन, २०५८ को दफा १०१ को उपदफा (४) तथा मूल्य अभिबृद्धि कर ऐन, २०५२ को दफा २० को उपदफा (४क) बमोजिम अनुसन्धानात्मक कर परीक्षण गर्न आन्तरिक राजस्व विभागबाट छनौट भएका यस कार्यालय अन्तर्गत दर्ता रहेका तपसिल बमोजिमका करदाताहरुलाई कागजात तथा फाँटवारी पेश गर्न मिति २०८०/११/०३ मा गोरखापत्र दैनिकमा सूचना प्रकाशित गरिएकोमा ऐनले निर्धारण गरेको समयावधि भित्र कुनैपनि करदाताबाट यस कार्यालयमा कागजात पेश हुन नआएकोले ऐन बमोजिम आयकरतर्फ दफा १०१(६) बमोजिमको संशोधित कर निर्धारणको सूचना तथा मू.अ.करतर्फ मू.अ.कर नियमावलीको नियम २९(१) बमोजिमको प्रारम्भिक कर निर्धारण आदेश जारी भइसकेको हुनाले सो कर निर्धारण हुन नपर्ने कुनै ठोस प्रमाण तथा कागजातहरु भए सो समेत संलग्न गरी यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र यस कार्यालयमा जवाफ पेश गर्नुहुन सम्बन्धित सबै करदाताहरुलाई अनुरोध गरिन्छ। तोकिएको समयमा माग भएको जवाफ प्राप्त नभएमा आयकर ऐन, २०५८ एवं नियमावली, २०५९ र मू.अ.कर ऐन, २०५२ एवं नियमावली, २०५३ बमोजिम कर निर्धारण हुने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारीको लागि अनुरोध छ।

तपसिल

सि. नं.	स्थायी लेखा नं.	करदाताको नाम	ठेगाना	प्रोप्राइटर/संचालकको नाम	आर्थिक वर्ष
१	३०३००२०८८	श्री राम एग्रो इन्जिनियरिङ वर्कस	वीरगंज-१५, भिस्वा, पर्सा	ललित नारायण मण्डल	२०७३/७४ र २०७४/७५
२	६०६१०९५०१	ए.के. यादव फेब्रिकेटर्स	वीरगंज-१०, आदर्शनगर, पर्सा	अशोक यादव	२०७४/७५
३	३०१४५६३६४	जय माझ् दुर्गे ट्रेडर्स	वीरगंज-१०, आदर्शनगर, पर्सा	राजु साह	२०७१/७२ देखि २०७३/७४ सम्म
४	६०२३४९९३८	माँ वैष्णो ट्रेडर्स	वीरगंज-१६, नगवा, पर्सा	सुभ नारायण साह कलवार	२०७१/७२
५	३०३०००८९९	न्यू हनुमान ट्रेडर्स	वीरगंज-६, गितामन्दिर रोड, पर्सा	उषा देवी चौधरी	२०७२/७३ र २०७३/७४
६	६०५१३५५८९	सत्य शिव ट्रेड लिंक	वीरगंज-११, गितामन्दिर रोड, पर्सा	पिंकी कुमारी चौधरी	२०७३/७४ र २०७४/७५
७	३०२६३८९०३	जय माता दी सप्लायर्स	वीरगंज-१६, नगवा, पर्सा	मोतिलाल प्रसाद चौधरी	२०७०/७१
८	३०३२०३०९०	आर्यण ट्रेड कन्सर्न	वीरगंज-१६, भिस्वा, पर्सा	मिश्रीलाल चौधरी	२०६७/६८
९	६०३८५५५७७	एचटी लाइन एण्ड स्टेशनरी सप्लायर्स	वीरगंज-१८, भिस्वा, पर्सा	बृजलाल साह तेली	२०७२/७३ देखि २०७४/७५ सम्म
१०	३०५५३०८७३	श्री जानकी ट्रेडर्स	वीरगंज-०६, माईस्थान, पर्सा	दिपेन्द्र पासवान	२०७३/७४
११	३०३४५७७६५	श्री कृष्ण इन्टरप्राइजेज	वीरगंज-१२, मुर्लि, पर्सा	रोहित कुमार राउत	२०७४/७५ र २०७५/७६
१२	३०५५३३१००	सत्यम मेशिनरी	वीरगंज-१०, घडिअर्वा, पर्सा	सुरेश प्रसाद यादव	२०७१/७२
१३	६०३८४०८१०	हिमाल इम्पेक्स	वीरगंज-१०, लिंकरोड, पर्सा	मनोज प्रसाद रौनियार	२०७३/७४
१४	३०५७४२४०५	धनलक्ष्मी दाल मील प्रा.लि	वीरगंज-२ ईनर्वा, पर्सा	निशान्त लुनावत	२०७०।७१
१५	६०३८४८३६४	एस.एण्ड एल. सप्लायर्स	वीरगंज-१९,नगवा पर्सा	लक्ष्मण राय	२०७२।७३ देखि २०७५।७६ सम्म
१६	३०००७७४८७	आजाद जनरल अर्डर सप्लायर्स	वीरगंज-१२, मूर्ली।	अफलाव आलम	२०७३।७४
१७	६०२२९१२५१	आरम्भ ट्रेडर्स	वीरगंज-१६, वाईपास	सुमन नेपाल	२०७१।७२
१८	३०४७५२२६७	महावीर एजेन्सी	वीरगंज-१०, आदर्शनगर	महावीर प्रसाद पारिक	२०७४।७५ र २०७५/७६

प्रमुख कर अधिकृत

एन आई सी एशिया बैंक लिमिटेड
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५११११७७/७८/८८, फ्याक्स: +९७७-१-५१११९८०
टोल फ्री नं.: १६६०-०१-७७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्
कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं।
सम्पर्क फोन.: +९७७-१-०-४२६६५२०/२२ (एक्सटेन्सन: २०८/२२५/२२६)

NIC ASIA
एन आई सी एशिया बैंक लि.

ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी ३५ (पैंतीस) दिने सार्वजनिक सूचना

यस बैंकबाट तपसिलमा उल्लेखित चल अचल सम्पति सुरक्षण वापत धितो राखी तपसिलका ऋणीले लिनुभएको ऋण कर्जाको साँवा, ब्याज लगायतका अन्य रकम समेत यस बैंकसँगको शर्त कबुलियत बमोजिम समय समयमा तिर्नु बुझाउनु पर्नेमा सो नतिरी नबुझाई ऋण कर्जा सम्बन्धी शर्त बन्देज उल्लंघन गर्नु भएकोले कर्जा चुक्ता भुक्तानी गर्न अनुरोध गरी पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत कुनै चासो नदेखाई बेवास्ता गर्नुभएकोले सो ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी यो ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्र यस बैंकमा सम्पर्क राखी बैंकबाट लिनुभएको ऋण कर्जाको सम्पूर्ण साँवा, ब्याज र अन्य दैं-दस्तुर चुक्ता भुक्तान गर्नुहोला। अन्यथा प्रचलित ऐन कानून तथा यस बैकसँग गरेको लिखत बमोजिम धितोमा रहेको चल अचल सम्पति लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको आफ्नो लेना रकम असुल उपर गरिनुका साथै ऋणी तथा जमानीकर्तालाई समेत कर्जा सूचना केन्द्र लि. को कालोसूचीमा नाम सुमावेश गर्ने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ। साथै तपसिलमा रहेको धितोबाट समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र सोको नियमावली २०५९ तथा प्रचलित कानून अनुसार ऋणी तथा जमानीकर्ताको अन्य चल अचल जायजेथा श्रीसम्पतिबाट बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा समेत ऋणी, जमानीकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा सूचित गरिन्छ।

तपसिल

क्र.सं.	ऋणीको विवरण	धितोको विवरण
१)	नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपुर्ति मन्त्रालय, वाणिज्य, आपुर्ति तथा उपभोक्ता संरक्षण विभाग, घरेलु तथा साना उद्योग कार्यालय, लहान, सिरहामा प्रा.फ.र.नं. ४२५०/२०७१/०७२, अन्तर्गत मिति २०७१/१०/०४ मा प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०७४ बमोजिम दर्ता भएको सिरहा जिल्ला, रामनगर गा.वि.स. वडा नं. ३ (हाल मिर्चैया न.पा. वडा नं. ५) स्थित **सगरमाथा ट्रेड लिंक** **प्रोप्राईटर तथा जमानीकर्ता: अनिता कुमारी सिंह** स्थायी ठेगाना : सिरहा जिल्ला, महेशपुर गा.वि.स. वडा नं. ६ हालको ठेगाना : सिरहा जिल्ला, मिर्चैया न.पा. वडा नं. ५ बाबु : प्रेमकुमार सिंह ससुरा : राम प्रसाद सिंह पति : देब कुमार सिंह	१) बौजन सिंहको नाती, नन्दी सिंह दनुवारको छोरा, सिरहा जिल्ला, महेशपुर गा.पा. वडा नं. १ स्थायी ठेगाना भई हाल सिरहा जिल्ला, मिर्चैया न.पा. वडा नं. ५ बस्ने राम प्रसाद सिंह दनुवारको नाममा मालपोत कार्यालय लहान, सिरहाको लगातमा दर्ता कायम रहेको सिरहा जिल्ला, महेशपुर हरिनगर गा.वि.स. वडा नं. ९ (हाल लक्ष्मीपुर पतारी गा.पा. वडा नं. ३) स्थित कित्ता नं. १७० को क्षेत्रफल ०-६-७ (विगाहा) को जग्गा र सिरहा जिल्ला, लक्ष्मीपुर प्र.घ. गा.वि.स. वडा नं. ६/क (हाल लक्ष्मीपुर पतारी गा.पा. वडा नं. ४) स्थित कित्ता नं. ७४३ को क्षेत्रफल ०-२-० (विगाहा) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पुर्ण लिगालगापात समेत। २) प्रेमकुमार सिंहकी छोरी, राम प्रसाद सिंहकी बुहारी, देब कुमार सिंहकी पत्नी, सिरहा जिल्ला, महेशपुर गा.वि.स. वडा नं. ६ स्थायी ठेगाना भई हाल सिरहा जिल्ला, मिर्चैया न.पा. वडा नं. ५ बस्ने अनिता कुमारी सिंहको नाममा भूमिसुधार तथा मालपोत कार्यालय सिरहाको लगातमा दर्ता कायम रहेको सिरहा जिल्ला, बडहरामाल गा.वि.स. वडा नं. ७/क (हाल कर्जन्हा न.पा. वडा नं. ४) स्थित कित्ता नं. ३१७४ को क्षेत्रफल ०-०-१९-२ (विगाहा) को जग्गा र सिरहा जिल्ला, सिक्रोन गा.वि.स. वडा नं. २ (हाल मिर्चैया न.पा. वडा नं. १२) स्थित कित्ता नं. १६० को क्षेत्रफल ०-१-१०-० (विगाहा) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पुर्ण लिगालगापात समेत। ३) सगरमाथा ट्रेड लिंकको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण।
	जमानीकर्ताहरुको विवरण	
	१) राम प्रसाद सिंह दनुवार स्थायी ठेगाना : सिरहा जिल्ला, महेशपुर गा.प. वडा नं. १ हालको ठेगाना : सिरहा जिल्ला, मिर्चैया न.पा. वडा नं. ५ बाबु : नन्दी सिंह दनुवार बाजे : बौजन सिंह	**२) देब कुमार सिंह** स्थायी ठेगाना : सिरहा जिल्ला, महेशपुर गा.वि.स. वडा नं. ६ हालको ठेगाना : सिरहा जिल्ला, मिर्चैया न.पा. वडा नं. ५ बाबु : राम प्रसाद सिंह बाजे : नन्दी सिंह दनुवार	**३) कल्पना सिंह** स्थायी ठेगाना : सिरहा जिल्ला, महेशपुर पतारी गा.वि.स. वडा नं. ६ हालको ठेगाना : सिरहा जिल्ला, मिर्चैया न.पा. वडा नं. ५ बाबु : मैना सिंह दनुवार ससुरा : राम प्रसाद सिंह पति : व्रज किशोर सिंह
	४) व्रज किशोर सिंह स्थायी ठेगाना : सिरहा जिल्ला, महेशपुर पतारी गा.वि.स. वडा नं. ६ हालको ठेगाना : सिरहा जिल्ला, मिर्चैया न.पा. वडा नं. ५ बाबु : राम प्रसाद सिंह बाजे : नन्दी सिंह दनुवार	**५) राम रति दनुवारनी** स्थायी ठेगाना : सिरहा जिल्ला, महेशपुर गा.प. वडा नं. १ हालको ठेगाना : सिरहा जिल्ला, मिर्चैया न.पा. वडा नं. ५ बाबु : करन राय दनुवार ससुरा : नन्दी सिंह दनुवार पति : राम प्रसाद सिंह
२)	**ऋणीको विवरण** **हफिज देवान** स्थायी ठेगाना: रौतहट जिल्ला, प्रतापपुर पल्टुवा गा.वि.स. वडा नं. ९ हालको ठेगाना: रौतहट जिल्ला, चन्द्रपुर न.पा. वडा नं. ७ बाबु : अकवर देवान बाजे : मोल्वी देवान	**जमानीकर्ताको विवरण** **रोशना खातुन** स्थायी ठेगाना : रौतहट जिल्ला, प्र. पल्टुवा गा.वि.स. वडा नं. ९ हालको ठेगाना : रौतहट जिल्ला, चन्द्रपुर न.पा. वडा नं. ७ बाबु : अमान्त देवान ससुरा : अकवर देवान पति : हफिज देवान
	धितोको विवरण मोलवी देवानको नाती, अकवर देवानको छोरा, रौतहट जिल्ला, प्रतापपुर पल्टुवा गा.वि.स. वडा नं. ९ स्थायी ठेगाना भई हाल रौतहट जिल्ला, चन्द्रपुर न.पा. वडा नं. ७ बस्ने हफिज देवानको नाममा मालपोत कार्यालय गौर, रौतहटको लगातमा दर्ता कायम रहेको रौतहट जिल्ला, प्रतापपुर पल्टुवा गा.वि.स. वडा नं. ९ (हाल गुजरा न.पा. वडा नं. ७) स्थित कित्ता नं. ४२४ को क्षेत्रफल १-१-१६ (विगाहा)को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पुर्ण लिगालगापात समेत।	
३)	**ऋणीको विवरण** **बच्चेलाल यादव** स्थायी ठेगाना : रौतहट जिल्ला, कर्कच कर्मैया गा.वि.स. वडा नं. ८ हालको ठेगाना : रौतहट जिल्ला, देवाही गोनाही न.पा. वडा नं. ५ बाबु : रामविश्वास राय यादव बाजे : देवराज राय यादव	
	धितोको विवरण १) फकिरचन राय यादवको नाती, देव राज राय यादवको छोरा, रौतहट जिल्ला, कर्कच कर्मैया गा.वि.स. वडा नं. ८ स्थायी ठेगाना भई हाल रौतहट जिल्ला, देवाही गोनाही न.पा. वडा नं. ५ बस्ने राम विशबास राय यादव-१ तथा महाविर राय यादवकी छोरी, फकिरचन राय यादवकी बुहारी, देवराज राय यादवकी पत्नी, रौतहट जिल्ला, कर्कच कर्मैया गा.वि.स. वडा नं. ८ स्थायी ठेगाना भई हाल रौतहट जिल्ला, देवाही गोनाही न.पा. वडा नं. ५ बस्ने वुकनी देवी-१ गारी दुई व्यक्तिको नाममा मालपोत कार्यालय मौलापुर, रौतहटको लगातमा दर्ता कायम रहेको रौतहट जिल्ला, मर्यादपुर गा.वि.स. वडा नं. ७ (हाल मौलापुर न.पा. वडा नं. २) स्थित कित्ता नं. ८८१ र ८८३ को क्षेत्रफल क्रमश: ०-५-८ र ०-१७-७ (विगाहा) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पुर्ण लिगालगापात समेत। २) फकिरचन राय यादवको नाती, देव राज राय यादवको छोरा, रौतहट जिल्ला, कर्कच कर्मैया गा.वि.स. वडा नं. ८ स्थायी ठेगाना भई हाल रौतहट जिल्ला, देवाही गोनाही न.पा. वडा नं. ५ बस्ने राम विशबास राय यादव-१ तथा महाविर राय यादवकी छोरी, फकिरचन राय यादवकी बुहारी, देवराज राय यादवकी पत्नी रौतहट जिल्ला, कर्कच कर्मैया गा.वि.स. वडा नं. ८ स्थायी ठेगाना भई हाल रौतहट जिल्ला, देवाही गोनाही न.पा. वडा नं. ५ बस्ने वुकनी देवी-१ गारी दुई व्यक्तिको नाममा मालपोत कार्यालय मौलापुर, रौतहटको लगातमा दर्ता कायम रहेको रौतहट जिल्ला, पतौरा गा.वि.स. वडा नं. ८ (हाल मौलापुर न.पा. वडा नं. ३) स्थित कित्ता नं. ८९२ को क्षेत्रफल ०-६-१५ (विगाहा)को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पुर्ण लिगालगापात समेत।	
	जमानीकर्ताहरुको विवरण	
	१) वुकनी देवी स्थायी ठेगाना: रौतहट जिल्ला, कर्कच कर्मैया गाउँ पञ्चायत वडा नं. ८ हालको ठेगाना : रौतहट जिल्ला, देवाही गोनाही न.पा. वडा नं. ५ बाबु : महाविर राय यादव	**२) शैली देवी** स्थायी ठेगाना : रौतहट जिल्ला, कर्कच कर्मैया गा.वि.स. वडा नं. ८ हालको ठेगाना : रौतहट जिल्ला, देवाही गोनाही न.पा. वडा नं. ५ बाबु : भोला राय यादव ससुरा : देवराज राय यादव पति : रामविश्वास राय यादव	**३) राम विशबास राय यादव** स्थायी ठेगाना : रौतहट जिल्ला, कर्कच गाउँ पञ्चायत वडा नं. ८ हालको ठेगाना : रौतहट जिल्ला, देवाही गोनाही न.पा. वडा नं. ५ बाबु : देव राज राय यादव बाजे : फकिचन राय यदव
४)	**ऋणीको विवरण** **बच्चालाल यादव** स्थायी ठेगाना : रौतहट जिल्ला, लक्ष्मीपुर गा.वि.स. वडा नं. ९ हालको ठेगाना : रौतहट जिल्ला, गुजरा न.पा. वडा नं. ४ बाबु : माहदेव यादव बाजे : नथुनी राय यादव	**जमानीकर्ताको विवरण** **राम पुकारी यादव** स्थायी ठेगाना : रौतहट जिल्ला, लक्ष्मीपुर गा.वि.स. वडा नं. ९ हालको ठेगाना : रौतहट जिल्ला, गुजरा न.पा. वडा नं. ४ बाबु : हिरामन राय यादव ससुरा : माहदेव यादव पति : बच्चालाल यादव
	धितोको विवरण १) नथुनी राय यादवको नाति, माहदेव यादवको छोरा, रौतहट जिल्ला, लक्ष्मीपुर गा.वि.स. वडा नं. ९ स्थायी ठेगाना भई हाल रौतहट जिल्ला, गुजरा न.पा. वडा नं. ४ बस्ने बच्चालाल यादवको नाममा मालपोत कार्यालय चन्द्रनिगाहपुर, रौतहटको लगातमा दर्ता कायम रहेको रौतहट जिल्ला, कनकपुर गा.वि.स. वडा नं. २/क (हाल गुजरा न.पा. वडा नं. ४) स्थित कित्ता नं. १०२७ र १०२९ को क्षेत्रफल क्रमश: ०-०-१८ र ०-०-१८ (विगाहा) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पुर्ण लिगालगापात समेत। २) नथुनी राय यादवको नाति, माहदेव यादवको छोरा, रौतहट जिल्ला, लक्ष्मीपुर गा.वि.स. वडा नं. ९ स्थायी ठेगाना भई हाल रौतहट जिल्ला, गुजरा न.पा. वडा नं. ४ बस्ने बच्चालाल यादवको नाममा मालपोत कार्यालय चन्द्रनिगाहपुर, रौतहटको लगातमा दर्ता कायम रहेको रौतहट जिल्ला, कनकपुर गा.वि.स. वडा नं. १ (हाल गुजरा न.पा. वडा नं. ४) स्थित कित्ता नं ६९६, २१९२ र २१९३ को क्षेत्रफल क्रमश:०-०-१०, ०-०-७$^{१/२}$ र ०-१-५-० (विगाहा) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पुर्ण लिगालगापात समेत।	
५)	**ऋणीको विवरण** नेपाल सरकार, वाणिज्य तथा आपुर्ति मन्त्रालय, वाणिज्य तथा आपुर्ति व्यवस्थापन विभाग, घरेलु तथा साना उद्योग कार्यालय, गौर, रौतहटमा प्रा.फ.र.नं ४९५६/४५५ स्थानीय आयात निर्यात अन्तर्गत मिति २०७३/०८/२३ मा प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०७४ बमोजिम दर्ता भएको रौतहट जिल्ला, पतौरा गा.वि.स. वडा नं ५ स्थित **पहाडी किराना पसल** **प्रोप्राईटर तथा जमानीकर्ता: राम शाह तेली**	**धितोको विवरण** १) रामफल साह तेलीको नाती, महेन्द्र साह तेलीको छोरा, रौतहट जिल्ला, पथरावुधराम गा.वि.स. वडा नं. ९ स्थायी ठेगाना भई हाल रौतहट जिल्ला, मौलापुर न.पा. वडा नं. ७ बस्ने श्री राम शाह तेलीको नाममा मालपोत कार्यालय मौलापुर, रौतहटको लगातमा दर्ता कायम रहेको रौतहट जिल्ला, पथरावुधराम गा.वि.स. वडा नं. ८ (हाल मौलापुर न.पा. वडा नं. ७) स्थित कित्ता नं. २०२ को क्षेत्रफल ०-९-२ (विगाहा) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पुर्ण लिगालगापात समेत। २) पहाडी किराना पसलको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण।
	जमानीकर्ताहरुको विवरण	
यस संस्थाबाट ऋण लिई कर्जा कारोबार गर्ने तपसिलमा उल्लेखित व्यक्तिले लिएको ऋणको साँवा, ब्याज, बुझाउनु पर्ने अन्य दै-दस्तुर समेतको रकम नबुझाई नतिरी कर्जा सम्बन्धी सर्त बन्देज उलंघन गरेकोले बारम्बार लिखित तथा मौखिक ताकेता गर्दा पनि ऋण तिर्न बेवास्ता गरेकोले मिति २०८० जेष्ठ २३ गते काभ्रे टाइम्स साप्ताहिकमा ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत कर्जा चुक्ता नगरेको हुदाँ यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र बाँकी रहेको सम्पूर्ण साँवा, ब्याज, तथा विलम्ब शुल्क तथा अन्य दस्तुरको रकम बुझाई कर्जा चुक्ता गर्न आउनुहोला। अन्यथा ३६ औं दिनमा तपसीलमा उल्लेखित यस संस्थालाई धितो सुरक्षणमा रहेको अचल सम्पत्ती जे जस्तो अवस्था र परिमाणमा रहेको छ सोही अवस्था र परिमाणमा सहकारी ऐन नियम र यस संस्थाको विनियमावली समेत बमोजिम डांक लिलाम बढाबढ गरि बिक्री गर्ने भएकोले ईच्छुक महानुभावहरुले सो दिन तोकिएको कार्यालय बन्द हुन १ घन्टा अगाडि अर्थात विहान १०:०० बजे देखि दिउसो ४:०० बजे सम्ममा यस सहकारी संस्थाको कार्यालयमा उपस्थित भई आफुले सकार गरी लिन चाहेको मुल्यमा बोल कबुल गर्न हुन सूचित गरिन्छ। साथै लिलाम बिक्रीमा कसैले सकार गर्न नआएमा प्रचलित कानुन बमोजिम यस संस्थाले आफैं सकार गरि लिन सक्ने ब्यहोरा पनि ऋणी तथा धितो धनी दुवैलाई यसै सूचनाद्धारा जानकारी गराइन्छ। **साथै उक्त लिलाम बिक्रीबाट संस्थाको कर्जा असूल उपर नभएमा ऋणी तथा जमानी कर्ताहरुको अन्य चलअचल सम्पत्ती जाय-जेथा बाट असुल उपर गरी लिनेछ।**

ऋणीको नाम र ठेगाना तथा तीन पुस्ते विवरण	धितोको विवरण	ऋणीको फोटो
ऋणीको नाम : जित सिं कपाली ठेगाना : बनेपा-१०, काभ्रे बुबाको नाम : हरिमान कपाली बाजेको नाम : पृथ्वीमान कपाली **व्यक्तिगत जमानत** बनेपा नं.पा. वडा नं. १० बस्ने निजको आमा माइली कपाली-१, ऐ.ऐ. बस्ने निजको श्रीमती सुलोचना कपाली-१ र ऐ.ऐ. बस्ने निजको भाइ रन्जित कपाली-१	ऋणीका एकाघरको आमा तथा व्यक्तिगत जमानीकर्ता माइली कपालीको नाममा दर्ता रहेको का.प.जि. साबिक बनेपा-१० हाल बनेपा न.पा. वडा नं. ७ स्थित कित्ता नं. १०३६ र १०७३ को क्रमश क्षेत्रफल : ०-०-२-० र ०-१-०-० को जग्गा हाल कित्ता नं. ४७५७ को क्षेत्रफल : ३५.७७ व.मी.	

लिलामका शर्तहरु

१. लिलाम अन्तिम पटक सबैभन्दा बढि कबोल गर्ने व्यक्तिले आफूले बोलकबोल अंकको १० प्रतिशत हुने रकम नगदैं धरौटी तुरुन्तै यस संस्थामा बुझाउनु पर्नेछ।
२. लिलाम सकार गर्ने व्यक्तिले सहकारीबाट लिलाम निश्चितताको सूचना पाएको ७ दिन भित्र बाँकी रकम बुझाई अचल सम्पत्ति नामसारी गरि लिनुपर्ने छ, उक्त भाका भित्र नबुझिनलिएमा धरौटी बापट रहेको १० प्रतिशत रकम स्वतः जफत हुनेछ।
३. लिलाम सकार गर्ने व्यक्तिले सकार गरेको मूल्यको १० प्रतिशत रकम सोही दिन नबुझाएमा निज पछि सबैभन्दा बढी रकम बोल्ने व्यक्तिको नाममा लिलाम सदर गरिनेछ।
४. तोकिएको लिलामको दिन सहकारी बिदा वा सार्वजनिक बिदा परेम त्यसको लगतै सहकारी कार्यालय खुल्ने दिन लिलाम बढाबढ हुनेछ।
५. डाँक बढाबढ गर्दा सबैभन्दा बढी बोल्ने व्यक्तिलाई अचल सम्पत्ति दिने वा नदिने सम्पूर्ण अधिकार संस्थाम सुरक्षित रहनेछ।
६. लिलाम बिक्रि हुने अचल सम्पत्ति (जग्गा) सम्बन्धि कागजातहरु हेर्न चाहनहुने महानुभावहरुले यस सहकारी संस्थाम कार्यालयमा समय भित्र सम्पर्क राख्न सक्नुहुनेछ।
७. यस सहकारी कार्यालयमा बिहान १० बजे देखि ४ बजेसम्म लिलाम डाँक बढाबढ हुनेछ।
८. सहकारी ऐन, सहकारी नियमावली तथा यस संस्थाको कर्जा निति अनुसार लिलाम बिक्रि गर्नु पर्ने जायजेथा लिलाम बिक्रि गर्दा कसैले नसकारेमा उक्त सम्पत्तिको स्वामित्व आफूमा लिन सक्नेछ।
९. लिलाम बिक्रि गर्दा लागेको रजिष्ट्रशन दस्तुर तथा अन्य खर्च जे जे गर्नु पर्ने सो सम्पूर्ण खर्च लिलाम सकार गर्ने स्वयंमले नै बेहोर्नु पर्नेछ।
१०. अन्य विषयमा प्रचालीत कानून बमोजिम हुनेछ।

सिद्धार्थ बैंक लिमिटेडको गैह्र बैंकिङ्ग सम्पत्ति लिलाम बिक्री सम्बन्धी १५ (पन्ध्र) दिने सूचना

प्रकाशित मिति २०८०/१२/०४ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक

यस बैंकको आफ्नो स्वामित्वमा रहेको तल उल्लेखित गैह्र बैंकिङ्ग सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ एवं बैंक नियम अनुसार गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरिने हुँदा सो सम्पत्ति खरिद गर्न इच्छुक व्यक्ति/फर्म/कम्पनी/संस्थाबाट निम्न लिखित शर्तहरुको अधिनमा रही आफूले के कति मूल्य तिरि लिने हो सोही मूल्य खोली यस बैंकको विशेष सम्पत्ति (कर्जा असुली) इकाई हात्तीसार, काठमाडौंमा यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आव्हान गरिएको छ।

तपसिल

यस बैंकको नाममा दर्ता कायम रहेको गैह्र बैंकिङ सम्पत्तिको विवरण

क.सं.	जिल्ला	न.पा/गा.वि.स	वडा नं.	कित्ता नं.	क्षेत्रफल
१	भक्तपुर	भक्तपुर	१७ घ	९०८	०-३-०-३ (रोपनि)
२	भक्तपुर	कटुन्जे	७ ख	११७२	०-१०-१-३ (रोपनि)
३	भक्तपुर	कटुन्जे	७ क	५९५	०-११-०-० (रोपनि)
				६१३	०-६-०-१ (रोपनि)
				६१५	०-४-३-३ (रोपनि)
४	भक्तपुर	मध्यपुर ठिमी	५	२१४	१३.३५ (व.मी.)
				४३९	१०.५० (व.मी.)
				४४१	२७ (व.मी.)
				४४३	४०.६५ (व.मी.)
				४४६	४.२० (व.मी.)

शर्तहरु :

१. बोलपत्र फारम रु. १,०००/- (अक्षरेपी एक हजार मात्र) तिरी यस बैंकको विशेष सम्पत्ति (कर्जा असुली) इकाई हात्तीसार, काठमाण्डौंबाट कार्यालय समय भित्र प्राप्त गर्न सकिनेछ।
२. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र अर्थात मिति २०८०/१२/१८ गते १६:०० बजेभित्र यस बैंकको विशेष सम्पत्ति (कर्जा असुली) इकाई हात्तीसार, काठमाण्डौंमा बुझाई सक्नु पर्नेछ।
३. प्राप्त बोलपत्रहरु मिति २०८०/१२/१९ गते १६:०० बजे यस बैंकको विशेष सम्पत्ति (कर्जा असुली) इकाई हात्तीसार, काठमाण्डौंमा बोलपत्रदाता र/वा निजका प्रतिनिधि र/वा सरकारी निकायका प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ। तर बोलपत्रदाता वा निजको प्रतिनिधीको उपस्थिती नहुँदैमा बोलपत्र खोल्न कुनै बाधा पुग्ने छैन।
४. बोलपत्र बुझाउने अन्तिम दिन बैंक बिदा भएमा बिदाको लगत्तै बैंक खुलेको दिनमा समेत उक्त दिनको १६:०० बजे भित्र तोकिएको स्थानमा बोलपत्र बुझाउन सकिनेछ। त्यस्तै बोलपत्र खोल्ने दिन बैंक बिदा भएमा बिदाको लगत्तै बैंक खुलेको दिन १६:०० बजे बोलपत्र खोलिनेछ।
५. लिलाम गर्न लागिएको सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा खरीद गरिलिने गरी बोलपत्र पेश गर्नु पर्नेछ।
६. बोलपत्रमा आफुले सकार गरी लिन चाहेको सम्पत्ति (खरिद गरि लिन चाहेको आंशिक/सम्पूर्ण सम्पत्तिको विवरण उल्लेख गर्नुपर्ने) के कति रकममा खरीद गरी लिन चाहेको हो सो को अंक तथा अक्षरमा स्पष्टसँग लेखिएको हुनुपर्नेछ र आफुले कवोल गरेको रकमको कम्तिमा १० प्रतिशतले हुन आउने रकम धरौटी वापत यस बैंकको जुनसुकै शाखाबाट खाता नं. ४४०९००००१ मा रकम जम्मा गरी सो को सक्कल भौचर र/वा अन्य बैंक वित्तीय संस्थाको ड्राफ्ट/मेनेजर चेक समेत बोलपत्र साथ समावेश गरी पेश गर्न सकिने छ। धरौटी स्वरुप जम्मा गरिएको रकममा ब्याज दिईने छैन।
७. बोलपत्रदाताको बोलपत्र स्वीकृत भएमा सो को जानकारी सम्बन्धित बोलपत्रदातालाई बोलपत्रमा उल्लेखित ठेगानामा लिखित रुपमा पठाईनेछ र सो सूचना प्राप्त स्वीकृत बोलपत्रदाताले बैंकले तोकेको दिन भित्र कवोल गरेको सम्पूर्ण रकम नगदै जम्मा गर्नुपर्नेछ। साथै उक्त समय भित्र कबुल गरेको रकम दाखिला नगरेमा धरौटी बापत राखिएको रकम बैंकले जफत गर्न सक्नेछ।
८. सम्पत्तिको स्वामित्व हस्तान्तरण गर्दा सरकारी कार्यालयमा लाग्ने सम्पूर्ण शुल्क/दस्तुर सकार गरी लिने व्यक्ति/संस्था/कम्पनी स्वयंले तिर्नु बुझाउनु पर्नेछ।
९. कुनै अड्डा, अदालतबाट लिलाम सम्बन्धी कार्य रोक्का वा बदर गर्ने आदेश भएमा लिलाम रोक्का वा बदर हुनेछ। त्यस्तो अवस्थामा बोलपत्रदाताले धरौटी बापत जम्मा गरेको रकम सम्बन्धित व्यक्ति/संस्था/कम्पनीलाई फिर्ता दिईनेछ। तर सो मा कुनै ब्याज प्रदान गरिने छैन।
१०. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ। रीत नपुऱ्याई दर्ता हुन आएको बोलपत्र उपर कुनै कारवाही हुने छैन।
११. लिलाम बिक्री गरिने सम्पत्तिको बारेमा थप जानकारी आवश्यक परेमा यस बैंकको विशेष सम्पत्ति (कर्जा असुली) इकाई हात्तीसार, काठमाण्डौंमा कार्यालय समयभित्र सम्पर्क गरी बुझ्न सकिनेछ।
१२. अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछ।

Siddhartha Bank
विशेष सम्पत्ति (कर्जा असुली) इकाई
हात्तीसार, काठमाडौं
फोन नं. ०१-५९७०७१९
Website: www.siddharthabank.com

चैत अन्तिम साता ललितपुर इन्टरनेसनल ट्रेड एक्स्पो हुँदै

काठमाडौं/ मेड इन नेपाल नारासहित चैत अन्तिम साता ललितपुर इन्टरनेसनल ट्रेड एक्स्पो-२०२४ आयोजना हुने भएको छ। जावलाखेल फुटबल मैदानमा २२ चैतदेखि २६ गतेसम्म आयोजना हुने एक्स्पोमा मेड इन नेपाल प्याभिलियनमा विशेष आकर्षण रहने आयोजक ललितपुर चेम्बर अफ कमर्सले जनाएको छ। इन्टरनेसनल ट्रेड एक्स्पोमा नेपालसहित भारत, पाकिस्तान, श्रीलंका बंगलादेश, थाइल्यान्ड, टर्की, मलेसिया, चाइनालगायतका देशमा उत्पादित विविध सामग्री, मौलिक उत्पादन र सेवाहरू प्रदर्शनीमा राखिने बताइएको छ। फर्निचर, छालाबाट बनाइएका वस्तु, हस्तकलाका सामग्री, लत्ताकपडा, सारी, कुर्था, बेडसिट, जुत्ता-चप्पल, नक्कली गरगहनालगायतका सामग्री प्रदर्शनीमा उपलब्ध हुने आयोजकले जनाएको छ।

पहिलोपटक ललितपुरमा आयोजना गर्न लागिएको एक्स्पोमा विभिन्न राष्ट्का प्रतिष्ठित व्यापारीहरूको सहभागिता रहने बताइएको छ। एक्स्पोले आर्थिक गतिविधिलाई बढाउन फलदायी हुने अपेक्षा ललितपुर चेम्बरका अध्यक्ष पुष्परत्न शाक्यको छ। सार्क मुलुकमा निर्मित सामग्रीले नेपाली बजार लिएको र नेपालका हस्तकलाका सामग्रीले अन्य मुलुकमा प्रभाव जमाउँदै गएको बताउँदै उनले मेलामार्फत सहभागी देशहरूको उत्पादनको प्रवर्द्धनमा सघाउ पुग्ने अपेक्षा व्यक्त गरे। यस्तो मेलाले सहभागी मुलुकका व्यवसायीलाई सामीप्यमा ल्याउन महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने अपेक्षा रहेको इन्ट्रोडक्सन ट्रेड सोका म्यानेजिङ डाइरेक्टर सुमन महर्जनले बताए। मेलामा विभिन्न देशका फुड स्टल, साना केटाकेटीका लागि गेमिङ जोन, फोटो सुट, विविध सांस्कृतिक कार्यक्रम, निःशुल्क स्वास्थ्य शिविर मेलाको थप आकर्षण हुने एक्स्पोका संयोजक सुनील विष्टले बताए।

आयोजकले नेपालसहित भारत, पाकिस्तान र बंगलादेशको कुम्भ मेलामा आफ्नो ब्रान्ड प्रवर्द्धन गर्न र व्यापार गर्न चाहने फर्म तथा कम्पनीलाई स्टल बुकिङ गर्न आह्वान गरेको छ।

पोखरा फाइनान्सको २७औँ वार्षिकोत्सवमा रक्तदान कार्यक्रम

पोखरा/ पोखरामा प्रधान कार्यालय रहेको पोखरा फाइनान्स लिमिटेडले आफ्नो २७औँ वार्षिकोत्सव मनाएको छ। ०५३ सालदेखि कारोबार गरेको फाइनान्सले २७औँ वार्षिकोत्सवको अवसरमा शनिबार बिहान प्रधान कार्यालय न्युरोड पोखराको प्रांगणमा रक्तदान कार्यक्रम सम्पन्न गरेको हो। उक्त रक्तदान कार्यक्रममा ४७ जनाले रक्तदान गरेका थिए।वित्तीय संस्थाको हाल अधिकृत पुँजी एक अर्ब ५० करोड रहेको छ। जारी तथा चुक्ता पुँजी एक अर्ब आठ करोड रहेको छ। यस वित्तीय संस्थाको हालसम्म देशका विभिन्न ठाउँमा २४ वटा शाखा सञ्जाल, एक एक्सटेन्सन काउन्टर र चारवटा एटिएम सञ्चालनमा रहेको फाइनान्सका प्रमुख कार्यकारी अधिकृत रविचन्द्र गुरुङले जानकारी दिए।

मुक्तिनाथ बैंकको वित्तीय साक्षरता कार्यक्रम सम्पन्न



काठमाडौं/ मुक्तिनाथ विकास बैंकले बैंकिङ सेवाको विस्तार र प्रोत्साहनका लागि विभिन्न स्थानमा बैंकिङ साक्षरता कार्यक्रम सम्पन्न गरेको छ। बैंकले कास्कीको पोखरा-३३ स्थित सरस्वती टीका स्कुल र कैलालीको धनगडी-४ स्थित सिसिएस कलेजमा वित्तीय साक्षरता कार्यक्रम सम्पन्न गरेको हो। उक्त कार्यक्रममा स्कुल र कलेजका विद्यार्थी तथा शिक्षक-शिक्षिकाको सहभागिता रहेको थियो। त्यसैगरी, बैंकले ललितपुरको इमाडोल-१ स्थित स्टार फुडल्यान्डनजिकको परिसरमा र सुर्खेतको वीरेन्द्रनगर-११ स्थित देउती बजै मन्दिरनजिक परिसरमा पनि वित्तीय साक्षरता कार्यक्रम सम्पन्न गरेको बैंकले जनाएको छ। कार्यक्रममा बैंकिङ सेवा-सुविधा, डिजिटल बैंकिङ प्रविधि, बचत खातालगायत बैंकिङ क्षेत्रका विविध आयामबारे जानकारी गराइएको थियो। यस अभियानबाट स्थानीय तहमै वित्तीय सुविधाबारे चेतना तथा पहुँच पुऱ्याउने उद्देश्य बैंकले लिएको छ।

शिव शंकर इन्भेस्टमेन्ट र एलएस क्यापिटलबीच सम्झौता

काठमाडौं/ एलएस क्यापिटल र शिवशंकर इन्भेस्टमेन्ट प्राइभेट लिमिटेडबीच कर्पोरेट एडभाइजरी सेवा उपलब्ध गराउनेसम्बन्धी सम्झौता भएको छ। एलएस क्यापिटलको कर्पोरेट कार्यालयमा भएको कार्यक्रममा एलएस क्यापिटलका प्रमुख कार्यकारी अधिकृत विजयलाल श्रेष्ठ र शिवशंकर इन्भेस्टमेन्ट प्राइभेट लिमिटेडका अध्यक्ष खगेश्वर बोहराले उक्त सम्झौतामा हस्ताक्षर गरेका हुन्। सम्झौताअनुसार क्यापिटलले रोड टु आइपिओअन्तर्गत शिवशंकर इन्भेस्टमेन्टको प्रारम्भिक सार्वजनिक प्रस्ताव (आइपिओ)तर्फ लैजाने सबै सम्भावनाको निरीक्षण र मूल्यांकन गर्नेछ। शिवशंकर इन्भेस्टमेन्ट मुख्यतया जलविद्युत्, पूर्वाधार क्षेत्र र अन्य उत्पादनशील क्षेत्रहरूमा लगानीको व्यापक स्पेक्ट्रमकेन्द्रित लगानी गर्ने कम्पनी हो।

नेपाल लाइफद्वारा ०८१ को क्यालेन्डर सार्वजनिक

काठमाडौं/ नेपाल लाइफ इन्स्योरेन्सले ०८१ सालको क्यालेन्डर सार्वजनिक गरेको छ। कम्पनीको केन्द्रीय कार्यालय कमलादीमा आयोजित कार्यक्रममा प्रमुख कार्यकारी अधिकृत प्रवीणरमण पराजुलीले क्यालेन्डर अनावरण गरेका छन्। बिदाको सूची, पर्व, दिवस, पञ्चांग तिथि, तारिख समावेश गरी क्यालेन्डर सार्वजनिक गरिएको हो। कम्पनीको ०८० पुस मसान्तसम्म लगानी १८७.२८ अर्ब रुपैयाँ रहेको छ भने जीवन बिमाकोष १८३.६५ अर्ब र सेयरधनी कोष १० अर्ब ३३ करोडभन्दा बढी रहेको छ। यसका साथसाथै कम्पनीले हालसम्म २४४.२९ अर्ब रुपैयाँ बिमा शुल्क आर्जन गरेको छ।

नयाँ गठबन्धनप्रति नेपाल किन असन्तुष्ट ?

आफूलाई थाहै नदिई प्रचण्ड र ओलीले नयाँ गठबन्धन बनाएपछि सार्वजनिक रूपमै निरन्तर असन्तुष्टि जनाइरहेका नेपाल दुवै नेतामाथि दबाब बनाएर समझदारी कार्यान्वयनका लागि बाध्य पार्ने रणनीतिमा, कांग्रेससँग सुमुधर सम्बन्ध राखेर सम्भावित नयाँ समीकरणको ढोका पनि खुला

प्रेम गौतम/नयाँ पत्रिका

माधवकुमार नेपाल नेतृत्वको एकीकृत समाजवादी नयाँ सत्तागठबन्धनमा जोडिएर सरकारमा समेत सहभागी भइसकेको छ। तर, अध्यक्ष नेपाल गठबन्धनप्रति विश्वस्त भइरहेका छैनन्। नयाँ सत्ता समीकरणको सुरुवातमा थाहा नदिएको भन्दै नेपालले निरन्तर असन्तुष्टि जनाउँदै आएका छन्। र, उनले गठबन्धनको भविष्यलाई लिएरसमेत प्रश्न उठाउँदै आएका छन्।

गठबन्धनको एक साझेदार दल भए पनि प्रचण्डले जानकारी नै नदिई नयाँ समीकरण बनाएकोमा नेपाल रुष्ट छन्। 'यो गठबन्धन र यसमा सामेल दलहरू कहिलेसम्म रहिरहन्छन् भन्ने गम्भीर प्रश्न खडा भएको छ। रातारात गठबन्धन परिवर्तन गर्ने आवश्यकता किन पऱ्यो ? नेपालको राजनीतिमा एकीकृत समाजवादी पार्टीको कुनै औचित्य छ कि छैन ? कुनै भूमिका, महत्त्व छ कि छैन ?' काभ्रेमा पार्टीको जिल्ला अधिवेशनमा शनिबार नेपालले भने।

२१ फागुनमा सुरुमा चार दलीय नयाँ गठबन्धन निर्माणयता नै प्रायः प्रत्येक कार्यक्रममा नयाँ समीकरणप्रति नेपालले शंका गर्दै आएका छन्। एकीकृत समाजवादीबाट हाल सरकारमा दुई मन्त्री छन्। २१ फागुनमा चार दलका समीकरण बने पनि एकीकृत समाजवादी २९ फागुनमा मात्र समीकरणमा जोडिएको हो।

शुक्रबार मात्रै नेपालले नयाँ गठबन्धनप्रति विश्वास र शंका दुवै रहेकाले अहिले शंकाको लाभ दिने पक्षमा आफ्नो पार्टी उभिने बताएका थिए। 'हामीले ब्लाइन्ड सपोर्ट गर्ने पनि होइन, ब्लाइन्ड विरोध गर्ने पनि होइन, बेनिफिट अफ डाउट दिएर अघि बढ्नुपर्छ,' पार्टीनिकट महिलाहरूको भेला तथा प्रशिक्षणलाई शुक्रबार सम्बोधन गर्दै नेपालले भने, 'नयाँ समीकरण स्वीकार्य छ। तर, जालझेल र षड्यन्त्र भने स्वीकार्य हुँदैन। हामीलाई कुनै पद ओगटेर बस्नु छैन। प्रधानमन्त्री, पार्टी अध्यक्ष पनि चाहिएको होइन, देशको प्रगति र परिवर्तन चाहिएको हो।'

आखिर नेपाल किन नयाँ समीकरणप्रति विश्वस्त छैनन् ? प्रधानमन्त्री प्रचण्ड र एमाले अध्यक्ष ओलीको विगतको कार्यशैलीले नेपाललाई झस्काएको एकीकृत समाजवादीका उपमहासचिव जगन्नाथ खतिवडाको दाबी छ। 'नयाँ गठबन्धनप्रति विश्वसनीय वातावरण अझै बनिनसकेको अवस्था छ। त्यसैले सहकार्य गर्दागर्दै पनि हिजोको व्यवहारले झस्काउने ठाउँ छ। त्यही कारण अध्यक्षको अभिव्यक्ति आएको हुन सक्छ,' उनले भने।

एकीकृत समाजवादीका प्रमुख सचेतक मेटमणि चौधरीले ओली र प्रचण्डमा धोका दिने प्रवृत्ति भएकाले विश्वासको वातावरण बन्न नसकेको बताए। 'ओली र प्रचण्डले हिजोका दिनमा थुप्रै सहमति गरेर धोका दिनुभयो। भोलिको दिनमा पनि धोका हुँदैन भन्ने ग्यारेन्टी छैन,' उनले भने।


एकीकृत समाजवादी काभ्रे जिल्ला कमिटीको १०औँ जिल्ला अधिवेशन उद्घाटन समारोहलाई शनिबार बनेपामा सम्बोधन गर्दै अध्यक्ष माधव नेपाल। तस्बिर : रासस

नयाँ गठबन्धनमा सहभागी हुने कि नहुने भन्नेमा एकीकृत समाजवादीको सचिवालय बैठक विभाजित भएको थियो। सम्मानित नेता झलनाथ खनाल र महासचिव घनश्याम भुसाल वाम एकताका लागि अपरिहार्य भन्दै तत्काल नयाँ गठबन्धनमा सहभागी हुनुपर्ने पक्षमा थिए। उपमहासचिव जगन्नाथ खतिवडासहित नेता यो समीकरणमा सहभागी हुन नहुने पक्षमा थिए।

अध्यक्ष नेपालले भने ओली र प्रचण्डले घरमै आएर सहकार्यको प्रस्ताव गरेकाले सजिलो भएको बताएका थिए। यद्यपि, नयाँ गठबन्धनलाई रास्वपाले धोका दिने डरले ओली र प्रचण्ड नेपाललाई फकाउन कोटेश्वर पुगेको एकीकृत समाजवादीका नेताहरू दाबी गर्छन्। कांग्रेस सभापति शेरबहादुर देउवा पनि वैकल्पिक गठबन्धन बनाउन भन्दै नेपालनिवास कोटेश्वर पुगेका थिए।

एकातिर गठबन्धनप्रति असन्तुष्ट नेपाल कांग्रेसलाई नचिढ्याउने रणनीतिमा छन्। 'भोलि फेरि मिलेर जानुपर्ने हुन सक्छ। त्यसैले कांग्रेसको विरोध गरिहाल्ने स्थिति छैन,' सरकारमा सहभागी भइसकेपछि गत २६ फागुनमा अनेमसंघ समाजवादीले आयोजना गरेको कार्यक्रममा नेपालले भनेका थिए।

शनिबार रौतहट-काठमाडौं सम्पर्क मञ्चले आयोजना गरेको कार्यक्रममा नेपालले सबै मिलेर अगाडि बढ्नुपर्नेमा जोड दिए। 'जो संविधानको पक्षपोषण र गणतन्त्रको रक्षाको भूमिका खेल्न सक्दछ, त्यसलाई शत्रु घोषणा गर्ने कुरा कुनै हालतमा उचित हुँदैन। विचारमा द्वन्द्व चल्छ, कांग्रेससँग पनि प्रतिस्पर्धा हुन्छ। कांग्रेसविरुद्ध संघर्ष पनि हुन्छ,' उनको भनाइ थियो, 'तर, कहिलेकाहीँ सहकार्य पनि हुन्छ। संघर्ष र सहकार्यको कुरा बुझ्न सकिएन भने सम्बन्ध अगाडि बढाउन सकिँदैन। हामीले धेरैभन्दा धेरै मित्र बनाउने हो, थोरै शत्रु किटान गर्ने हो।'

ओली र प्रचण्डको व्यवहारप्रति नेपाल विश्वस्त भइसकेका छैनन्। 'ओली र प्रचण्डप्रतिको शंकाभाव धेरै भयो। रास्वपाले धोका दिने डरले मात्रै ओली र प्रचण्ड कोटेश्वर आएका हुन्। नेताहरूबीच अविश्वास अझै छ,' एकीकृत समाजवादीका एक पदाधिकारीले भने, 'विश्वसनीय वातावरण अझै बनिनसकेको, सहकार्य गर्दागर्दै पनि हिजोको व्यवहारले झस्काउँछ नै। ओलीले विगतमा धेरै सहमति गरेर धोका दिएका छन्। प्रचण्डले पनि धोका दिएकै छन्।'

कांग्रेससहितको अघिल्लो गठबन्धनमा प्रचण्डपछि नेपाल प्रधानमन्त्री बन्ने सहमति थियो। एकीकृत समाजवादीका उपाध्यक्ष राजेन्द्र पाण्डे तीन नेताबीच लिखित सहमति रहेको दाबी गर्छन्। सहमतिअनुसार अबको केही महिनापछि प्रधानमन्त्री बन्ने पालो नेपालको थियो। त्यसपछि चुनावी सरकारको नेतृत्व कांग्रेस सभापति शेरबहादुर देउवाले सहमति थियो।

तर, नेपाल थाहै नदिई नयाँ समीकरण बनाएपछि प्रचण्डप्रति नेपाल असन्तुष्ट छन्। प्रचण्डले अघिल्लो वर्षको १० पुसमा पनि नेपाललाई थाहै नदिई एमालेसहितको गठबन्धन बनाएका थिए। त्यतिवेला एकीकृत समाजवादीलाई सरकारमा सहभागी हुन प्रस्तावसमेत गरिएको थिएन। ओलीले एमाले र नेकपा कालमा धेरै सहमति गरेर धोका दिएको नेपालको मानसपटलमा ताजै छ।

'प्रधानमन्त्री प्रचण्डसँग ४० वर्षदेखिको सम्बन्ध रहेको छ। संकटको वेलामा पनि हामी साथी थियौँ। केपी ओलीसँग पनि ५० वर्षदेखि सम्बन्ध रहिआएको हो। अब पुराना कुरा बिर्सौँ, नयाँ ढंगले अगाडि बढौँ भनेर हामीलाई प्रस्ताव राखिसकेपछि देशमा स्थिरता कायम गर्ने, फेरि बीचमै देश चुनावमा नजाओस् भन्ने कुरामा हाम्रो ध्यान जानुपर्ने भएकाले नयाँ गठबन्धन, नयाँ सहकार्यलाई स्वीकार गरेर अगाडि बढिरहेका छौँ,' नेपालले शनिबार काभ्रेमा आयोजित कार्यक्रममा भने।

ओली, प्रचण्ड र नेपालबीच प्रधानमन्त्री आलोपालोको भद्र सहमति भएको कतिपयको दाबी छ। लिखित सहमतिसमेत कार्यान्वयन नभएको अवस्थामा भद्र सहमति कार्यान्वयन हुनेमा नेपाल आफैँ आश्वस्त छैनन्। 'हामीले पदलाई महत्त्व दिएनौँ। जसरी पनि प्रधानमन्त्री हुनुपर्छ भन्ने होइन। जसरी पनि देशमा विकास निर्माणको काम अगाडि बढ्नुपर्छ। त्यसका लागि परिवर्तनकारी शक्तिहरू, समाजवादी शक्तिहरू मिलेर अगाडि बढ्नुपर्छ भन्ने पक्षमा छौँ,' उनले भनेका छन्।

एकीकृत समाजवादीका नेताहरू ओली र प्रचण्डले नेपाललाई धेरैपटक धोका दिएको दाबी गर्छन्। प्रचण्डले पहिलो संविधान सभा निर्वाचनपछि नेपाललाई राष्ट्रपति बनाउने वचन दिएर धोका दिए। गत वर्षको १० पुसमा नेपाललाई थाहै नदिई पुरानो गठबन्धन तोडेर एमालेसहित नयाँ गठबन्धन गरेर दोस्रोपटक धोका थिए। अहिले फेरि सुइँकोसमेत नदिई नयाँ गठबन्धन गरेर धोका दिए। 'एउटै समाजवादी मोर्चामा रहेको अवस्थामा नेपाललाई थाहै नदिई नयाँ गठबन्धन गर्ने प्रचण्डले फेरि गठबन्धन तोड्दैनन् भन्ने के छ ?' चौधरीले भने।

ओलीले एमाले कालमा थुप्रै सहमति गरेर धोका दिएको एकीकृत समाजवादीका नेताहरूको दाबी छ। मिलेर जाने भनेरै ०७० को निर्वाचनपछि संसदीय दलको नेतामा ओलीलाई नेपालले नै समर्थन गरेका थिए। नेपालले ओलीलाई समर्थन गरेकोमा घनश्याम भुसालले असहमति नै जनाएका थिए। त्यसपछि पनि राजनीतिक नियुक्ति र नेता व्यवस्थापनमा ओलीले एकलौटी गरेर नेपाललाई धोका दिएको एकीकृत समाजवादीका नेताहरू बताउँछन्।

एकीकृत समाजवादी उपाध्यक्ष एवं संसदीय दलका उपनेता राजेन्द्र पाण्डेले प्रधानमन्त्रीलाई विश्वासको मत दिँदै गर्दा ओली र देउवा मिले तपाईंको हालत के हुन्छ भनेर प्रचण्डलाई चेतावनी दिएका थिए। प्रधानमन्त्री प्रचण्डले पाण्डेलाई जवाफ फर्काएका थिए, 'तपाईंहरूलाई गठबन्धनमा सहज छैन भने भन्दिए भइहाल्यो नि ! विगतको गठबन्धनभित्रका कचिंगलले आजित र हैरान पारेर यता आएको छु। फेरि त्यस्तै हुने हो भने त्यस्तै वातावरण बन्ला कि भन्ने चिन्ता भएको छ। आफ्नो नीति र मूल्य-मान्यताअनुसार देश र जनताको सेवा गर्न हामी सबै स्वतन्त्र छौँ। यहाँ कसैले दबाब दिएर हुने हो र ?'

शुल्क नतिरेको...

पृष्ठ १ बाट क्रमशः

उनलाई शुल्क नतिरेको भन्दै परीक्षा दिनबाट वञ्चित गरेको छ। कक्षा पाँचमा अध्ययनरत उनका भाइ फुर्वा शेर्पालाई पनि स्कुलले बुधबारदेखि नै विद्यालय प्रवेशमा रोक लगाएको छ।

नयाँ पत्रिकाको सम्पर्कमा आएका स्कुलका एकाउन्टेन्ट राजु श्रेष्ठले शुल्क नतिरेपछि सोफीको परीक्षा रोकिएको स्वीकार गरे। 'म स्कुलको प्रिन्सिपल होइन। उनीहरूको डिटेल जानकारी मलाई थाहा भएन। पढाउने म्यामहरूको भनाइअनुसार उनीहरूले शुल्क तिरेका छैनन्। सोही कारण परीक्षा दिन रोकिएको होला,' उनले भने।

सोफी र फुर्वाका बाबु कामी शेर्पाले भने दुवैको शुल्क चुक्ता भइसकेको र उनीहरूले आफूसँग थप एक लाख रुपैयाँ मागिरहेको बताए। सोही रकम तिर्न नसकेपछि स्कुलले छोरी सोफीलाई परीक्षा दिन रोक लगाएको र छोरा फुर्वालाई विद्यालय प्रवेश गर्न नदिएको दाबी गरे। 'मैले स्कुललाई उनीहरू आफैँले तयार गरेको मापदण्डभन्दा धेरै शुल्क बुझाएको छु। तर, उनीहरूले विभिन्न शीर्षकमा थप एक लाख रुपैयाँ माग गरेका छन्। थप रकम किन तिर्नु ? मैले रकम तिर्न इन्कार गरेँ। बदलामा उनीहरूले छोरीलाई एसइईको मुखमै परीक्षा दिनबाटै वञ्चित गराए। छोरालाई स्कुल प्रवेश गर्न दिएनन्। यसले मेरा स-साना छोराछोरीमा गम्भीर मानसिक असर परेको छ,' उनले भने।

कामी शेर्पाका अनुसार स्कुलले काठमाडौं महानगरपालिकामा बुझाएको शुल्क मापदण्डभन्दा आफूसँग धेरै रकम असुल गरेको बताए। महानगरपालिकामा स्कुलले पेस गरेको शुल्क तालिकाअनुसार कक्षा ९ र १० का लागि वर्ष दिनभित्र बुझाउनुपर्ने शुल्क दुई लाख ५० हजार तीन सय २५ रुपैयाँ निर्धारण गरिएको छ। कक्षा चार र पाँचका लागि वर्ष दिनको शुल्क एक लाख २३ हजार दुई सय ५० रुपैयाँ तोकिएको छ। उल्लेखित शुल्क मासिक पढाइ, वार्षिक, भर्ना, धरौटी, परीक्षा, कम्प्युटर, शैक्षिक भ्रमण, शैक्षिक सामग्री खरिदबापतको एकमुस्ट शुल्क हो।

तर, नयाँ पत्रिकालाई प्राप्त विवरणअनुसार कामी शेर्पाले छोरी सोफीका लागि कक्षा ९ र १० मा शुल्कबापत दुई लाख ५७ हजार नौ सय ९० रुपैयाँ बुझाएको देखिन्छ। जुन स्कुलले महानगरपालिकामा पेस गरेको शुल्क विवरणभन्दा सात हजार ६ सय ६५ रुपैयाँले धेरै छ। त्यस्तै, छोरा फुर्वाका लागि कक्षा चार र पाँचमा शुल्कबापत एक लाख ३८ हजार रुपैयाँ बुझाएको देखिन्छ। जुन महानगरपालिकामा पेस गरिएको शुल्क विवरणभन्दा १४ हजार सात सय ५० रुपैयाँले धेरै छ।

'मैले स्कुललाई उनीहरू आफैँले निर्धारण गरेको शुल्कभन्दा धेरै रकम बुझाएको छु। मसँग यसका सबै प्रमाण छन्। उनीहरूले दिएको रकम रिसिभ गरेको रसिद मसँग छ। उनीहरू मसँग अझै एक लाख रुपैयाँ मागिरहेका छन्। इमेलमार्फत विभिन्न धम्की दिइरहेका छन्। शुल्क नतिरेको भन्दै अबोध बालबालिकालाई विद्यालय प्रवेश गर्न रोक्नु कहाँसम्मको न्याय हो ?' शुल्कबापत विद्यालयमा बुझाएको रकमको विवरण देखाउँदै कामीले प्रश्न गरे।

काठमाडौं महानगरपालिकाले घटना सम्बन्धमा छानबिन भइरहेको जानकारी दिएको छ। महानगरपालिकाका मेयर बालेन्द्र साहका शिक्षा विभाग सचिवालय सल्लाहकार सस्मित पोखरेलले घटनाको सूचना महानगरपालिकामा पनि आएको र छानबिन भइरहेको बताए।

राष्ट्रिय सभा...

पृष्ठ १ बाट क्रमशः

२१ फागुनमा कांग्रेससँगको सहकार्य तोडेर माओवादीले एमालेसहितको गठबन्धन बनाएपछि ध्रुवीकरण बढेको छ। तल्लो सदन, राजनीतिक क्षेत्र तथा विभिन्न निकायमा समीकरण फेरबदलले परिस्थिति परिवर्तन भएका वेला माथिल्लो सदनमा भने दलहरू सहमतिमार्फत अगाडि बढ्ने निर्णयमा पुगेका छन्।

राष्ट्रिय सभामा एमाले दलका नेता देवेन्द्र दाहालले सभामा राष्ट्रिय सहमति कायम रहेको बताए। 'माथिल्लो सभामा दलहरू एकमत छन्, राष्ट्रिय सहमति छ,' उनले भने, 'आजको उम्मेदवारीले यसलाई निरन्तरता दिएको छ। सहमतिबाट सभाको गरिमा बढाउने हाम्रो प्रयास हो।'

विकास तथा सुशासन समिति सभापति उम्मेदवार पन्तले पनि पहिलेको सहमतिलाई निरन्तरता दिएर अगाडि बढेको बताइन्। 'राष्ट्रिय सभाका चारवटा समिति चार ठूला दलले बाँडेर लिने सहमति हो। १० फागुनमा एमाले र कांग्रेसले प्रतिनिधित्व गरेको समितिको सभापति पद रिक्त भयो,' उनले भने, 'रिक्त पदमा सहमतिअनुसार एमाले र कांग्रेसबाट उम्मेदवारी परेको हो। राष्ट्रिय सभा विशिष्ट सभा भएकाले सहमतिबाट चलाउनुपर्छ भन्ने सबैको स्पिरिट हो।'

किसानलाई आउने...

पृष्ठ १ बाट क्रमशः

किसानले नपाउने, दाता र परियोजनाका कर्मचारीले ठूलो रकम भोगचलन गर्ने प्रवृत्ति गलत भएको बताउँछन्। 'कृषिका परियोजनाहरूमा अनुदानका लागि जताबाट पैसा आउँछ, त्यतै जाने गरेको छ। यो विगतदेखिकै विकृति हो। पुरानो मोडलको बेथितिले अहिलेसम्म निरन्तरता पाइरहेको छ,' उनले भने, 'परियोजनाबाट लक्षित किसानले कति लाभ लिए, लिएनन् भन्ने कुराको अनुगमन नहुने, तर व्यवस्थापनका नाममा ठूलो रकम खर्चिने परिपाटीलाई सुधार्नु जरुरी छ। किसानका लागि उत्पादन क्षेत्रमा कम खर्च हुने पैसा देशले किन लिने भन्ने प्रश्न गर्ने वेला भइसक्यो। ५० प्रतिशत रकम पनि किसानले नपाउने, तर दाता र परियोजनाका कर्मचारीले ठूलो रकम भोगचलन गर्ने प्रवृत्तिलाई निरुत्साहित गर्न सरकारले यस्तो रकम स्वीकार नगर्ने प्रणालीको सुरुवात गर्नु जरुरी छ।'

आठ वर्ष सञ्चालन हुने परियोजनाले सुन्तला, जुनार, कागती, स्याउ, ओखर, किवी, एभोकाडो, पिकानट, मेकाडेमिया नट र कागजी बदामको विस्तारका लागि किसानलाई अनुदान उपलब्ध गराएर उत्पादन वृद्धिको लक्ष्य राखिएको छ। यो परियोजनाको कार्यान्वयनबाट १० जातका फलफूलको बगैँचा १० हजार हेक्टरमा विस्तार हुने र ३० हजार किसान लाभान्वित हुने लक्ष्य राखिएको छ। त्यस्तै, फलफूलको बगैँचा विस्तारमा सहभागी हुन नसक्ने १० हजार किसानलाई एक हजार हेक्टरमा तरकारी तथा रैथाने बाली फार्मको विकासमा अनुदान सहयोग गर्ने लक्ष्य राखिएको छ।

परियोजनामा कसको कति लगानी ?

आर्थिक वर्ष ०७९/८० देखि सुरु भएको परियोजनाको अवधि आठ वर्ष (आव ०८६-८७) सम्म राखिएको छ। यो अवधिसम्म नौ करोड ३४ लाख ५० हजार अमेरिकी डलर खर्च हुने गरी परियोजनालाई अघि बढाइएको छ। परियोजनामा सबैभन्दा धेरै एसियाली विकास बैंक (एडिबी)ले ६ करोड डलर सहुलियतपूर्ण ऋण लगानी गरेको छ भने एक करोड डलर अनुदान दिएको छ। विश्व कृषि तथा खाद्य सुरक्षा कार्यक्रमले ९० लाख डलर अनुदान उपलब्ध गराएको छ। परियोजनामा सरकारले एक करोड ४४ लाख ५० हजार डलर लगानी गरेको छ।

३४ जिल्लाका सय पालिकामा परियोजना सञ्चालन हुने

परियोजना मधेश र लुम्बिनीबाहेक पाँचवटा प्रदेशका ३४ जिल्लाका एक सय पालिकामा सञ्चालन हुनेछ। राष्ट्रिय फलफूल विकास केन्द्रका अनुसार कोशीका पाँचथर, तेह्रथुम, धनकुटा, भोजपुर, खोटाङ, ओखलढुंगा र सोलुखुम्बु गरी सात जिल्लाका २२ स्थानीय तहमा परियोजना सञ्चालन हुनेछ। त्यस्तै, बागमतीका नुवाकोट, सिन्धुपाल्चोक र धादिङका आठ स्थानीय तह तथा गण्डकीका गोरखा, लमजुङ, तनहुँ, कास्की, स्याङ्जा, पर्वत, मुस्ताङ, मनाङ, म्याग्दी र बागलुङ गरी १० जिल्लाका ३४ स्थानीय तहमा परियोजना कार्यान्वयन हुनेछ।

कर्णालीका रुकुम पश्चिम, सल्यान, जाजरकोट, दैलेख, कालीकोट, जुम्ला, मुगु, हुम्ला र डोल्पा गरी नौ जिल्लाका २० स्थानीय तह तथा सुदूरपश्चिमका अछाम, बाजुरा, बैतडी, बझाङ र दार्चुला गरी पाँच जिल्लाका १६ स्थानीय तहमा परियोजना लागू हुनेछ।

यो वर्ष भने धनकुटाको धनकुटा नगरपालिका, धादिङको गजुरी गाउँपालिका, कास्कीको पोखरा महानगरपालिका, पर्वतको जलजला गाउँपालिका, दैलेखको नारायण नगरपालिका र बैतडीको दशरथचन्द नगरपालिकामा कार्यक्रम सुरु गर्ने तयारी रहेको केन्द्रका कृषि अर्थविज्ञ सन्तोष पौडेलले जानकारी दिए। त्यसपछि आगामी आव ०८१/८२ मा ४८ पालिका र आव ०८२/८३ मा थप ४६ पालिकामा परियोजना लागू गर्ने केन्द्रले जनाएको छ।

■ यसरी खर्च हुँदै छ ससर्त अनुदानको ६३ करोड ७६ लाख रुपैयाँ

■ गोष्ठीमै अढाई करोड खर्च

प्रदेशबाट खर्च हुने गरी ससर्त विनियोजन भएको ६३ करोड ७६ लाखमध्ये दुई करोड ४१ लाख ९० हजार रुपैयाँ प्रदेश र स्थानीय तहमा गोष्ठी, तालिम, अभिमुखीकरण र अन्तर्क्रिया गर्नका लागि छुट्याइएको छ। पाँच प्रदेशको ३४ जिल्लामा रहेका सय स्थानीय तहमा रहेका किसानको गणना गरी सूचीकृत गर्ने उद्देश्यले किसान तहसम्म सूचना प्रवाहका लागि २७ लाख ५० हजार रुपैयाँ विनियोजन गरिएको छ।

प्रदेशमातहतको इकाइ कार्यालयबाट आयोजना कार्यान्वयनका लागि खटिने कृषि प्राविधिकलाई तालिम दिन ४२ लाख, आयोजना लागू भएको स्थानीय तहमा रहेका किसान अभिमुखीकरणका लागि ५४ लाख, आयोजना कार्यान्वयन हुने एक सय क्षेत्रका किसान समूह, सहजकर्ता, सामाजिक परिचालक तथा स्थानीय तहका कृषि प्राविधिकलाई अभिमुखीकरणका लागि २४ लाख विनियोजन भएको छ। त्यस्तै, जिल्लास्थित कृषि ज्ञान केन्द्र, कृषि कार्यालय, सरकारी फलफूल फार्म केन्द्रको समन्वयमा स्थानीय तहका किसानलाई फलफूल खेतीसम्बन्धी तीनदिने तालिमका लागि १८ लाख, प्रदेशस्तरीय आयोजना कार्यान्वयन समीक्षा समन्वय गोष्ठीका लागि २० लाख, विभिन्न सरोकारवाला निकायसँग आयोजनासम्बन्धी अन्तर्क्रियाका लागि ११ लाख विनियोजन गरिएको छ।

त्यस्तै, बिमा प्राधिकरणको समन्वयमा आयोजनाका किसान समूह, सहजकर्ता तथा आयोजना लागू भएको स्थानीय तहहरूमा कार्यरत प्राविधिकलाई कृषि, पशुपक्षी तथा जटीबुटी बिमा अभिकर्ता तालिमका लागि २५ लाख र विभिन्न कृषि समूह गठन तथा परिचालनका लागि २० लाख ४० हजार रुपैयाँ विनियोजन गरिएको छ।

■ अनुगमन भत्ताका लागि ३९ लाख

परियोजना कार्यान्वयन भएको क्षेत्रमा स्थानीय, जिल्ला, प्रदेश र संघका कर्मचारीको स्थलगत अनुगमन भत्ताका लागि ३९ लाख रुपैयाँ विनियोजन गरिएको छ। जिल्लास्थित कृषि ज्ञान केन्द्र तथा स्थानीय तहहरूबाट परियोजना कार्यान्वयनका लागि अनुगमन गर्न ३९ लाख रुपैयाँ विनियोजन गरिएको छ। कर्णाली प्रदेशको फलफूल फार्ममा अनुगमन गर्न सात लाख, कोशीमा ६ लाख, बागमती र सुदूरपश्चिममा समान तीन-तीन लाख र गण्डकीमा दुई लाख रुपैयाँ अनुगमन भत्ता राखिएको छ।

■ कर्मचारीको बैठकभत्ता, चिया र खाजाका लागि सवा करोड

आयोजनामा कार्यरत स्थानीय तहका प्राविधिक र जिल्ला, प्रदेश तथा केन्द्रका कर्मचारीलाई विभिन्न समयमा बस्ने बैठकको भत्ता, चिया र खाजाबापत एक करोड २६ लाख ९२ हजार विनियोजन गरिएको छ। स्थानीय तहको कृषि शाखा प्रमुख र दुई करारका प्राविधिक वेला-वेला बस्ने बैठकका लागि ३५ लाख १२ हजार रुपैयाँ विनियोजन गरिएको छ। त्यस्तै, परियोजनाको भैपरी आउने बैठक बस्नका लागि भत्ताबापत तीन लाख ८० हजार राखिएको छ।

परियोजनाको सबैभन्दा बलियो संरचना प्रदेशस्तरीय कमिटीलाई बनाइएको छ। प्रदेशको कृषि मन्त्रालयमातहत रहने कृषि विकास निर्देशनालयको प्रमुख यस परियोजनाको पनि प्रमुख रहने व्यवस्था छ। प्रदेशस्तरमा ११ कर्मचारी रहने व्यवस्था छ। यी कर्मचारीको प्रदेशस्तरमा बस्ने बैठकका लागि सात लाख ५० हजार रुपैयाँ भत्ता विनियोजन गरिएको छ।

त्यस्तै, प्रदेश र केन्द्रीय स्तरका उच्चस्तरीय कर्मचारीको संयुक्त बैठक बस्दा भत्ताबापत २५ लाख, विभिन्न सामग्री खरिदका लागि गठन गरिने खरिद समितिको बैठकका लागि सात लाख ५० हजार विनियोजन गरिएको छ। त्यस्तै, प्रदेशस्तरीय अनुदान व्यवस्थापन समितिको बैठकका लागि २१ लाख, मासिक बैठक तथा दैनिक चियापन शीर्षकमा १२ लाख र अनुदानका लागि किसानले पेस गरेको प्रस्तावको मूल्यांकनका लागि गठित मूल्यांकन समितिको बैठकका लागि १५ लाख विनियोजन गरिएको छ।

■ परामर्शमा साढे १३ करोड खर्च

कृषिका जुनसुकै परियोजनाको परामर्शमा ठूलो बजेट राखेर दुरुपयोग हुने गरेको छ। संघीय र प्रदेशस्तरबाट गरी कुल २३ करोड ५२ लाख रुपैयाँ कृषि परामर्शमा छुट्याइएको छ।

फलफूल रोप्ने क्षेत्र, फलफूलको बिरुवाको गुणस्तर, कामको प्रकृति र काम गर्ने प्रक्रियालगायत विषयमा राष्ट्रियस्तरका कृषि विज्ञहरूबाट परामर्श लिनका लागि पाँच प्रदेशमा मात्रै १३ करोड ५२ लाख ३६ हजार रुपैयाँ विनियोजन गरिएको छ। त्यस्तै, संघीय बजेटबाट थप १० करोड रुपैयाँ परामर्शका लागि विनियोजन गरिएको छ।

यति ठूलो रकम परामर्शमा राख्नु उचित नभएको अधिकारीहरू बताउँछन्। आयोजनाका लागि छुट्याइएको परामर्शको बजेटबाट किसानको आवेदन संकलन गर्ने, अनलाइनमा प्रशिष्ट गर्ने, प्रतिवेदनका रूपमा तयार गरी प्रादेशिक तथा केन्द्रीय कार्यालयमा पठाउनेदेखि बजेट खर्च भइसकेपछि दातृ निकायमा शोधभर्नाको रिपोर्ट पेस गर्नेसम्मका कामहरू पर्छन्।

आठवर्षे परियोजनामा प्रत्येक वर्ष परामर्शका लागि २०-३० करोड रुपैयाँ विनियोजन गर्न लागिएको छ। जुन आवश्यक नभएको कृषि मन्त्रालयका एक अधिकारी बताउँछन्। 'कृषिका परियोजनामा परामर्शका नाममा हुने खर्चलाई अब बिस्तारै नियन्त्रण गर्नु जरुरी छ,' ती अधिकारीले भने, 'कति बजेटको परियोजनामा अधिकतम कति रकमसम्म परामर्शका लागि खर्च गर्ने भन्ने मापदण्ड बनाइएन भने मनलाग्दी खर्च हुन्छ।'

तर, काष्ठफल परियोजना प्रमुख डा. शान्ति कार्कीले कामको डिजाइन, अनुदान वितरण, अनुगमनलगायतका क्षेत्रमा विज्ञको राय चाहिने भएकाले परामर्शमा बजेट खर्च हुने गरेको दाबी गरिन्। 'विज्ञको परामर्श नलिई आयोजनाका काम गर्न गाह्रो हुन्छ। त्यसैले तुलनात्मक रूपमा केही ठूलो बजेट परामर्श शीर्षकमा विनियोजन हुने गरेको छ,' उनले भनिन्। कार्कीका अनुसार परियोजनाका लागि कृषि विज्ञहरूलाई करार सेवामा लिएर परामर्शदाता नियुक्ति गरेबापत तलब, सुविधा दिइनेछ। त्यस्तै, केही परामर्शदाताबाट प्रतिवेदनसमेत लिएर काम गरिनेछ।

■ सवारीसाधनको इन्धन र मर्मतमा ६८ लाख खर्च

आयोजनाको प्रदेश, जिल्ला र स्थानीय तहमातहतका कर्मचारी चढ्ने कार र मोटरसाइकल-स्कुटरको इन्धन र मर्मतका लागि ६७ लाख ९७ हजार रुपैयाँ विनियोजन गरिएको छ। इन्धनका लागि ५२ लाख ९२ हजार रुपैयाँ र गत वर्ष तथा यो वर्ष किनिएका नयाँ सवारीसाधनको मर्मततर्फ समेत १५ लाख पाँच हजार रुपैयाँ विनियोजन गरिएको छ। कर्मचारीको कार्यालय आवातजावत र अनुगमन भ्रमणका वेला प्रयोग गर्ने सवारीसाधनमा इन्धन भर्ने र मर्तत गर्ने सुविधा हुन्छ।

■ किसानको बगैँचा भ्रमण गर्न ६३ लाख भत्ता

अनुदान पाएका किसानले लगाएको फलफूल बगैँचाको अध्ययन भ्रमणबापत प्रदेश र स्थानीय तहका कर्मचारीका लागि विभिन्न तीन शीर्षकमा ६३ लाख ६७ हजार रुपैयाँ विनियोजन गरिएको छ। बागवानी (फलफूल) क्षेत्र तथा नर्सरीहरूको संस्थागत क्षमता अभिवृद्धिका लागि कार्यक्रम कार्यान्वयन भ्रमण खर्चबापत २४ लाख ३१ हजार, विभिन्न सरकारी बागवानी केन्द्रमा कार्यरत कर्मचारीबीच अनुभव आदान-प्रदानका लागि भ्रमण खर्चबापत १५ लाख सात हजार र स्थानीयस्तरका आयोजना क्रियाकलाप कार्यान्वयनको भ्रमणका लागि २४ लाख २९ हजार विनियोजन गरिएको छ। यो रकम कर्मचारीलाई भत्ता, कार्यक्रमको खर्च, आवास तथा यातायातलगायतमा खर्च हुने गरी विनियोजन गरिएको छ। यसै शीर्षकअन्तर्गत कर्मचारीले पिकनिकसमेत गरेर बजेट खर्च गर्न सक्ने प्रावधान छ।

■ किसानलाई ३२ करोड अनुदान

नयाँ फलफूल खेती लगाउन तथा पुरानो बगैँचा विस्तार गर्न चाहने कृषक समूह, कृषि सहकारी तथा कृषि उद्यमीहरूका लागि प्रतिस्पर्धात्मक अनुदान कार्यक्रम सञ्चालनका लागि ३२ करोड ७४ हजार रुपैयाँ विनियोजन गरिएको छ। कोशीमा ६ करोड ४९ लाख ९९ हजार, बागमतीमा चार करोड ५० लाख १० हजार, गण्डकीमा आठ करोड ५० लाख २० हजार, कर्णालीमा ६ करोड र सुदूरपश्चिममा ६ करोड ५० लाख ४५ हजार रुपैयाँ विनियोजन गरिएको छ।

यो अनुदान रकमबाट ५० प्रतिशत छुटमा फलफूलका बिरुवा दिने, खाडल खन्ने, कुलो-नहरजस्ता साना सिँचाइका पूर्वाधार बनाउने, हाँगाहरू काट्नेलगायतका काममा किसानले रकम पाउँछन्। त्यस्तै, रोग, किरा व्यवस्थापन तथा ठूलो बगैँचाको हकमा साना बिरुवा हुर्काएबापत प्रतिबिरुवाका हिसाबले समेत अनुदान पाउनेछन्।

■ सरकारी फलफूल केन्द्रलाई १२ करोड अनुदान

सरकारी बागवानी केन्द्रमा हाइटेक नर्सरी बनाउन, कलसिङ घर निर्माण गर्न, वर्षाको पानी संकलन गर्ने पोखरी निर्माण, हेलस्टोन नेट, पानीको निकासका लागि नहर निर्माण, गरा सुधार तथा पालेघर निर्माणलगायतका पुँजीगत सुधारका काम गर्न १२ करोड २२ लाख रुपैयाँ विनियोजन गरिएको छ। कृषि तथा पशुपक्षी विकास मन्त्रालयमातहत सर्लाही, गुल्मी, मुस्ताङ, कीर्तिपुर र पाल्पामा मुख्य फार्म केन्द्रहरू छन्। यी र मातहतका अन्य साना फार्म केन्द्रको सुधारका लागि यति ठूलो बजेट विनियोजन गरिएको छ। ठूलो बजेट विनियोजन भए पनि फार्म केन्द्र सुधारका लागि भने स-साना काममा रकम खर्च हुनेछ।

■ कार्यालय सञ्चालनदेखि अतिथि सत्कारसम्मलाई ५४ लाख

स्थानीय तह र प्रदेश इकाइ कार्यालयको सञ्चालन सामग्रीका लागि २४ लाख ८४ हजार, कार्यालयको मेसिनरी औजार मर्मत तथा सञ्चालनका लागि सात लाख २० हजार, विभिन्न सूचना प्रकाशनका लागि १४ लाख र स्वदेशी तथा विदेशी अतिथि सत्कारका लागि आठ लाख ४० हजार गरेर मसलन्दतर्फ कुल ५४ लाख ४४ हजार रुपैयाँ विनियोजन गरिएको छ।

भावपूर्ण श्रद्धाञ्जली




जन्म : वि.सं. १९८४/८/८
स्वर्गारोहण: वि.सं. २०८०/११/१२

स्व. गोपाल बहादुर श्रेष्ठ

यस चन्द्रागिरि हिल्स लिमिटेडको संचालक सदस्य श्री दिलिप शेखर श्रेष्ठज्यूको बुबा भद्रपुर-७ झापा जिल्ला निवासी श्री गोपाल बहादुर श्रेष्ठको मिति २०८०/११/२२ गतेको दिन दुखद निधन भएकोमा हामी अत्यन्तै ममाहित एवम् स्तब्ध भएका छौँ।
दुखद निधन भएको १३औँ दिनको पुण्य तिथिमा दिवंगत आत्माको चीरशान्तिको कामना गर्दछौं र शोकसन्तप्त परिवारजनमा धैर्यधारण गर्ने शक्ति प्राप्त होस भनि हार्दिक समवेदना प्रकट गर्दछौँ।

हेमराज ढकाल
अध्यक्ष
एवम्
चन्द्रगिरि हिल्स परिवार
थानकोट, काठमाडौं

भावपूर्ण श्रद्धाञ्जली



जन्म: वि.सं. २०४७/०९/१४
स्वर्गारोहण: वि.सं. २०८०/११/२२

स्व. कल्पना गौतम

यस महासंघका कार्य समिति सदस्य एवं एसोसिएट सदस्य लुम्बिनी कन्स्ट्रक्शन प्रा.लि.का प्रबन्ध निर्देशक श्री उज्वल गौतमज्यूकी धर्मपत्नी **कल्पना गौतम**को उपचारको क्रममा अल्पायुमै स्वर्गारोहण भएको आज १३औँ दिनको पुण्यतिथिमा दिवंगत आत्माको चीरशान्तिको कामना सहित भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोक सन्तप्त परिवारमा गहिरो समवेदना प्रकट गर्दछौँ।

रवि सिंह
अध्यक्ष
एवं
नेपाल निर्माण व्यवसायी महासंघ परिवार
अनामनगर, काठमाडौं

आइतबार ४ चैत ०८० www.nayapatrikadaily.com नयाँ पत्रिका
का.जि.द.नं.१२८/०६३/६४, म.क्षे.हु.नि.द.न. १७/०६९/०७०

भलिबल च्याम्पियनसिप

आर्मी, पुलिस, कोशी र एभरेस्टको विजयी सुरुवात

महिलातर्फ एभरेस्ट भलिबल क्लबले सानदार सुरुवात गर्दा पुरुषतर्फ विभागीय टोलीको वर्चस्व

नयाँ पत्रिका

एनभिए महिला तथा पुरुष भलिबल च्याम्पियनसिपको पहिलो दिन विभागीय टोलीहरू त्रिभुवन आर्मी र नेपाल पुलिससँगै कोशी प्रदेश तथा एभरेष्ट क्लबले विजयी सुरुवात गरेका छन्। नेपाल भलिबल एसोसिएसनको आयोजनामा शनिबारबाट सुरु भएको प्रतियोगिताको पहिलो दिन चार खेल हुँदा पुरुषतर्फ आर्मी, पुलिस र कोशीले जितेका हुन्। महिलातर्फ एभरेष्ट भलिबल क्लब सानदार सुरुवात गरेको छ।

त्रिपुरेश्वरस्थित राष्ट्रिय खेलकुद परिषद्को कभर्डहलमा राष्ट्रिय टोलीका खेलाडीले भरिएको आर्मीले गण्डकी प्रदेशलाई ३-० को सोझो सेटमा हरायो। आर्मीले खेल २९-२७, २५-१९ र २५- १७ ले जित्दै तीन अंक जोड्यो। राष्ट्रिय टोलीका कप्तान मानबहादुर श्रेष्ठसहित हरि अधिकारी, धनबहादुर भट्ट क्षेत्री, दुर्गाबहादुर महतो, सम्राट भण्डारी, राजेन्द्र विष्ट र ईश्वर थापा सम्मिलित आर्मीलाई गण्डकीले पहिलो सेटमा दबाबमा राखे पनि बाँकी सेटमा कमजोर प्रदर्शन गऱ्यो। अनुभवी आर्मीका खेलाडीले प्रभावशाली प्रदर्शन गर्दै उद्घाटन खेल रोमाञ्चक बनाएका थिए।

अर्को खेलमा कोशीले ढोरपाटन क्लबलाई ३-१ को सेटमा हरायो। खेलको पहिलो सेट भने ढोरपाटनले २५-२३ ले जितेको थियो। तर, त्यसपछि पुनरागमन गर्दै कोशीले बाँकी तीन सेट २५-२०, २५-१८ र २५-१९ ले जित्दै तीन अंक हात पाऱ्यो। दुवै टोलीमा राष्ट्रिय टोलीका कुनै पनि खेलाडी थिएनन्।

पूर्व विजेता पुलिसले कर्णाली प्रदेशलाई ३-० को सोझो सेटमा हराउँदै तीन अंक जोड्यो। राष्ट्रिय टोलीबाट खेलिसकेका खेलाडीको साथ पाएको पुलिसले कर्णालीलाई २५-९, २५-१३ र २५-१३ ले हराएको हो। प्रतियोगितामा महिलातर्फ सात र पुरुषतर्फ १३ टोलीको सहभागी छन्। दुवै विधाका विजेता टोलीले पाँच लाख, दोस्रो हुने टोलीले दुई लाख र तेस्रो हुने टोलीले एक लाख २५ हजार रुपैयाँ प्राप्त गर्नेछन्। यसैगरी, विधागततर्फ उत्कृष्ट खेलाडी पनि पुरस्कृत हुनेछन्।



त्रिभुवन आर्मीविरुद्ध अंक जोडेपछि खुसियाली मनाउँदै गण्डकी प्रदेशका खेलाडी। तस्बिर सौजन्य : विशाल पन्त

एभरेस्टको सानदार सुरुवात

महिलातर्फ भएको एक मात्रै खेलमा एभरेस्ट भलिबल क्लबले सानदार सुरुवात गरेको छ। राष्ट्रिय भलिबल टोलीकी कप्तान अरुणा शाहीसँगै तीन भारतीय राष्ट्रिय टोलीका खेलाडीको साथ पाएको एभरेष्टले दिनको पहिलो खेलमा कर्णाली प्रदेशलाई ३-० को सोझो सेटमा हरायो। चार खेलाडीले सानदार प्रदर्शन गरेपछि एभरेष्टले एकतर्फी जित निकालेको हो।

एभरेष्ट पहिलो सेट २५-१२ ले जितेको थियो। दोस्रो सेट २५-७ र तेस्रो सेट २५-११ ले जित निकाल्दै तीन अंक जोडेको हो। अरुणासँगै भारतीय खेलाडी सूर्या थोटंगल, केपी अनुश्री र जिन्सी जोन्सनलाई एभरेस्टले अनुबन्ध गर्दै उपाधि दाबेदार रहेको संकेत गरेको छ। यसअघि विभागीय तीन टोली र न्यु डायमन्डले घरेलु भलिबलमा राज गर्दै आएका थिए। यसपटक एभरेष्टले आफू पनि बलियो रहेको संकेत गरेको छ।

अरुणा र भारतीय तीनै खेलाडीले १९औँ एसियाली खेलकुद प्रतियोगिता खेलेका थिए। एभरेष्ट प्रतियोगिताको समूह 'ए' मा छ। जहाँ साबिक विजेता नेपाल पुलिससँगै आर्मी पनि रहेको छ। समूहका दुई टोली मात्रै सेमिफाइनलमा पुग्ने हुँदा यो समूह निकै बलियो देखिन्छ। अर्को समूहमा विभागीय टोली सशस्त्र प्रहरी बलको न्यु डायमन्ड एकेडेमी र मधेश प्रदेश छन्।

मानव तस्कर गर्ने कोचलाई कारबाही गर्ने मन्त्रीको चेतावनी

प्रतियोगिताको उद्घाटन गर्दै युवा तथा खेलकुदमन्त्री विराजभक्त श्रेष्ठले मानवतस्कर गरिरहेका राष्ट्रिय कोचलाई कारबाहीको दायरामा ल्याउने घोषणा गरेका छन्। उद्घाटन सत्रमा बोल्दै नवनियुक्त मन्त्री श्रेष्ठले भने, 'खेलाडीको नाममा मानवतस्कर गरिरहेका कोच अब कारबाहीको दायरामा आउँछन्।'

उनले त्यस्ता प्रशिक्षकको नाम संकलन गरिरहेको र चाँडै कारबाही गर्ने प्रतिबद्धता गरे। मानवतस्करबाट प्रशिक्षकले २० देखि २२ लाखसम्म लिने गरेको पनि मन्त्री श्रेष्ठले दाबी गरेका छन्। 'त्यस्ता कोचको केही जानकारी संकलन पनि गरेका छौं। खेलाडी पठाउने भन्ने, तर २०-२२ लाख लिएर मान्छे पठाउनेको प्रारम्भिक नाम लिएको छु। तिनीहरू कारबाहीको दायरामा आउँछन्।'

मन्त्री श्रेष्ठले अन्तर्राष्ट्रिय खेल जगत्मा भलिबललेमेडल जितोस् भनेर कामना पनि गरे। साथै, उनले खेलाडीका लागि प्रशिक्षणमा रहँदा आवासका लागि पुल्चोकमा रहेको हालको मन्त्री क्वार्टरलाई मिलाउने बताए। उनले मन्त्रिपरिषद्को ग्रिन सिग्नलपछि त्यसले पूर्णता पाउने विश्वास गरे। 'खेलाडी साथीहरूका लागि आवासको समस्या भएकोमा अहिलेको मन्त्री क्वार्टरलाई खेलाडीका लागि आवसीय प्रशिक्षणको प्रारम्भिक छलफल सुरु भएको छ,' मन्त्री श्रेष्ठले भने, 'मन्त्रिपरिषद् र उच्च राजनीति नेतृत्वले यसमा ग्रिन सिग्नल दिनुभयो भने खेलाडीलाई आवासीय ट्रेनिङ सेन्टर हुनेछ।'

उनले खेल स्वच्छ हुनुपर्ने र खेलकुद क्षेत्रमा रहेको बेथिति अन्त्य गर्दै नेपाली झन्डा विदेशमा फहराउने बताए। यसअघि राष्ट्रिय खेलकुद परिषद् (राखेप)ले पुल्चोकको मन्त्री क्वार्टरलाई खेलाडी आवासका लागि प्रयोग गर्न प्रस्ताव गरेको थियो। सदस्यसचिव टंकलाल घिसिङले प्रशिक्षण दौरान होटेलमा बसोवास गर्दा ठूलो खर्च हुने हुँदा पुल्चोकस्थित मन्त्री क्वार्टरमा आवासीय प्रशिक्षण गर्ने घोषणा गरेका थिए। सरकारको नयाँ गठबन्धनसँगै श्रेष्ठ खेलकुद मन्त्रालय हाँक्न आएका हुन्। उनी आएसँगै राष्ट्रिय खेलुकद विकास ऐनलाई प्राथमिकतामा राखेका छन्। जसले खेलकुद क्षेत्रमा ठूलो हलचल मच्चाएको छ।

खेल संक्षेप

इशान कप फुटसल सुरु

काठमाडौं/ कर्मचारी खेलकुद प्रतिष्ठान नेपाल (इशान)को आयोजनामा आरबिबिएल-इशान कप तेस्रो फुटसल प्रतियोगिता शनिबारदेखि सुरु भएको छ। पहिलो दिन समूह चरणका २१ खेल सम्पन्न भएका छन्। त्यसमा १९ खेलको नतिजा निस्कियो भने दुई खेल बराबरीमा टुंगिएको थियो। नेपाल वायुसेवा निगम 'ए'ले नागरिक उड्डयन प्राधिकरणलाई १-०, नेपाल बैंक लिमिटेडले नेपाल विद्युत् प्राधिकरण 'ए'लाई ५-२, एभरेष्ट बैंक लिमिटेडले नेपाल टेलिभिजन (एटिभी)लाई ३-०, काठमाडौं उपत्यका खानेपानी लिमिटेड (केयुकेएल)ले एनएलजी इन्स्योरेन्सलाई ३-०, सिटिइभिटीले राष्ट्रिय वाणिज्य बैंकलाई २-०, नेपाल इन्भेष्टमेन्ट मेगा बैंकले जनक शिक्षा सामाग्री केन्द्रलाई ३-२, नेपाल आयल निगमले माछापुच्छ्रे बैंकलाई ४-३, कृषि विकास बैंक लिमिटेडले वायुसेवा निगम 'बी'लाई ५-०, वायुसेवा निगम 'ए'ले नागरिक लगानी कोषलाई १-०, एनएलजीले एनटिभीलाई ७-३ र केयुकेएलले एभरेष्टलाई २-० ले पराजित गरेका छन्।

अर्जुनले जिते सुनको बल

कास्की/ बाह्रखरी गल्फ एन्ड वियोन्ड अन्तर्गत कर्पोरेट गल्फको उपाधि अर्जुनकुमार कार्कीले जितेका छन्। कुल ३९ अंक जोडेका कार्कीले उपाधि सगै सुनको बल पुरस्कार पाए। प्रतियोगितामा विभिन्न नौ विधा गरि एक सय सात पुरुष र १० महिला गरी जम्मा एक सय १७ जना खेलाडीले प्रतिस्पर्धा गरेका थिए। ३७ अंक सहित लिलाजंग गुरुङ दोस्रो भएका छन्। कुल ३३ अंकसगै रमेश गुरुङले बेस्ट ग्रसको उपाधि हात पारेका हुन्। पाँच बर्डी प्रहार गरेका नोर्बु छिरिङ शेर्पाले मोस्ट बर्डीको उपाधि हात पारे। ३६ अंक ६० वर्षमाथिको उपाधि बलराम थापाले जितेका थिए। ३६ अंक सहित महिलातर्फको उपाधि सुस्मा सिंहले हात पार्दा ३० अंक सहित बालकासी गुरुङ दोस्रो भईन। क्लोजेस्ट टू द पिनको उपाधि संगम केसीले, ३२० यार्ड लामो ड्राइभ प्रहार गरेका बानचेन ढुन्डुपल लङ्गेस्ट ड्राइभको उपाधि जितेका थिए। विजेतालाई प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले पुरस्कृत गरेका थिए। दाहालले व्यवसायीले त्रसित हुनु पर्ने स्थितीको अन्त्य हुनुपर्ने बताएका छन्।

करााँते महासंघको साधारणसभा सम्पन्न

काठमाडौं/ नेपाल करााँते महासंघले आफ्नो वार्षिक साधारणसभा सम्पन्न गरेको छ। शुक्रबारदेखि मधेश प्रदेशको निजगढमा भएको साधारणसभामा नेपाल करााँते महासंघका पदाधिकारी तथा सदस्यहरू, विभिन्न सात प्रदेशका प्रतिनिधि, पर्यवेक्षकलगायतको सहभागिता थियो। महासचिव दावा गुरुङले ०७९ माघ १२ देखि ०८० साल चैत्रसम्मको प्रगति प्रतिवेदन प्रस्तुत गरेका थिए। महासंघको आर्थिक बर्ष ०८०/८१ को आय-व्ययसहित वार्षिक कार्यक्रममा भएको आर्थिक विवरण कोषाध्यक्ष किशोरप्रसाद भट्टराईले प्रस्तुत गरे। यसअघि राष्ट्रिय खेलकुद परिषद्का सदस्यसचिव टंकलाल घिसिङले कार्यक्रमको उद्घाटन गरे।

वाफ उपविजेता टोलीलाई समर्थकको १० लाख

काठमाडौं/ साउदी अरबमा डेढ दशकदेखि बस्दै आएका बुटवल उपमहानगरपालिका ११ का यमबहादुर गुरुङले वाफ महिला च्याम्पियनसिपको उपविजेता महिला राष्ट्रिय फुटबल टोलीलाई १० लाख रुपैयाँ प्रदान गरेका छन्। फागुन १६ गते भएको फाइनलमा नेपाल जोर्डनसँग पेनाल्टी सुटआउटमा पराजित भएको थियो। खेल हेर्न पुगेका गुरुङले खेलाडीको उच्च प्रदर्शनबाट प्रभावित भएकाले महिला टोलीलाई १० लाख रुपैयाँ प्रदान गरेको बताएका छन्। उनले अखिल नेपाल फुटबल संघ (एन्फा)की केन्द्रीय सदस्य पेमा डोल्मा लामालाई रकम उपलब्ध गराएका हुन्।

आर्मी कोशी प्रदेश टी-२० क्रिकेट च्याम्पियन

नयाँ पत्रिका

विभागीय टोली त्रिभुवन आर्मी क्लबले कोशी प्रदेश ट्रफी टी-२० राष्ट्रिय क्रिकेट प्रतियोगिताको उपाधि जितेको छ। विराटनगरस्थित वैजनाथपुर क्रिकेट रंगशालामा शनिबार कर्णाली प्रदेशमाथि नौ विकेटको सहज जित निकाल्दै आर्मीले उपाधि जितेको हो। विजेता आर्मीले पाँच लाख रुपैयाँसहित ट्रफी प्राप्त गऱ्यो। उपविजेता कर्णालीले तीन लाख रुपैयाँ जितेको हो।

कर्णालीले प्रस्तुत गरेको १११ रनको लक्ष्य आर्मीले १२.२ ओभरमा मात्र एक विकेट गुमाउँदै पूरा गगरेको हो। आर्मीका लागि त्रितराज दासले ३३ बलमा पाँच चौका र दुई छक्काको मद्दतमा अविजित ५० रनको योगदान गरेका हुन्। इमरान शेखले अविजित ३८ र सन्तोष कार्कीले २१ रन बनाए।



कर्णालीका लागि एक मात्र विकेट दिनेश अधिकारीले लिएका हुन्।

त्यसअघि टस जितेर ब्याटिङ रोजेको कर्णालीले निर्धारित २० ओभरमा सबै विकेट गुमाउँदै एक सय १० रन बनाएको थियो। कर्णालीका कुनै पनि खेलाडीले ठूलो स्कोर बनाउन सकेनन्। लामो साझेदारीसमेत हुन सक्ने। विपिन रावलले सर्वाधिक २७ रन बनाए।

कप्तान रवीन्द्र शाही र मनीष थापाले समान २१ तथा दिनेश अधिकारीले १२ रन बनाएका हुन्। आर्मीका लागि त्रितराज दास, साहब आलम, सुमित श्रेष्ठ र बसिर अहमदले समान दुई तथा पवन कार्कीले एक विकेट लिए। मोरङ क्रिकेट संघको आयोजनामा चैत २२ गते सुरु भएको प्रतियोगितामा तीन विभागीय र सात प्रदेशका टिमले सहभागिता जनाएका थिए।

ग्रासरुट बलियो बनाउनुपर्छ : पूर्वअध्यक्ष शेर्पा

काठमाडौं/ अखिल नेपाल फुटबल संघ (एन्फा)का पूर्वअध्यक्ष कर्मा छिरिङ शेर्पाले फुटबलको मेरुदण्ड भनेकै ग्रासरुट कार्यक्रम रहेको र यसलाई बलियो बनाउनुपर्ने बताएका छन्। सिन्धुलीस्थित दुधौली नगरपालिका- ४ डकाहामा ग्रासरुट फुटबल कार्यक्रम सुरूवात गर्दै शेर्पाले ग्रासरुट फुटबलबाटै राष्ट्रियस्तरका खेलाडीहरू उत्पादन हुँदै आइरहेको बताउँदै यो कार्यक्रमलाई बलियो बनाउनुपर्ने बताए। 'हेर्दा यो कार्यक्रम सामान्यजस्तो लाग्छ। तर, हामीले ४८ जिल्लाका ६० स्थानमा ग्रासरुट फुटबल सुरू गर्दा धेरै महिला र पुरुष खेलाडी उत्पादन भएका छन्,' उनले भने,' घर बनाउँदा त्यसको जग बलियो बनाउँछौं त्यसरी नै फुटबलको पनि जग बलियो बनाउनुपर्छ। फुटबलको बलियो जग भनेकै ग्रासरुट हो। यसलाई बलियो बनाउनुपर्छ।'

आफ्नो चारवर्षे कार्यकालमा शेर्पाले एकैपटक एन्फा ४८ सदस्य जिल्लामा ग्रासरुट फुटबल कार्यक्रम सुरु गरेका थिए। गत असोजमा भएको निर्वाचनमा उनी वर्तमान अध्यक्ष पंकजविक्रम नेम्वाङसँग पराजित भएका थिए। कार्यक्रममा पूर्वकप्तान तथा एन्फा पूर्वउपाध्यक्ष उपेन्द्रमान सिंहसमेत सहभागी थिए।

बुढासुब्बा गोल्डकपको उपाधि एनआरटीलाई



धरानमा केदार बस्नेत

मोरङलाई २-१ ले हराउँदै न्युरोडसहिद स्मारक ए डिभिजन लिग क्लब न्युरोड टिम एनआरटीले २४औँ बुढासुब्बा गोल्डकप फुटबल प्रतियोगिताको उपाधि जितेको छ। शनिबार धरान रंगशालमा भएको फाइनल खेलमा मोरङ फुटबल संघलाई २-१ ले हराउँदै दोस्रोपटक उपाधि जितेको हो। यसअघि क्लब ०६४ सालमा पहिलोपटक च्याम्पियन भएको थियो। प्रतियोगितामा थ्री स्टार क्लब सर्वाधिक पाँचपटकको सफल टोली हो। यसपछि नेपाल पुलिस क्लबले चारपटक उपाधि जितेको हो। उपाधिसँगै एनआरटीले १० लाख रुपैयाँ हात पारेको छ। उपविजेता भएको मोरङले पाँच लाख पायो। फाइनल खेलको प्लेयर अफ दी म्याच एनआरटीका पदम भट्टराई घोषित भए।


एनआरटीको अग्रता

खेलमा अग्रता एनआरटीले बनायो। विदेशीसँगै नेपाल उमेरसमूहबाट खेलिसकेका खेलाडी समावेश गरेको एनआरटी खेलभर बलियो देखियो। आफिज ओलावाले ओलादिपोले खेलको सातौँ मिनेटमै गोल गरेका हुन्। मिडफिल्डर रोशन रानामगरले निकालेको पासमा ओलावालेले गोल गरेका हुन्। पहिलो हाफको अन्तिम मिनेटमा उमेश कार्कीले गोल गर्दै मोरङलाई खेलमा फर्काए। पहिलो हाफमा १-१ को बराबरीमा समाप्त भयो। खेलको ५१औँ मिनेटमा एनआरटीका सरोज तामाङले विजयी गोल गरेका हुन्। बाँकी समयमा कुनै गोल हुन सकेन र एनआरटी विजयी भएको हो।

सनम सर्वोत्कृष्ट खेलाडी

विजयी एनआरटीका खेलाडी सनम लिम्बू प्रतियोगिताको सर्वोत्कृष्ट खेलाडी घोषित भएका छन्। उनले जनही एक लाख रुपैयाँ प्राप्त गरे। विधागततर्फ पनि एनआरटीका खेलाडीकै बाहुल्य रह्यो। उत्कृष्ट रक्षक महेन्द्र कार्की, उत्कृष्ट स्ट्राइकर एनआरटीकै शिशिर लेखी, उत्कृष्ट मिडफिल्डर एनआरटीका जय गुरुङ, उत्कृष्ट गोलकिपर एनआरटीका पुजन होना र उत्कृष्ट प्रशिक्षक पनि एनआरटीकै जीवन सिन्केमान घोषित भएका थिए। उनीहरूलाई जनही नगद २५ हजार पुरस्कार प्राप्त गरे। प्रतियोगितामा दुई गोल गरेका एनआरटीका ओलावाले र सरोज तामाङसँगै मोरङका उमेश कार्की उच्च गोलकर्ता हुँदै नगद ३५ हजार प्राप्त गरेका छन्। धरान फुटबल क्लबको आयोजनामा फागुन २६ गतेदेखि सञ्चालन भएको प्रतियोगितामा दुई विदेशी टिमसहित नेपालका आठ टिमको सहभागिता थियो।





नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com